वर्ष : १५, अंक : ४७, काठमाडौं, २०७६ चैत ७ गते शुक्रबार, 20 March 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## प्रदेश २ मा पनि कोरोनाको त्रास

### ११५ आइसोलेशन वार्ड तयार, सीमामा सर्तकता र हेल्थ डेस्क

काठमाडौं। कोरोना भाइरसको संक्रममणबाट जोगाउन प्रदेश २ सरकारले तयारी थालेको छ। प्रदेश २ को स्वास्थ्य निर्देशनालयले कोरोना भाइरसको संक्रमणबाट जोगाउन प्रदेशभित्रका विभिन्न मेडिकल कलेज तथा अस्पतालमा ११५ आइसोलेशन वार्ड निर्माणका लागि काम अघि बढाएको छ। प्रदेश २ का स्वास्थ्य निर्देशनालयका उपनिर्देशक विजयकुमार झाले यसका लागि प्रदेश राजधानी जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा तीन, नारायणी उपक्षेत्रीय अस्पतालमा पाँच, क्षीरेश्वरनाथ नगरपालिकाको रमदैयास्थित जानकी मेडिकल कलेज एवम् शिक्षण अस्पतालमा ६० र वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा ५० आइसोलेशन वार्ड निर्माण गर्न काम अगाडि बढाएको जानकारी दिए। प्रदेश २ मा हालसम्म एक जनामा पनि कोरोनाको संक्रममण नदेखिएको भए पनि पूर्वसतर्कताका लागि त्यस्तो वार्ड स्थापना कार्य अगाडि बढाएको हो। यसैगरी कोरोनाको संक्रमण हुन नदिन सीमाक्षेत्रमा विशेष निगरानी बढाउने काम भएको छ। विभिन्न पालिकामा पनि हेल्थ डेक्स सञ्चालनको काम अगाडि बढाएको स्वास्थ्य निर्देशनालयले जनाएको छ। आइसोलेशन बेड तयार भएका अस्पतालहरूमा संक्रमितलाई उपचार गर्ने ड्रेस पीपीई र तापक्रम नाप्ने थर्मल गन समेत उपलब्ध छन्। जानकी मेडिकल शिक्षण अस्पताल, प्रादेशिक अस्पताल जनकपुर र नारायण उपक्षेत्रीय अस्पताल वीरगञ्जमा २-२ वटा पीपीई ड्रेस र १-१ थान थर्मल गन उपलब्ध गराइएको छ। नेश्नल मेडिकल शिक्षण अस्पताल वीरगञ्जलाई दुईवटा पीपीई ड्रेस मात्र उपलब्ध गराउन सकेको स्वास्थ्य निर्देशनालयले जनाएको छ। निर्देशनालयका अनुसार प्रदेश २ भित्रको नेपाल-भारत सीममा २३ ठाउँमा स्वास्थ्यकर्मीसहितको चेकपोष्ट डेस्क सञ्चालनमा छन्। प्रादेशिक अस्पताल जनकपुरमा कोरोना संक्रमितको उपचारको लागि वरिष्ठ चिकित्सक डा.कुल्दीप पण्डितको संयोजकत्वमा ५ सदस्यीय चिकित्सक टोली गठन पनि गरिएको छ। प्रदेश २ का कोरोना भाइरसको संक्रमण रोक्न पहिलो पटक माघ १९ गते प्रदेश २ भित्रका ११ वटै अस्पताल, आठ वटै जिल्लाका स्वास्थ्य कार्यालयको बैठक बसेको थियो। छलफलबाट पालिकाहरूसँग समन्वय गरी कोरोना भाइरसबाट बच्न सचेतना फैलाउने, ८ वटै जिल्लामा प्रदेशभित्रका नेपाल-भारत नाकामा हेल्प डेस्क राख्ने निर्णय गरिएको थियो। त्यस्तै फागुन २० गते प्रदेश २ का समाजिक विकास मन्त्री नवल किशोर साहको अध्यक्षतामा बैठक बसी कोरोना भाइरसको विषयमा छलफल गरी संक्रमण रोक्न अपनाइने सावधानी, सचेतना र संक्रमण देखिए उपचार गर्न चाहिने साधन श्रोतको व्यवस्थापन विषयमा छलफल भएको थियो। भारतमा कोरोनाको संक्रमण देखापरेको र खुला सिमाना भएका कारणले सीमाक्षेत्रमा निगरानी बढाउने काम भइरहेको अधिकारीहरूको भनाइ छ। त्यसैगरी कोरना भाइरसबाट सतर्कता अपनाउनका लागि नै सरकारी विद्यालयमा चैत ६ गतेसम्म वार्षिक परीक्षा सक्ने गरी परीक्षा शुरू भएको छ।

## कोरोनाबाट सतर्क रहन राजपाको आग्रह

काठमाडौं। राजपा नेपालले कोरोना भाइरसबाट बच्न सचेत र सतर्क रहन सर्वसाधारणलाई आग्रह गरेको छ। सो पार्टीले एक प्रेस विज्ञप्ति जारी गर्दै विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट सतर्क र सजग रहन आग्रह गर्दै त्यसका लागि चिकित्सक, स्वास्थ्यकर्मीहरूको सल्लाह अनुसरण गर्न अपिल गरेको छ। विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरसको उच्च जोखिममा नेपाल पनि रहेको छ, त्यसका लागि सतर्कता अपनाउनका लागि आग्रह गरेको छ। संकटको यस घडीमा संघ, प्रदेश सरकार र पालिकाहरूको लागि समेत चुनौती भएकाले सबै नागरिकहरू एकजुट भइ संकटको सामना गर्न राजपा नेपालले आग्रह गरेको छ। विद्यालय, बढी आवतजावत हुने स्थान, भिडभाड जस्ता कार्यक्रमहरूमा सचेतनाका साथ उपस्थित हुने र संघीय सरकारसँग निरन्तर समन्वय र सहकार्य गरी अगाडि बढ्न आग्रह गरेको छ। विश्वव्यापी संकटको अवस्थामा अस्पतालहरूमा संकटकालिन व्यवस्थापन र जनतामा जनचेतनाको लागि सही जानकारी सम्प्रेषित गरी अनावश्यक सन्त्रास फैलिन नदिन सचेत रहन पनि विज्ञप्तिमार्फत आग्रह गरिएको छ।

## साढे २ करोडका माननीय !



काठमाडौं। राष्ट्रिय सभा निर्वाचनमा राजपाबाट निर्वाचित शेखर कुमार सिंहले सांसद बन्न अढाई करोड रूपैयाँ घुस दिएको खुलासा भएको छ। केही मिडियामा सार्वजनिक भएको अडियो टेपमा प्रदेश २ बाट राजपा नेपालका उम्मेदवार बनेका सिंहले अढाई करोड रूपैयाँ बुझाएर सांसद बनेको खुलासा भएको हो। तर उनले कस्कसलाई घुस बुझाएको खुलेको छैन। तर राष्ट्रिय सभामा निर्वाचित हुनका लागि उनले ठूलै रकम खर्चिएका हुन। राष्ट्रिय सभा निर्वाचन माघ ९ गते भएको थियो। अडियो टेपमा सुरजीत सिंह र ज्योती झाबीचको संवाद रहेको छ। संवादमा सांसद सिंहले पार्टीलाई पैसा बुझाएको कुरा सुरजीत सिंह र झाले गरेका छन्। अढाई करोड बुझाएर राष्ट्रिय सभा सदस्य बनेका सांसद सिंह र सुरजीत सिंहको पारिवारिक विरादरी एउटै र उनीहरूबीच हाल तिक्ततापूर्ण सम्बन्ध रहेको बुझिन्छ। सांसद सिंहका लागि सप्तरीका पूर्व प्रमुख जिल्ला अधिकारी र पूर्व रक्षा सचिव तिलकराम शर्माले जोहो गरे थिए। सिंह सांसद बनेपछि आफूले दिएको पैसा नदिएको शर्माको दाबी छ। शर्माले सिंहलाई सापट खोजेर सांसदको उम्मेदवार बन्न अढाई करोड रूपैयाँ दिएको दाबी गरेका छन्। उक्त कुरा स्वयं शर्माले नै अडियो वार्तामा खुलेर बताएका छन्। पूर्व सचिव शर्माले पैसा फसेकोले पहल गरिदिन सिंहलाई आग्रह गरेका छन्। निर्वाचनमा सिंहले ५५०२ मत ल्याएर निर्वाचित भएका हुन।

# नाम र राजधानीमा तमासा

## शक्ति परीक्षणमा सबै दल असफल, नयाँ शिराबाट जानुपर्ने

**मधेशवाणी डेस्क**

काठमाडौं। प्रदेश २ को नामाकरण प्रदेशसभाबाट टुंगो लगाउने प्रयास असफल भएको छ। प्रदेशसभामा तीन दल र एक सांसदले राखेका कुनै पनि प्रस्तावमा दुई तिहाइ बहुमत नपुगेपछि नामाकरण टुंगो लाग्न नसकेको हो।

नामाकरण र स्थायी राजधानी तोक्न दलहरूबीच सहमति हुन नसकेपछि सभामुख सरोजकुमार यादवको संयोकत्वमा गठित नामाकरण तथा राजधानीसम्बन्धी अध्ययन विशेष समितिले मतदान प्रक्रियामा जान प्रदेशसभा बैठकमा प्रस्ताव गरेको थियो। त्यसै अनुरूप मतदानमार्फत राजधानी र नामाकरण टुंग्याउने प्रयास गरिएको थियो।

मतदान प्रक्रियाअनुसार नेकपाले प्रस्ताव गरेको प्रदेशको नाम 'जानकी' को पक्षमा ३७ मत, कांग्रेसले प्रस्ताव गरेको प्रदेशको नाम 'मिथिला भोजपुरा' को पक्षमा २८, कांग्रेसकै सांसद राजेश्वरप्रसाद साहले प्रस्ताव गरेको 'मध्य मधेश' को पक्षमा ४२ र राजपा तथा समाजवादी पार्टीले संयुक्त रूपमा प्रस्ताव गरेको 'मधेश प्रदेश' को पक्षमा ६० मत खसेको छ। प्रदेशसभामा कुनै पनि प्रस्तावका पक्षमा दुईतिहाइ बहुमत पुग्न ७२ सांसदको समर्थन चाहिन्छ। दुईतिहाइ नपुगेकाले सबै प्रस्ताव अस्वीकृत भएको हो।

प्रदेशसभामा कुनै दलसँग पनि दुईतिहाइ बहुमत नरहेकाले दलगत रूपमा तीन दल मिलेर मात्र नामाकरण हुनसक्ने स्थिति देखिएको छ। प्रदेशसभामा नेकपाका ३२, समाजवादीका ३०, राजपाका २५, कांग्रेसका १९ र नेपाल संघीय समाजवादी फोरमका १ सांसद छन्।

यो घटनाले प्रदेशसभामा दलहरूको अकर्मण्यता छर्लङ्ग भएको छ। कुनै पनि



दलको बहुमत नरहेको र राजपा-समाजवादीको पनि बहुमत नपुगिरहेको अवस्थामा यसरी मतदान प्रक्रियामा गएर पनि प्रस्तावहरू अस्वीकृत भएपछि जनतामा निराशा छाएको छ।

| नाम | |
|---|---|
| मधेश | पक्ष ६० र विपक्षी ४६ बदर १ |
| जानकी | पक्ष ३७ र विपक्ष ७० |
| मिथिला-भोजपुरा | पक्ष २८ र विपक्ष ७९ |
| मध्यमधेश | पक्ष ४२ र विपक्ष ६५ |
| **राजधानी** | |
| जनकपुर पक्षमा ५२ विपक्षमा ५२ बदर ३ | |
| वीरगन्जदेखि सिम्रौगढसम्म पक्ष ३७ विपक्ष ६९ गयल १ | |
| वीरगन्ज महानगरपालिका पक्ष ३३ विपक्ष ७४ | |

### धोकाको राजनीति

सत्तारूढ दल समाजवादी र राजपाका नेताहरू आफ्नो प्रस्तावमा कांग्रेसले सहयोग गर्नेमा विश्वस्त थिएरू। कांग्रेस र नेकपाका नेता प्रभु साहनिकटका केही सांसदहरूले पनि सत्तारूढ दललाई सहयोग गर्ने आश्वासन दिएका थिए। तर प्रदेश सभा बैठकअघि नेकपा र कांग्रेसले दलको बैठक राखेर पार्टी निर्णयभन्दा तलमाथि नगर्न निर्देशन दिए। पार्टीले कडाइ गरेपछि मध्यमधेश प्रदेशको प्रस्ताव गरेका सांसद पनि पार्टीकै एजेन्डामा सहमत भई मधेश प्रदेशको विपक्षमा मतदान गरेका हुन।

प्रदेशको नामकरणमा विपक्ष दलहरूले सहयोग नगरेपछि सत्तारूढ दल राजधानीसम्बन्धी आफ्नै प्रस्तावको विपक्षमा उभिएको छरू। राजधानीको सम्बन्धमा विपक्षी दल नेकपा संसदीय दलका नेता सत्यनारायण मण्डल, कांग्रेस संसदीय दलका नेता रामसरोज यादव र सत्तारूढ दलको तर्फबाट राजपा सांसद परमेश्वर साहले संयुक्त रूपमा प्रस्ताव पेस गरेका थिएरू। सत्ता पक्षले मधेश नामाकरण नभए राजधानी जनकपुरधाम समेत हुन नदिने मनसाय बनाएको केही सत्ता पक्षधर सांसदकै दाबी मधेश नाम स्वीकृत भए राजधानी पनि तोक्ने र नभए यो काम नगर्ने मनसाय सत्ता पक्षको थियो। त्यसैले नाम पारित नभएपछि राजधानी पनि पारित भएन। १ सय ७ जना प्रदेशसभा सदस्य रहेको प्रदेश २ मा संवैधानिक व्यवस्थाअनुसार दुईतिहाइ बहुमतको आवश्यकता पर्छ। तर यो प्रस्ताव मतदानबाटै अस्वीकृत भएपछि विपक्षी नेकपा र कांग्रेसका सांसदले राजनीतिक सहमति तोडेर बेइमानी गरेको भन्दै समाजवादी र राजपाका सांसदहरू आक्रोशित भएका थिए।

प्रदेश २ को स्थायी राजधानीका लागि चारवटै दलले संयुक्त रूपमा गरेको प्रस्तावसमेत अस्वीकृत भएको छरू। सत्तारूढ दल समाजवादी र राजपा तथा विपक्षी दल नेकपा र कांग्रेसले संयुक्त रूपमा जनकपुरसहित मिथिला माध्यमिकी परिक्रमा ढल्केवर पूर्वमा लोकमार्ग र दक्षिणमा भारतीय सिमानासँग जोडिएको क्षेत्रलाई राजधानीका रूपमा प्रस्ताव गरेका थिएरू। तर मतदानमा पक्षमा ५२ र विपक्षमा पनि ५२ मत परेको छ भने तीन मत बदर भएको छ।

राजधानी जनकपुरमा सत्तारूढ तथा विपक्षी सबै एकमत रहे पनि नामाकरण जुनसुकै हालतमा मधेश प्रदेश गर्नुपर्ने अडानका कारण 'बार्गेनिङ' गर्नकै लागि सत्तापक्षले तत्कालका लागि राजधानीसमबन्धी प्रस्ताव असफल बनाएको सत्तापक्षकै सांसदले बताउँदै आएका छन्। मधेश सत्तारूढ समाजवादी पार्टी र राजपाको राजनीतिक अजेन्डा रहेकाले यो नै सखाप हुने डरले सत्तापक्ष मधेश प्रदेश नाम राख्न खोजेको जनाइएको छ।

## उखु किसानहरूको आन्दोलन स्थगित

काठमाडौं। विश्वभरि महामारीको फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) का कारण उखु किसान संघर्ष समिति सर्लाहीको पूर्वघोषित आन्दोलनको कार्यक्रम स्थगित भएको छ। उखु किसान संघर्ष समितिले चैत ४ गतेदेखि माइतीघर मण्डलामा अनिश्चितकालीन रिले अनसन गर्ने कार्यक्रम सार्वजनिक गरेको थियो। सरकारले उखु किसानहरूको भुक्तानी दिने/गराउने लिखित समहमति गरेपनि पूरा नभएपछि पुन: काठमाडौंको माइतीघर मण्डलामा अनिश्चितकालीन रिले अनसन सुरू गर्ने कार्यक्रम स्थगित गरेर बैशाख ८ गतेदेखि गर्ने जनाएका छन्। कोरोना विश्वकै लागि चुनौती देखा परिरहेकोले त्यसलाई मध्यनजर गर्दै केही दिनका लागि आन्दोलनको कार्यक्रम स्थगित गर्नु परेको संघर्ष समितिका सचिव हरिराम रायले मधेशवाणीलाई बताएका छन्। यसअघि पनि उखु किसान संघर्ष समितिले अनिश्चितकालीन रिले अनसन गरेको थियो। गत पुस १८ गते संघीय सरकार र उखु किसान संघर्ष समितिबीच सहमति भएको थियो। सो सहमतिअनुसार माघ ७ गतेसम्म चिनी मिल मालिकहरू र सरकारले दिनुपर्ने अनुदान रकमसहित सम्पूर्ण बाँकी बक्यौता रकम भुक्तानी गराउने भनिएको थियो।



**समय सन्दर्भ**

संगीता रेग्मी



## गर्भमै रहेको महिला दिवसको सान्दर्भिकता

**मीठा-मीठा भाषण गरेर नारा र ठूला होटलको मिष्ठान्न भोजनमा महिलाका सवाललाई समाप्त गर्नुभन्दा पनि दिवसले वास्तविक शोषित, पीडित हिमाल, पहाड, मधेशका आम महिलाका आधारभूत सवालहरूमा के गऱ्यो, प्रश्न गम्भीर छ।**

'समानताको पुस्ता: अन्त्य गरौं हिंसा विभेद र असमानता' भन्ने नारासहित यो वर्ष मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ। नारी दिवस, महिला दिवस, छोरी दिवस, लैंगिक हिंसा विरूद्धको दिवस यस्ता विभिन्न दिवसहरू विभिन्न नारा दिएर हामीले वर्षौंदेखि मनाउँदै आएका छौं र अझ कति वर्षसम्म मनाउँछौं त्यसको अनुमान छैन।

विश्वको कुल जनसंख्याको आधाभन्दा बढी जनसंख्या रहेको महिलाको सवालमा विश्वस्तरमै चर्चा परिचर्चा हुने गरेको छ। संसारभरी नै विभिन्न कार्यक्रमहरू गरेर सामाजिक, आर्थिक र राजनीति लगायत विकासका अन्य धेरै आयामहरूमा महिलाहरूको सक्रिय सहभागिता र नेतृत्वको विषयमा प्रशंसा पनि गर्ने गरिन्छ।

'समानताको पुस्ता बलात्कार विरूद्ध ऐक्यबद्धता' नारा सहित नोभेम्बर २५ देखि डिसेम्बर १६ सम्म लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान पनि मनाएको छ। तर यस्ता अभियानहरूले महिलामाथि हुने हिंसा, कुटपिट, आगजनी, बालविवाह, अनमेल विवाह, बोक्सीको आरोप, बलात्कार, चेलिबेटी बेचविखन जस्ता दुर्व्यहार र अन्य शारिरीक तथा मानसिक हिंसाका घटनामा कत्तिको कमी आएको छ त्यतातिर ध्यान दिन आवश्यक छ।

हिमाल, पहाड र तराईका धेरैजसो महिलाहरू कुनै न कुनै रूपमा हिंसा भोग्न बाध्य भइरहेका छन्। केही महिला राजनीति, व्यवसाय वा अन्य क्षेत्रमा सफल भएपनि अधिकांश महिलाको अवस्थामा देशमा भएको राजनीतिक परिवर्तनले तात्विक फरकपन ल्याउन सकेको पाइदैंन। महिलाको शिक्षा, स्वास्थ्यको अवस्था, नेतृत्व तहमा महिलाको सहभागिता, निजामती सेवामा महिलाको उपस्थिति, अन्य गैरसरकारी क्षेत्रमा रोजगारीको अवसरमा महिलाको सहभागिता आदिलाई हेर्दा आधाभन्दा बढी जनसंख्या भएको महिला स्वतन्त्र रूपमा अगाडि बढ्न सकेका छन् भन्न सकिने अवस्था छैन।

समग्र नेपाली महिला भित्रपनि मधेशी महिलाको अवस्था अझ दयनीय छ। छोरीलाई विद्यालय पठाउनुपर्छ भन्ने धारणा अझ व्यापक हुन सकिरहेको छैन। प्रदेश २ सरकारले संचालन गरेको 'बेटी बचाउ, बेटी पढाउ' अभियानले केही प्रभाव पारेको भएपनि त्यो पनि देखावटी मात्र हुने हो कि भन्नेमा आशंका बढ्न थालेको छ। प्राथमिक तहको शिक्षा लिएपछि विद्यालय छाड्ने छात्राहरूको संख्या झण्डै ५० प्रतिशत रहेको छ, गरिबी, जिवीकोपार्जका लागि घरमै काम गर्नुपर्ने बाध्यता, छोरीले धेरै पढ्दा धेरै दाइजो (तिलक) दिनुपर्छ भन्ने पुरातनवादी सोचाई आदि कारणहरूले गर्दा पनि छात्राहरूले बीचमै पढाइ छाड्पर्ने बाध्यता रहँदै आएको छ। मधेशमा व्याप्त रहेको गरिबीका कारण पनि छोरीलाई उच्च शिक्षा दिन अभिभावकहरू असमर्थ रहेको तीतो यर्थाथ पनि छ।

एक साता अगाडि धनुषामा मोटरसाइकल दाइजो नपाएको भन्दै विवाह अस्वीकार गरेर केटापक्ष हिँडेको समाचारबाट पनि मधेशी समाजमा दाइजोको कतिसम्म प्रभाव छ बुझ्न सकिन्छ। दाइजोको निहुँमा मधेशी महिलाहरूले सबैभन्दा बढी घरेलु हिंसा भोग्ने गरेका छन्। आफ्नो आम्दानीको स्रोत नहुनु, हरेक आवश्यकताहरू पुरा गर्न श्रीमान्मा नै आश्रित हुनुपर्ने बाध्यताले पनि महिलाहरू कमजोर भई हिंसा सहेर बस्न बाध्य भइरहेका छन्। दाईजो पर्याप्त नल्याएको भन्दै आफ्नै श्रीमान्, सासु-ससुराले निर्घात् कुटपिट गर्नु, जिउँदै जलाउनु, घर निकाला गर्नु जस्ता बाहिर देखिने घटना हुन् भने भित्री रूपमा एउटी महिलाले कतिसम्म शारीरिक र मानसिक पीडा भोगिरहेकी हुन्छिन् त्यो अन्दाज मात्र गर्न सकिन्छ।

नेपालको संविधान २०७२ ले संविधानको भाग ३ को धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ। जसअन्तर्गत प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान वंशीय हक हुनेछ, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुनेछ, महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भन्ने व्यवस्था गरिएको छ तर व्यवहारमा यो संविधानको कुनैपनि बुँदाले प्रभाव पारेको भेटिंदैन।

बाँकी पृष्ठ ८ मा

## सम्पादकीय



# मदिराले नाश

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका १ र २, रमदैयाका २१ जनाको मृत्यु मदिरा सेवनले भएको छ । अझै केही सिकिस्त अवस्थामा रहेका छन् । । फागुन २९ गते होलीको रमाइलोमा मदिरा पिएका उनीहरूको मात लागेर ज्यान गएको छ । मदिरा सेवनले निधन भएकाका परिवारका सदस्यको आँखा ओभाएका छैनन् । मृतकका आफन्त रोइरहेका छन् । सम्झाउन पुगेकाहरूको पनि आँसु थामिएको छैन । प्रदेश २ गरिबीको चपेटामा छ । लोग्नेमानिस मदिराको कुलतमा लागेका कारण बालबालिका र महिला प्रताडित छन् । अभिभावकले कमाएको सबै रूपैयाँ जाँडरक्सीमा सकेपछि छोरीछोरीले न पढ्न पाएका छन् न खानलाउन नै ।

विषाक्त रक्सी उत्पादन गर्नेले गरिरहेको छ, बेच्नेले बेचिरेहको छ । भट्टी नष्ट गर्न प्रहरी प्रशासनले वास्ता गर्दैन । गरिब, दलित तथा विपन्न समुदाय बढी घरेलु मदिरा खान्छन् । दैनिक काम गर्नेहरू कडा परि श्रम गर्छन् । रक्सी पिएर मान्छेको मृत्यु हुने घटना स्थानीयका लागि सामान्य भइसकेको छ । मदिरामा मिथाइल अल्कोहल हुन्छ, जसले रगतमार्फत सेवनकर्ताको मस्तिष्क र आँखामा सोझै असर गर्छ । मदिराले शरीरका अंगमा क्यान्सर हुने, कलेजो सुन्निने, उच्च रक्तचाप र मष्तिस्क घातजस्ता समस्या ल्याउने गर्छ । डोम, चमार, पासवान, बातर, डाँगरलगायत गरिब तथा विपन्न समुदायका मानिसले घरेलु मदिरा सेवन गर्ने गरेको पाइन्छ । सस्तो र जहाँ पनि पाइने घरेलु मदिराले गरिबको उठिबास भएको छ । जनचेतना र मौजुदा कानुनको कडा कार्यान्वयन नै मदिरा र मदिरालयले निम्त्याउने विकृति नियन्त्रणका मुख्य दुई उपाय हुन भन्नेमा शंकै छैन । मदिरा सेवनले एकातिर आफ्नो ज्यान सिध्याउने काम भइरहेको छ भने अर्कोतिर हिंसालाई पनि बढावा दिइरहेको छ ।

**मदिरा सेवनले एकातिर आफ्नो ज्यान सिध्याउने काम भइरहेको छ भने अर्कोतिर हिंसालाई पनि बढावा दिइरहेको छ ।**

समाजको अमनचयन बिथोल्नेदेखि घरेलु हिंसाको पारो बढाउनसमेत मदिरोन्मत्तहरूको सक्रिय भूमिका रहेकामा शंका छैन । कम्तीमा पनि स्थानीय प्रशासनले गाउँठाउँ भ्रमण गरेर चेतावनी दिने, कानुनी प्रशिक्षण/जानकारी दिलाउने तथा नमानेमा कारबाहीमा जाने हो भने यस्ता विकृति स्वतः छिमोलिन्छन् । मदिरा सेवन गरेकै कारण धेरै व्यक्ति आपराधिक क्रियाकलापमा पनि संलग्न देखिन्छन् । उनीहरूलाई कारबाही गरेरमात्र यही कारण हुने विसंगति कदापि रोकिन्न । त्यसैले मदिरासँग जोडिएका विकृति, दुर्घटना न्यून पार्ने हो भने स्थानीय सरकार, स्थानीय प्रशासन र स्थानीय बासिन्दाको त्रिकोणात्मक समन्वय हुनैपर्छ । विश्व स्वास्थ्य संगठनका अनुसार पनि विश्वमा वार्षिक ३० लाखभन्दा बढीको मृत्यु यही कारण हुने गरेको छ ।जुन संख्या एड्स, हिंसा र सडक दुर्घटनाका कारण मृत्यु हुनेभन्दा बढी हो ।

मदिरा स्वास्थ्यका लागि कति घातक र कति उपयोगी भन्नेमा समाजमा आ-आफ्नै बुझाइ र भ्रम छन् । यसबारे समय-समयमा अनुसन्धान पनि भएका छन् । पछिल्ला विभिन्न अध्ययनले निश्चित परिमाणको मदिरा सेवनले मुटुलाई फाइदा गर्ने औंल्याएका थिए । तिनै अध्ययनका आधारमा कतिपय चिकित्सकले पनि पूर्ण रूपमा स्वस्थ व्यक्तिले 'थोरै मदिरा पिउँदा हुन्छ' भनेर सुझाउने गरेका थिए । तर, भर्खरैको एक नयाँ अध्ययनले मदिरा कुनै पनि हालतमा स्वास्थ्यका लागि उपयोगी नरहेको देखाएको छ । यसैले मदिराका असरबारे जनचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । यस्तै, विभिन्न भोजभतेर तथा भेलाहरूमा मदिरा सेवनलाई बन्देज लगाउनुपर्छ । मदिरा बिक्री तथा सेवन गर्न निश्चित ठाउँ तोक्दा मात्र पनि मदिरा सेवनलाई घटाउन सकिन्छ ।

## साताको सात बात



विश्वभर फैलिएको कोरोनाबाट विश्व अर्थतन्त्र नै आक्रान्त भइरहेको छ । नेपालमा पनि त्यसको प्रभाव पर्न सक्ने देखेर समस्या समाधान गर्न सरकार लागिपरेको छ । तत्काल राहतको माग गर्नुभन्दा पनि व्यवसायी र सरकार मिलेर कोरोनाविरूद्ध लड्नुपर्दछ । **ईश्वर पोखरेल, उपप्रधान तथा रक्षामन्त्री**



संघीयता कार्यान्वयन र कर्मचारी व्यवस्थापन गम्भीर विषय भएकाले यो विषयमा हतार गर्न जरूरी छैन । हतारहतारमा विद्येयक निर्माण गरेर अस्थीरता ल्याउने पक्षमा म छैन । कर्मचारीको मनोबल गिराएर राम्रो काम गर्न सकिदैंन । **हृदयेश त्रिपाठी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री**



अहिलेको अभाव साँच्चिकै अभाव नभएर उपभोक्ताले चाहिनेभन्दा बढी होल्डिङ गरेर समस्या आएको हो । सप्लाइमा समस्या नहुँदा पनि सहज रूपमा आमनागरिकले सहज ग्यास नपाएको अवस्था स्वीकार्य हुँदैन । व्यापारी तथा उद्योगीले सरकारको आग्रहलाई बेवास्ता गरेर हस्तक्षेपको स्थिती आउन सक्छ । **लेखराज भट्ट, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री**



संघ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय हुन नसके योजनामा हुने लगानी बालुवामा पानी जस्तै हुन्छ । भ्रष्टाचार नियनत्रण, आर्थिक अनुशासनलाई समातेर पञ्चवर्षीय योजनालाई कार्यान्वयनमा लैजानुपर्दछ । प्रदेशमा महिला, दलितलाई समावेशी विकासको अवधारणा अनुरूप विकासमा सहभागी गराउनुपर्छ । **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



प्रदेश प्रमुखहरू सबैको अधिकार र कर्तव्य संविधानले स्पष्ट पारेको छ । त्यसमा कसको कति अधिकार हो, कसले के गर्न पाउने के गर्न नपाउने भन्ने क्लियर छ । खासमा प्रदेश प्रमुख भनेको कार्यकारी पद होइन । सम्मानित पद मात्रै भएकाले उहाँहरूले राजनीतिक गतिविधि, चलखेल गर्ने काम हुँदैन । **डोरमणी पौडेल, मुख्यमन्त्री, बाग्मती प्रदेश**



पार्टीको १४ औं महाधिवेशनमा म सभापतिका लागि उम्मेद्वारी दिनेछु । सभापतिमा उम्मेद्वारी दिनका लागि मैले सबै तयारी पुरा गरिसकेको छु अब पछि हट्ने अवस्था छैन । महाधिवेशनको तयारीका लागि देशभरका नेता कार्यकर्तासँग साक्षात्कार गरिरहेको छु । मलाई धेरैको साथ छ । **डा. शेखर कोइराला, नेता, नेपाली कांग्रेस**



भारत सार्कजस्तै अरू क्षेत्रीय संगठनमा पनि छ । अहिले कोरोना महामारी फैलिएपछि भारतका प्रधानमन्त्री मोदीजीले के सम्झिएर सार्कलाई अलि बढी महत्व दिएको देखिन्छ । सार्कको अध्यक्ष राष्ट्र र सचिवालय समेत नेपालमै भएको नाताले पनि अरूको भन्दा हाम्रो भूमिका अलि बढी सकारात्मक हुनुपर्छ । **दीपकुमार उपाध्याय, पूर्वराजदूत**

# मधेशी जनअधिकार र प्रदेश २ सरकार

**विचार-विश्लेषण** भाग-६३



उपेन्द्र झा

नेपाल संघीय प्रणाली अन्तर्गत प्रादेशिक अधिकारको अभ्यासमा व्यस्त रहेको छ । मधेश पनि सानो आकार (८ जिल्ला) को सरकार बनाएर लर्निङ्ग अभ्यास गरिरहेको छ । अरूको कार्यक्षमताप्रति आलोचना गर्ने, बहस गर्ने तथा विरोधका कार्यक्रम गर्नेहरू जति सहज रूपमा प्रस्तुत हुन्थे, अहिले गुड गवर्नेन्सको भूमिकामा आईपुग्दा सर्वत्र आलोचनाका पात्र बनिरहेका छन् । सुशासनका व्याख्यान दिन महारत हाँसिल पात्रहरू लिखतबाहेक सुशासनको दर्शन पनि गराउन सकेका छैनन् जनतालाई ।

सन्दर्भ मधेश सरकारको हो । पूर्ण शुद्धता र स्वच्छताका साथ मधेशले आफ्नो सरकार बनाएको छ । राजपा र समाजवादी जस्ता लडाकू दस्ताले जनउत्तरदायी प्रादेशिक सरकार बनाउने अवसर पाएका छन् । जनअधिकार, मानव अधिकार, सामाजिक लोकतन्त्र, सामाजिक न्याय, समान अधिकारको प्रयोग, सुशासन, उत्पादनशीलता र विकासका अवधारणालाई घोषणा पत्र अनुसार प्रयोगमा ल्याउन अब न कुनै रोकतोक छ, न कुनै बाधा, व्यवधान । तर पनि उक्त कार्यको सफल कार्यान्वयन देखिएको छैन । सो कार्यमा अग्रसर सरकारी टीम गन्तव्य बिर्सेर दिग्भ्रमित हुने बाध्यता के हो ।

हुनत प्रादेशिक सरकारको अहिले अल्प अवधीमा उपरोक्त कार्यको लेखाजोखा गरिहाल्ने अवस्था छैन तर सरकारको कार्यप्रगतिको दिशातिर उन्मुख नभई विपरीत दिशातिर मोडिएको अवस्थाले चिन्ता बढाएको हो । सरकारको नीति, योजना तथा कार्यान्वयन पक्षमा देखिएका अनियमितताले सरकारलाई आलोच्य बनाएको छ । परिवारवाद, नातावाद, कृपावाद तथा धनवादका कतिपय उदाहरणहरू सतहमा उजागर हुँदै आएको कुराबाट सरकार दिशाहीन भएको त्यसै प्रष्ट हुन्छ । विकास निर्माणका कार्यदेखि हरेक योजना कार्यान्वयनमा निष्पक्षता नदर्शाई नाता, कुटुम्ब तथा कृपापात्रहरूलाई कमिशनको लोभमा कार्य वितरण गरेपछि कथनी र करणीमा कुनै तालमेल नरहेको जनगुनासो व्यापक रूपमा बढेको छ ।

सप्तरी जिल्लाको कुरा गर्दा जिल्ला भित्रका न.पा. तथा गा.पा. सबै आर्थिक अनियमितताका शिकार भई अख्तियारको अनुसन्धानको सूचीमा परेका छन् । यस्तै अवस्था अरू जिल्लाको छ । प्रदेश सरकार माग गरेर सुशासन देखाउनुको साटो आर्थिक अनियमिततामा कलंकित भई चरित्र बिगार्न तल्लिन रहेका राजनीतिक अगुवाहरूको विवेकहीनताको कारण के ? प्रदेश भित्रका सरकारी कर्मचारीहरू भ्रष्टचार मुद्दामा समातिएर एकातिर जेल जाने घटनाहरू छन् भने अर्कोतिर सरकारी कर्मचारीहरू सेवाग्राहीहरूसँग घुस नलिई काम नगर्ने आँटमा सर्वसाधरणलाई दुःख दिई रहेका छन् । भ्रष्टाचारमा समातिने डर पनि नरहेको कर्मचारीहरू कमिशनको माध्यमले सम्पूर्ण सिस्टमलाई निष्क्रिय तुल्याउँदा सर्वसाधारणले घुस नदिई सेवा पाठन मुस्किल रहेको अवस्थामा सुशासनको कुरा हास्याँस्पद नै लाग्छ ।

भ्रष्टचार फस्टाउनुको मुल स्रोत कर्मचारी र राजनीतिकर्मीको दरिद्र मानसिकता हो । जनताभन्दा व्यक्ति सम्पन्न हुने विचार नै दरिद्र मानसिकता हो । व्यक्ति सम्पन्न हुन चाहन्छ र आजीवन राजनीतिमा वर्चस्व बनाएर सत्तामा बस्न चाहन्छ । यही प्रवृतिले चुनावलाई महँगो बनाएर सर्वसाधारणको पहुँचभन्दा टाढा राखिदिएको छ । चुनावमा अधिक प्रतिस्पर्धी नआवोस् । यस्तो प्रवृतिले सुशासनको ढोका बन्द गरि सिङ्गै प्रणालीलाई भ्रष्टचारको बदनाम बजारमा बेचिदिन्छ । अहिले विशालकार्य संघीय सरकार होस् वा प्रादेशिक सरकार, सबै भ्रष्टचारको महामारीका शिकार बनेका छन् । केन्द्रका मन्त्रीहरू भ्रष्टचारमा मुछिएका छन् भने सभामुख जस्ता हस्ती जेल काटेर बाहिर आएका छन् । सयकडौं कर्मचारी र भू.पू. मन्त्रीहरू भ्रष्टचारका शिकार बनी जेल भोगिरहेका छन् र कतिपय जेल भोग्ने तयारीमा छन् ।

मधेशले सयकडौं सपूतहरूलाई बलिदान दिएर ल्याएको प्रादेशिक सरकार पनि जनअपेक्षाभन्दा आफ्नो स्वार्थपूर्तिमा लाग्छन् भने मधेशको लागि यो दुर्भाग्य नै सावित हुन्छ । निजी स्वार्थका लागि धन संग्रहले पुरै प्रणालीको अस्तित्वलाई बिगार्छ । सत्तामा रहेका केही स्वार्थी राजनीतिकर्मी जसले बलपूर्वक राजनीतिमा वर्चस्व कायम गरेको छ, नियतवश आफ्नो अस्तित्वलाई शास्वत् रूप दिन प्रणालीलाई आफ्नो प्रभावमा प्रयोग गरि बिगारेका हुन्छन् ।

भन्नका लागि अहिले "संघीय लोकतान्त्रिक गणतन्त्र" प्रणालीमा नेपाली शासन प्रवेश गरि अभ्यासरत छ । नेपाली जनताले संघीय प्रणाली, चुनावमा आधारित सरकार (लोकतन्त्र) आदिको उपभोग गरेतापनि यो प्रणाली सत्ताका केही वर्गको स्वार्थ पूर्तिको माध्यम बनेको छ । यसले जनताको धरातालीय समस्यालाई सम्बोधन गर्न सक्दैन । आम जनतालाई यो प्रणालीले सार्वभौम अधिकार दिएतापनि जनताले यसको भोग गर्न सक्दैन । राजनीतिमा वर्चस्व जमाएकाहरूले ल्याएको मँहगो चुनाव प्रणालीमा जनताका प्रतिनिधी सरकामा जान सक्दैन । स्वार्थी, भ्रष्टचारी, राजनीतिकर्मी, तस्कर, माफियाहरू मात्र सरकारमा प्रतिनिधित्व गर्छन । यो सरकार जनउत्तरदायी भनिने सरकार असलमा भ्रष्ट अखाडा हो जहाँ भ्रष्ट बनाउन तालिम दिईन्छ ।

केन्द्र सरकारले मधेशलाई २५० वर्षदेखि भेदभाव गर्दै आउँदा मधेशले प्रादेशिक सरकारको माग गऱ्यो । मधेशी जनता राज्यविहीनताको अवस्थामा काठमाडौं भन्दा शताब्दियौं पिछडिएको अवस्थामा छ । मधेशको दुरावस्था हटाउन भूमिकामा आएका क्रान्तिकारी युवाहरू सुशासनको अवधारणा अनुरूप सरकार चलाउन आफ्नो राजनीतिक कौशल देखाउनु पऱ्यो । भ्रष्ट हुँदै गई रहेको वा पारिएको आचरण सुधारको दिशामा अग्रसर हुनुपर्छ । प्रदेश नं. २ को सरकारसँग सिङ्गै मधेशको प्रतिष्ठा गाँसिएकोले मधेशको सिर निहुराउने काम यो सरकारबाट नहोस् ।

> केन्द्र सरकारले मधेशलाई २५० वर्षदेखि भेदभाव गर्दै आउँदा मधेशले प्रादेशिक सरकारको माग गऱ्यो । मधेशी जनता राज्यविहीनताको अवस्थामा काठमाडौं भन्दा शताब्दियौं पिछडिएको अवस्थामा छ ।

सरकारको नराम्रो, राम्रो कामको आलोचना हुन्छ नै भन्ने मान्यतालाई अगाडी सारेर नराम्रा कुराहरू अगाडी बढाउँदा नतिजा पनि नराम्रो नै आउँछ । गुड गवर्नेन्स, विकास, निर्माणका कार्यहरू उत्पादनशीलता, स्तरीय शिक्षा आदिले मात्र मधेशको जमिनी समस्यालाई हटाउन सक्छ । कुशासनमा सुविधा बाँडेर पनि उसको राम्रो नतिजा आउन सक्दैन ।

*janukjha24@gmail.com*

# कांग्रेस बिना मधेशको मुद्दा सम्बोधन हुन सक्दैन



डा.डीला संग्रौला

नेपाली कांग्रेस अहिले १४औं महाधिवेशनको संघारमा छ । महाधिवेशनको क्यालेन्डर पनि सार्वजनिक भइसकेको छ । त्यो क्यालेन्डरअनुसार कांग्रेसले तत्काल गर्नुपर्ने केही कार्यविधि पनि छन् । संघीयताको नयाँ विधानअनुसार आन्तरिक समायोजन तत्काल सक्नुपर्ने छ । त्यसैले नेपाली कांग्रेस आन्तरिक झगडाभन्दा पनि महाधिवेशनको तयारी भइरहेको छ । वरिष्ठ नेताहरूको पनि केही कुराहरू आएका छन् । त्यसकारणले अहिलेको आवश्यकता भनेको पार्टीलाई मिलाएर लैजानुपर्ने हो । अधिवेशनमा प्रतिस्पर्धा गर्नुपर्छ, पार्टीभित्रको झगडामा रूमलिरहनु अहिलेको आवश्यकता होइन । महाधिवेशनको मुखमा कांग्रेसभित्र देखिएको छैन । यो झगडाभन्दा पनि नेताहरूलाई महाधिवेशन लागेको हो । त्यसैले तोकिएकै मितिमा महाधिवेशन हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । रामचन्द्र पौडेल दाइको समूहका विमतिहरूलाई मिलाउने प्रयास भइरहेको छ । उहाँको के असन्तुष्टि हो, उहाँलाई कसरी मिलाउने त्यो कुराको जिम्मेवारी सभापतिले वहन गर्नुपर्छ ।

नेपाली कांग्रेसभित्र आन्तरिक विवादै होइन, महाधिवेशनले गर्दा नेतृत्वको प्रतिस्पर्धा छ । कांग्रेस आन्तरिक विवादमा फँसेर अन्य मुद्दाहरूलाई ओझेलमा पारेको पनि छैन । संसदभित्र पनि हामीले सशक्त भूमिका खेलिरहेका छौं । सदन र संगठनभित्र पनि कांग्रेसले आफ्नो भूमिका खेलिरहेको छ । सरकारका जनविरोधी क्रियाकलापहरूका विरूद्ध पनि कांग्रेसले कार्यक्रम लिएर जानुपर्छ । अहिलेको राष्ट्रका जल्दाबल्दा मुद्दालाई ध्यान दिनुको सट्टा आन्तरिक किचलोमा लाग्नु हुँदैन । अधिवेशन स्वाभाविक हो, यसलाई स्वाभाविक ढंगले नै अगाडि बढाउनुपर्छ ।

आन्तरिक विवादका कारण कांग्रेस कमजोर भएको छैन र हुन्न पनि । कांग्रेसलाई अहिले अधिवेशन लागेको हो । यस क्रममा विभिन्न किसिमका कुराहरू आउँछन् त्यसलाई स्वाभाविक नै लिनुपर्छ । कांग्रेसको विवाद ठूलो कुरा होइन, हरेक पार्टीभित्र महाअधिवेशनको बेला यस्ता कुराहरू आउँछन् । तर, यसलाई गालीगलौजभन्दा पनि स्वस्थ प्रतिस्पर्धा बनाऔं । समयमै अधिवेशन गर्नका लागि के-के प्रक्रिया पूरा गर्नुपर्छ, त्यो कुरामा सबैलाई ध्यान दिनुपर्छ ।

आन्तरिक विवादका कारण कांग्रेस समाप्त हुन लाग्यो भन्ने ठान्नु हुँदैन । महाधिवेशन लागेको सभापतिका उम्मेदवारहरूले आफू कसरी अगाडि जाने भन्नेतिर लागेका छन् । यसलाई प्रतिस्पर्धाको रूपमा लिनुपर्छ । हरेक पटक महाधिवेशनमा आउँदा यसैगरी विवाद जस्तो देखिन्छ । जब महाधिवेशनले नेतृत्व तय गर्छ त्यसपछि सबै विवादहरू साम्य भएर जान्छ । पार्टी सभापति शेरबहादुर देउवाले आफ्नो कार्यकाल लम्ब्याउन खोज्नुभयो भन्ने कुरा पनि सुनिन्छ तर त्यो मिथ्या हो । त्यस्तो केही होइन । महाअधिवेशन गर्नका लागि सभापति नै अगाडि बढिरहनुभएको छ । महाअधिवेशनकै तयारीस्वरूप आन्दोलन समायोजन र संगठन सुदृढ बनाउनेमा उहाँ जोड छ ।

कांग्रेसको नेतृत्वमा को आउँछ, भन्ने कुरा हामीले तोकेर प्रचार गर्ने कुरा होइन । केन्द्रीय महाधिवेशन आउन लगभग डेढ वर्ष बाँकी छ । तल्लो निकायदेखि अधिवेशन सुरू हुने क्यालेन्डर छ । त्यसकारणले को सभापति बन्छ को बन्दैन भन्ने कुरा अबको १४औं महाधिवेशन नै टुंगो लगाउँछ । यसको बारेमा अहिलेदेखि नै टिकाटिप्पणी गर्नु उचित होइन । कांग्रेस लोकतान्त्रिक पार्टी हो, साना विवाद उठ्छन् । जो पनि नेतृत्वमा आउँदा विवादहरू देखिएकै हुन्छ । लोकतान्त्रिक पार्टीको जीवन उदाहरण पनि हो । त्यसकारण विवाद उठ्ने बित्तिकै कांग्रेस विभाजन हुन्छ भन्ने खालको टिप्पणी ठिक होइन ।

हाम्रो १४औं महाधिवेशनको एजेन्डाहरू अहिलेसम्म तय भइसकेको छैन, तय गर्न बाँकी नै छ । अहिले आन्तरिकरूपमा देखा परेका समस्याहरू समाधान गर्न लागेको छ । अहिले महाधिवेशनको एक वर्ष बाँकी छ, त्यसको तयारीमा छौं । यस पटकको महाधिवेशनमा कांग्रेसले के-के रणनीति लिएर जाने भन्ने सवालमा केन्द्रीय समितिले तय गर्छ ।

कम्युनिष्टको सरकार नै छायाँमा परेको छ । सरकारले गर्ने एउटा पनि काम जनताले अनुभूति गर्न सकेका छैनन् । सरकारले जनताको चाहनाअनुसार काम गर्न नसकेकै कारण कांग्रेसले छायाँ सरकार बनाउनुपरेको हो । सरकारका नेतृत्वकर्ता नै रोगी भएकाले मुलुक नै रोगी भइसक्यो । सत्तारूढ दल नै रोगी भइसक्यो । जनताका समस्या ज्यूँका त्यूँ छन् । हामीले त खबरदारी गर्ने हो । सरकारको दुई वर्ष पूरा भइसक्यो तर केही पनि उपलब्धि हासिल गर्न सकेन । समृद्धि, विकास, सुशासन, जनताका आधारभूत आवश्यकता लगायत केही क्षेत्रमा सरकारले काम गर्न सकेन । जनताका आधारभुत आवश्यकता र जल्दाबल्दा समस्यालाई सरकारले सम्बोधन गर्न सकिरहेको छैन कुनै विषयमा सरकार सफल भएको छैन भने सरकारको टिप्पणी, आलोचना त जसले पनि गर्छ ।

भ्रष्टाचार कसरी, कहाँ कहाँ भइरहेको छ भनेर त नेपाली जनताले थाहा पाए नि । सिक्युरेटी प्रिन्टिङ प्रेसमा ७० करोडको केस बाहिरियो तर संचारमन्त्रीलाई फसाउन यस्तो प्रकरण बाहिर ल्याइयो भनेर प्रधानमन्त्री स्वयम्ले भन्नुहुन्छ । बाइडबडी खरिदमा पनि सत्यतथ्य छानबिन हुनुपऱ्यो भनेर हामी भनिरहेका छौं । तर सरकार सुन्ने पक्षमा छैन । एकपछि अर्को काण्डहरू बाहिर आइरहेको छ यस्ता प्रकरणबाट सरकार नै कमजोर हुँदै जाने निश्चित छ । कुन पार्टीको सरकार छ र को कारबाहीमा परे भन्ने महत्वपूर्ण होइन, यहाँ अख्तियारको भूमिका, सरकारको अहिलेको नीति पारदर्शी भएन भन्ने हाम्रो चिन्ताको विषय हो । भ्रष्टचार र सरकार एकअर्काको परिपूरक भएर मौलाइरहेको अवस्था छ ।

म प्रतिपक्षको रूपमा भन्दा पनि जनताको जनप्रतिनिधि भएर हेर्दा सरकारको दुई वर्षे उपलब्धी केही महसुश गरेकी छैन । सत्ता पक्षकै कतिपय नेता, कार्यकर्ताहरूले सरकारको आलोचना गरेको पनि सुनिने गरेको छ । सरकारले देखिने गरी कुनै राम्रो काम गरेको छैन विवादमा तानिने काम मात्र बढी भएको छ ।

हामी प्रतिपक्षमा छौं अहिलेको सरकारलाई काम गर्न दिनुहुँदैन भन्ने हाम्रो सोच कहिले पनि छैन । स्थिर र स्थायित्व दिन सक्ने सरकार निर्माण भएको छ यो समयमा राष्ट्र बन्नुपर्ने हो नि, नेपाली जनता सम्पन्न हुनुपर्ने हो, मुलुकको परिस्थिती परिवर्तन हुनुपऱ्यो, संघीयताको अनुभव जनताले महसुश गर्नुपऱ्यो । यस्तो बलियो सरकारले त काम गर्न सकेन भने कसले काम गर्न सक्ला भन्ने सबैको चिन्ताको विषय हो । झुटको खेती गरेर सस्तो लोकप्रियताको लागि राष्ट्रवादको नारा दिएर विकास हुँदैन त्यसको लागि त भिजन चाहिन्छ अहिलेको सरकारसँग कसरी अगाडि बढ्ने पाँच वर्षपछि देशलाई कस्तो बनाउने भन्ने भिजन नै छैन । असंग्लन परराष्ट्र नीति हामीले अंगाल्दै आएका छौं । कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपालको भूमि हो त्यहाँ भारतीय सेनाले कब्जा गरेको छ भन्ने सुनिन्छ । नेपालको माटो, नेपालको भूमि, नेपालको स्वाधिनता गुम्दै जाँदा पनि सरकारले केही गरेको पाइँदैन । सरकारको नीति बुझ्न हामीलाई पनि गाह्रो भएको छ उहाँहरूको पार्टीभित्र पनि आन्तरिक विवाद बढ्दै गएको छ । चीन र भारत जस्तो शक्तिशाली राष्ट्रको बिचमा रहेका हामीले एउटा स्पष्ट नीति लिएर अगाडि बढ्नुपर्ने हुन्छ । अहिले हाम्रो परराष्ट्र नीति असन्तुलित भएको छ ।

तराई-मधेश भनेको लोकतन्त्रको भूमि हो, कांग्रेसको भूमि हो । पछिल्लो समयमा मधेशमा विभिन्न मुद्दाहरू उठे, आन्दोलन भयो, त्यहाँबाट अनेक मधेशवादी दलहरूको जन्म भयो । यही विषयमा जातीयताका आधारमा पनि पार्टीहरू निर्माण भए । त्यहाँदेखि मधेशको भूमि कांग्रेसको भूमिबाट अल्लि टाढा टाढा हुँदै गयो । जब संविधान संशोधन हुनुपर्छ भन्ने मुद्दा आयो त्यसलाई कांग्रेसले नै अगाडि बढाएको हो । मधेशलाई हेर्ने दृष्टिकोण कांग्रेसको आज पनि स्पष्ट नै छ तर मधेशको नाममा राजनीति गर्ने दलहरूले बुझ्न सकेका छैनन् । संविधान संशोधनको मुद्दालाई लिएर मधेशवादी दल समाजवादी र राजपा नेपाल सरकारमा जाने फेरि बाहिरिने गरिरहेका छन् यो गलत छ । कांग्रेस बिना मधेशको मुद्दा सम्बोधन हुन सक्दैन ।

*(नेपाली कांग्रेसकी प्रतिनिधिसभा सदस्य डा. संग्रौलासँग गरिएको कुराकानीमा आधारित)*

# संस्थागत प्रयास नहुँदा नामाकरण असफल भयो

प्रदेश २ मा कम्युनिष्ट ३२ र कांग्रेस १९ जना छन् । कम्युनिष्ट र कांग्रेस मिलाएर हामी ५१ पुग्छौं । अहिले राजपा र समाजवादी मिलेर ५५ जना छन् । सत्तापक्षकै साथीहरूले भन्नुहुन्छ कि तपाइँहरू अविश्वासको प्रस्ताव ल्याउनुस् हामी फ्लोर क्रस गर्न तयार छौं । तर, हामी अहिले त्यो पक्षमा छैनौं ।



**रामचन्द्र मण्डल**

**प्रदेशसभा सदस्य, प्रदेश २, नेपाल कम्युनिष्ट पार्टी**

**० प्रदेश २ को नामाकरण र स्थायी राजधानीका लागि मतदान प्रक्रियाबाट पनि टुंगो लागेन, किन ?**
– प्रदेशको नामाकरण र राजधानीका लागि सरकारले जसरी आफ्नो पक्षबाट प्रस्ताव दर्ता गराउनुपर्ने थियो, त्यो गराउन सकेन । पार्टीगतरूपमा नामाकरणका लागि प्रस्तावहरू दर्ता भयो । राजधानीका लागि सुरूमा पार्टीगतरूपमै प्रस्ताव दर्ता भएको थियो तर पछि छलफल हुँदा सबै दलको संयुक्त प्रस्ताव आयो । तर, नामाकरणको सन्दर्भमा सत्तारूढ दल समाजवादी पार्टी र राजपा नेपाल आफ्नै हठमा अडिग रहेका कारण संयुक्तरूपमा प्रस्ताव आउन सकेन । व्यवस्थापिका कार्य सञ्चालन विधिअनुसार पहिला राजधानी टुंगो लगाउने र त्यसपछि नामाकरण गर्नु पर्ने थियो । तर, पछि सभामुखले कार्यविधि प्रस्तुत गर्दा पहिला नामाकरण टुंग्याउने विषय आयो । नामाकरणका लागि ४ पटक र राजधानीका लागि ३ पटक गरी ७ पटकसम्म पनि मतदान हुँदा परिणाम शून्य आयो । नामाकरणका लागि सत्तारूढ दलहरूले संस्थागत प्रयास गरेनन् । सरकारले संस्थागत प्रयास गरेको भए 'मधेश प्रदेश' सम्भव हुन्थ्यो । कसैसँग दुई तिहाइ छैन, एकअर्कासँग सहकार्य गरेर दुई तिहाइ पुग्छ । त्यसकारणले सरकार पक्षले यो विषयमा जसरी व्यवस्थापन गर्नुपर्ने थियो, त्यसरी गरिएन । सरकारमा रहेकाहरूको राजनीतिक अपरिपक्कता देखियो ।

**० भनेपछि, सत्तापक्षकै दलहरूका कारण प्रदेश २ को नामाकरण र स्थायी राजधानी टुंगो लागेन ?**
– यसमा मुख्यगरी सरकार पक्षले पनि स्वामित्व लिनुपर्ने थियो । तर, पार्टीले स्वामित्व लियो । सरकार आफैले प्रस्ताव दर्ता गराएको भए अर्कै स्थिति हुने थियो । सरकारले प्रस्ताव नै दर्ता गराएन, पार्टीमार्फत् गयो । त्यसपछि सबै पार्टीले आआफ्नो प्रस्तावहरू ल्याए । प्रदेशको नामाकरण गर्ने सवालमा सरकारले आफ्नो दायित्व बुझेन । जसको कारणले यो समस्या भयो । अर्को कुरा राजधानीको सवालमा राजनीतिक दलहरूबीच सहमति भइसकेको अवस्थामा सत्तारूढ दल समाजवादी र राजपाका नेताहरू पछाडि हटे ।

**० सरकारबाट संस्थागतरूपमा सघाउनका लागि यदि नेकपालाई प्रस्ताव आएको भए, मधेश प्रदेशमा सहमत हुन्थ्यो त ?**
– यदि सरकारले संस्थागतरूपमै प्रस्ताव ल्याएको भए त्यो एउटा छलफलको विषय बन्थ्यो । हाम्रो पार्टीलाई सरकारले कमसेकम एक पटक चिठी दिएर वा मौखिकै बोलाउनु पर्दथ्यो । तर, संस्थागतरूपमा कहिल्यै बोलाउने काम भएन । यदि त्यो बेलामा छलफल वा कुराकानी भएको भए नेकपा, समाजवादी र राजपाको दुई तिहाइ पुग्थ्यो । तर, सत्तामा रहेका नेताहरूको बुझाइ के थियो भने पूर्व माओवादी र एमालेबीच अन्तरविरोध पैदा गर्न सकिन्छ, पूर्वमाओवादीलाई आफ्नोतिर तान्न सकिन्छ, फुट ल्याउन सकिन्छ । यो त गलत नियत देखियो ।

**० त्यसोभए, सत्तारूढ दलले नेकपामा विभाजन ल्याउने प्रयास गर्‍यो ?**
– पूर्वमाओवादी र पूर्वएमाले भनेर नेकपामा विभाजन ल्याउन सकिन्छ कि भन्ने भाव प्रष्ट देखिएको थियो । म पूर्वमाओवादीबाट छु, मलाई मुख्यमन्त्रीजीले बोलाउनु भयो । उहाँले के भन्नुभयो भने तपाइँहरू मधेशका लागि यति लड्नुभएको छ, मधेशको पक्षमा उभिनुस् । मैले भने, मधेशको पक्षमा उभिने कुरा एउटा छ तर तपाइँ संस्थागतरूपमा कुरा गर्नुस् । संस्थागतरूपमा आउनुभयो भने म पनि अन्य नेताहरूलाई मनाउने प्रयास गर्छु । हामी छलफल गर्छौं, सहमति जुटाउने प्रयास गर्छौं । तर म एक्लैले तपाइँको प्रस्तावमा मतदान गर्न सक्दिँन भनेर मैले भने । मैले यति कुरा भनिसकेपछि पनि उहाँले यो कुरा बुझ्न सक्नुभएन ।

**० प्रदेश २ का सत्तारूढ दलका नेताहरूमा परिपक्कताको अभाव छ ?**
– इतिहासका निर्माता शहीद वा जनता हुन् भनिन्छ । तर, मैले मात्रै गरें भन्ने बुझाइ सत्तारूढ दलका नेताहरूको देखियो । यस्तो बुझाइ भएपछि अहंकार पैदा हुन्छ र त्यसले निकास दिँदैन । सरकारमा बसेकाहरूले आफ्नो इगोकै कारण एउटा पनि काम राम्रो गरेका छैनन् । दुनियाँले हामीलाई हेरिरहेको छ । किनकि संघीयताको जननी नै वास्तवमा हामी हौं । जनतालाई केन्द्र मानेर यदि हामीले आफ्ना गतिविधिहरू सञ्चालन गर्‍यौं भने अरूका लागि त्यो उदाहरणीय बन्छ । तर, प्रदेशका जनतामा सरकारप्रति अति नै वितृष्णा पैदा भएको छ । हामीले सुरूमा यो सरकारलाई समर्थन दिएका थियौं, एक वर्ष नपुग्दै फिर्ता लियौं । दुई वर्ष नपुग्दै सत्तारूढ समाजवादी र राजपाबीच भीषण अन्तरविरोध छ, मुख्यमन्त्री र मन्त्रीबीच भीषण अन्तरविरोध छ । यसले असन्तुष्टि प्रष्टै देखाउँछ । विगत दुई वर्षमा एउटा पनि उदाहरणीय काम गरेको छैन । यो सरकारप्रति जनतामा कुनै किसिमको आकर्षण छैन । त्यसले अविश्वास पैदा गरेको छ । नेताप्रतिको त्यो अविश्वासले भोली नयाँ विद्रोह सिर्जना गर्ने स्थिति बनाउँछ ।

**० राजधानीको सवालमा सबै दलको सहमति जुटिसकेको थियो, तैपनि मतदान प्रक्रियामै जानुपर्ने अवस्था किन आयो ?**
– जनकपुरधाममा प्रदेशको राजधानी बनाउने सबै दलबीच सहमति भइसकेको थियो, तैपनि सत्तारूढ दलकै इगोका कारण मतदान प्रक्रियामा जानु पर्‍यो । राजपा र समाजवादीले जसरी पनि मधेश प्रदेश हुनुपर्ने अडानमा थियो, उहाँहरूले हामीलाई भन्नुहुन्थ्यो कि मधेश प्रदेशमा मतदान गर्नुस् नत्र राजधानी जनकपुरलाई असफल बनाउँछौं । नामाकरणमा सबै प्रस्ताव अस्वीकृत भइसकेपछि उहाँहरूले राजधानीलाई नामाकरणसँग बार्गेनिङ्ग गर्न थाल्नुभयो । तिनीहरू त्यसरी प्रस्तुत भएपछि परिणाम कसरी आउँछ ?

**० राजपा र समाजवादीकै कारण जनकपुरधाम राजधानी नतोकिएको हो ?**
– जनकपुरधाम राजधानी नहुनुमा सत्तापक्ष नै पूर्णत: दोषी छन् । सबै दलबीच भएको लिखित सम्झौताको विरूद्ध दुवै दलका नेताहरू उभिन पुगे । त्यसकारण उहाँहरूले विपक्षी पार्टीहरूको विश्वास गुमाउनुभयो ।

**० सात पटकसम्म मतदान हुँदा पनि नाम र राजधानी तोकिएन । अबको विकल्प के छ त ?**
– अहिले पनि सत्तारूढ दलहरूले आफ्नो अहम त्याग्नुपर्छ । प्रदेश २ मा कसैको पनि बहुमत छैन । यदि कसैको बहुमत छैन भने आफ्नै एजेन्डा पास गराउन खोज्नु सम्भवै छैन । राजनीतिक भनेको शक्तिको सन्तुलन हो । यदि राजपा र समाजवादीसँग दुई तिहाइ भइदिएको भए अन्य दलसँग सोध्नैपर्ने थिएन । मेरै एजेन्डामा सबैलाई झुकाउन खोज्ने अपरिपक्क प्रवृत्ति हो । त्यसैले, प्रदेश २ को सरकारमा बसेका नेताहरू अदूरदर्शी छन् । त्यसकारण, दूरदर्शिताको आवश्यकता छ ।

**० अब प्रदेशको नामाकरण र राजधानीका लागि संवैधानिक बाटो के त ?**
– अब फेरि संसदमा नयाँ आधारमा प्रस्ताव दर्ता हुन्छ । फेरि त्यसको बारेमा छलफल गरेर पास वा फेल गरौंला ।

**० अब फेरि सत्तारूढ दलले मधेश प्रदेश नै प्रस्ताव गर्‍यो भने नेकपाले साथ दिन्छ ?**
– हामी लचिलो हुने कुरामा एकतर्फी हुँदैन । मैले भनेको कुरो हुनुपर्छ तर, तिमी आफ्नो कुरामा कम्प्रोमाइज गर भन्ने कुरा हुँदैन । यस्तो अवस्थामा छलफलको मान्यतालाई मानिँदैन । त्यसकारण मधेशी दलहरूले छलफलको मूल्यमान्यताको बारेमा ज्ञान छैन ।

**० समाजवादी-राजपा गठबन्धनको सरकार असफल भइसक्यो भन्नुहुन्छ, त्यसोभए नेकपा ठूलो दलको हैसियतले प्रदेश २ को पनि सत्तामा आउँछ ?**
– सरकार बनाउनका लागि बहुमत चाहिन्छ, जोसँग बहुमत छ उही हिरो छ । प्रदेश २ मा कम्युनिष्ट ३२ र कांग्रेस १९ जना छन् । कम्युनिष्ट र कांग्रेस मिलाएर हामी ५१ पुग्छौं । अहिले राजपा र समाजवादी मिलेर ५५ जना छन् । सत्तापक्षकै साथीहरूले भन्नुहुन्छ कि तपाइँहरू अविश्वासको प्रस्ताव ल्याउनुस् हामी फ्लोर क्रस गर्न तयार छौं । तर, हामी अहिले त्यो पक्षमा छैनौं । नेपाल अहिले भर्खर संघीयताको अभ्यास गर्दैछ, सबै व्यवस्था नयाँ छ । यसरी गर्‍यौं भने फोहोरी खेल हुन्छ र त्यसले जनतामा वितृष्णा पैदा गर्छ ।

**० तर, यो सरकार असफल भइसक्यो, नेतृत्व परिवर्तन आवश्यक छ भनेर आवाज उठ्दैछ नि ?**
– नेतृत्व परिवर्तनको बारेमा पनि छलफल गरिँदैछ, हुन्छ । अहिले आधारहरू निर्माण भइसकेको छ, मान्छेहरूको आत्मगतस्थिति तयार भइसकेको छ । सांसदहरूको पनि आत्मगतस्थिति तयार भइसक्यो, वस्तुगत आधार मात्र आवश्यकता छ । वस्तुगत आधार बन्ने बित्तिकै हुन्छ । संघीयताको खोल ओढेर समाजवादी र राजपाका नेताहरू लुट मचाएका छन् । यिनीहरूमा नैतिकताको बोध नै छैन । कति दिनको भोकाएको जस्तो आउने बित्तिकै लुट मचाउन थालेका छन् । यहाँसम्म कि कार्यकर्ताहरूसँग पनि १०-२० प्रतिशत कमिशन माग्छन् । त्यसैले म मुख्यमन्त्रीजीलाई भनेको थिएँ कि तपाइँसँग दुई/तीन जना सांसद मात्रै बढी भएर मुख्यमन्त्री हुनुभएको छ । दुई/तीन जना मात्रै यता आयो भने हामी आउन सक्छौं । त्यसकारण गल्ती गर्नेहरूलाई कमाण्ड कन्ट्रोल गर्नुस् ।

**० राष्ट्रियसभा चुनावमा नेकपा र राजपाको सहकार्य सफल पश्चात् सरकार परिवर्तनको हल्ला पनि चल्यो, सत्यता के हो ?**
– प्रदेश २ मा भएको राष्ट्रियसभा चुनावमा राजपा र नेकपाबीचको सहकार्य सफल पनि भयो । सबैले इमान्दारिताका साथ मतदान पनि गरे । यो सहकार्य अझै अगाडि बढ्छ भन्ने हामीलाई लागेको थियो । यो प्रदेशलाई राम्रो बनाऔं हामी सबैको चाहना छ तर केही बाधाहरू छन् । तर ती बाधाहरूलाई हटाउन सकियो भने नेकपा र राजपाको सरकार बन्न सक्छ ।

# मुख्यमन्त्री राउतमाथि ठूलै नैतिक संकट

यो सरकारले नामाकरण र राजधानी टुंगो लगाउँला भन्ने पत्यार लागेको छैन । यो सरकारले नाम र राजधानीको विषयमा अब केही गर्लान् भनेर कसैलाई विश्वास छैन । अब मधेश प्रदेशमा नेकपा पनि मिलेर आउँछ । मधेश प्रदेशको प्रस्तावक नेकपा नै भयो भने आश्चर्य नमान्नु होला ।



**मनिष सुमन**

**प्रदेशसभा सदस्य, प्रदेश २, राजपा नेपाल**

**० प्रदेश २ को नामाकरण र राजधानीका लागि गोप्य मतदान भए पनि निष्कर्ष आएन, किन ?**
– चैत ४ गते प्रदेशको नामाकरण र राजधानीको लागि भएको निर्वाचन प्रदेशकै लागि दुर्भाग्यपूर्ण रह्यो । हामी प्रदेशसभाका सबै सदस्यहरूको क्षमतामाथि पनि प्रश्न उठ्यो । प्रदेश सरकारले आफ्नै प्राथमिकतामा राखेको प्रदेशको नाम र राजधानी तोक्ने जिम्मा प्रदेशसभाले लिएको थियो । यस विषयमा प्रदेश सरकारले केही गर्नै सकेन । दुई वर्षसम्म प्रदेश सरकारले केही कार्यकर्तालाई पाल्ने काम गर्‍यो । नाम र राजधानीका लागि सुझाव संकलन गर भनेर मन्त्री र सचिवस्तरीय सुविधा दिएर समिति बनायो, त्यो समितिले एउटा प्रतिवेदन तयार गर्‍यो । त्यो पनि प्रतिवेदन पनि कहिल्यै सार्वजनिक भएन । प्रदेश सरकारले एकदमै अकर्मण्यता देखायो । तत्पश्चात् प्रदेशसभा सचिवालयले भाद्र ५ गते प्रदेशसभा सदस्यसँग प्रस्ताव संकलन गर्‍यो । त्यसमा छलफल गरेर गोप्य मतदानकै प्रक्रियाबाट टुंग्याऔं भन्ने जमर्को गरेका थियौं । तर, सकेनौं । त्यो दुर्भाग्यपूर्ण रह्यो ।

**० राजधानी जनकपुर राख्ने भन्ने विषयमा त सबै दलबीच सहमति नै भइसकेको थियो, तर मतदान प्रक्रियामा किन लगियो ?**
– राजधानी जनकपुर राख्ने भन्ने विषयमा सबै दल सहमत थिए तर पनि मतदान प्रक्रियामा किन लगियो बडो अचम्मको कुरा हो । सभामुखको अध्यक्षतामा एउटा समिति बनाइएको थियो । त्यो समितिले पनि आफ्नो प्रतिवेदनमा सबै सहमत भयो भनेर हल्ला-खल्ला गरियो । तर पछि संसदीय प्रक्रियामा आएर हेर्दा फरक प्रस्तावकहरूले विभिन्न प्रस्तावहरू ल्याए । प्रस्तावकहरूले प्रस्ताव फिर्ता नलिएपछि निर्वाचन भयो । राजधानीको विषयमा सहमति भएकै थिएन, झुठो हल्ला थियो ।

**० नामाकरणको प्रस्ताव त सरकारको तर्फबाट आउनुपर्ने थियो नि, पार्टीगतरूपमा किन प्रस्ताव ल्याइयो ?**
– सरकारको जहिले पनि आलोचना गर्ने आलोचकको रूपमा मेरो परिचय बनिसकेको छ । तसर्थ, अझ म सरकारसँग कति बाँझौं । नैतिकता भएको सँग पो बाझ्न सकिन्छ, यो सरकारको नैतिकतै हरायो । सरकारले ल्याउनुपर्ने प्रस्ताव दुई वर्षसम्म पनि ल्याउन सकेन । अहिलेको निर्वाचन पनि प्रदेशसभा सचिवालयले गरिदिएको हो ।

**० नाम र राजधानीको बारेमा सुझव संकलनका लागि बनेको समिति फजुल खर्च मात्रै थियो ?**
– सुझाव संकलन समिति एकदम फजुल खर्च थियो । त्यसको प्रतिवेदन खोई ? प्रदेश सरकारले मलेठ घटनाको छानबिन गर्न पनि समिति बनाएको थियो । सचिवको कुटपिट प्रकरणमा पनि छानबिन गर्न समिति बनाएको थियो । तिनीहरूको प्रतिवेदन के भयो, कसैलाई थाहा छैन । समिति मात्र बन्छ, त्यसको प्रतिवेदन सार्वजनिक हुँदैन । कसैलाई बचाउनका लागि, तत्क्षण हल्ला शान्त गर्नका लागि मात्र समिति बनाइन्छ ।

**० सात पटकसम्म मतदान हुँदा पनि नाम र राजधानी टुंगो लागेन, अबको बाटो के ?**
– अब प्रदेशसभाले अर्को अधिवेशनमा फेरि सुरूदेखि नै प्रस्ताव संकलन गर्ला, सार्वजनिक सूचना गर्ला । सांसदहरूले फेरि छुट्टाछुट्टै नाम र राजधानीका लागि प्रस्ताव दर्ता गराउनु होला । त्यो प्रस्तावमाथि विधि प्रक्रियाद्वारा छलफलहरू चल्छ । छलफलबाट सहमति जुट्यो भने घोषणा हुन्छ, नभए पुन: निर्वाचन प्रक्रियाबाटै टुंग्याउनु पर्ला ।

**० नाम र राजधानीमा सहमति जुट्ने अवस्था छ ?**
– नाम र राजधानीमा सहमति जुट्ने अवस्था छ । यसपटकको निर्वाच तयारीको अभावमा खेर गयो । हामी केही सांसदहरूले सभामुखलाई आग्रह गरेका थियौं कि हतारमा यी प्रस्तावहरूमाथि मतदान नगराऔं । केही दिन रोकौं, सहमतिको अझै प्रयास गरौं । तर हतारमा निर्वाचन गराइयो । निर्वाचनका लागि पनि सरकारले केही तयारी गरेको थिएन र मुख्यमन्त्रीजीले त झनै केही गर्नुभएको थिएन । उहाँले प्रचण्ड र माधवकुमार नेपालसँग कुरा गरेको भन्ने कुरा आफ्ना आसेपासेहरूलाई भन्नुभएको थियो । तर, कांग्रेसका संसदीय दलका नेता, नेकपाका संसदीय दलका नेताहरूसँग कहिल्यै पनि कुरा गर्नुभएन । हामीले कांग्रेस र नेकपा सांसदहरूसँग कुरा गर्दा छलफल गरेर सहमति गर्न सकिन्छ भन्नुहुन्थ्यो । त्यसैले सरकारमाथि ठूलै नैतिक संकट आएको छ ।

**० प्रदेश सरकारले नै नामाकरण र राजधानी टुंगो लगाउन चाहेको छैन ?**
– भन्न सकिन्छ । मुख्यमन्त्री जसरी जनकपुरप्रति प्रतिबद्धता व्यक्त गर्नुहुन्छ, त्यतिको प्रतिबद्ध व्यवहारमा देखिनुहुन्न । आफू वीरगन्ज बस्ने, आफ्नै पार्टीका सांसदद्वारा वीरगन्जका लागि प्रस्ताव दर्ता गराउने र आफै मौन बस्ने अनि मिडियामा म पनि त जनकपुरकै पक्षमा छु भनी हिंड्ने ।

**० अब फेरि नामाकरणको लागि प्रस्ताव ल्याउँदा केही परिमार्जन हुन्छ कि फेरि मधेश नै ?**
– हाम्रो नामाकरणको प्रस्तावमा परिमार्जन हुँदैन, मधेश नै हुन्छ । मधेशलाई राज्यले स्वीकार गरेको हो । राज्यको दस्तावेजहरूमा मधेश स्थापित शब्द हो । मधेशको आफ्नो राजनीतिक र सांस्कृतिक इतिहासहरू छन् । मधेश भनेको एउटा निश्चित भूभागलाई भनिन्छ भनेर पुष्ट्याइँ भइसकेको छ । आन्दोलनताका राजधानी प्राथमिक विषय थिएन, तर नाम प्राथमिकतामा थियो । आन्दोलनका बेलामा सरकारी कार्यालयहरूमा नेपाल सरकार मेटाएर मधेश सरकार लेखिँरहँदा मधेशीहरू सुरक्षाकर्मीबाट कुटिएका छन् । तसर्थ, बलिदानी पश्चात् स्थापित भएको नाम हो मधेश । त्यसैले प्रदेशको नाम मधेश हुनुपर्छ भनेर हामी दृढ संकल्पित छौं । हाम्रो संकल्पप्रति नेपाल कम्युनिष्ट पार्टी पनि सहमत छ । अब मधेश प्रदेशमा नेकपा पनि मिलेर आउँछ । मधेश प्रदेशको प्रस्तावक नेकपा नै भयो भने आश्चर्य नमान्नु होला ।

**० नेकपा नेताहरूले 'मधेश'मा केही ट्याग लगाउनुपर्ने भन्नुहुन्छ नि ?**
– अहिलेसम्म नेकपाका सांसदहरूले यस्तै तर्कहरू दिँदै हुनुहुन्थ्यो । तर, उहाँहरूसँग कसैले पनि गम्भीर वार्ता गरेनन् । प्रदेश सरकारको दायित्व थियो, आफ्नो प्रस्तावमा सहमत गराउनका लागि सबैसँग सहमतिका लागि गम्भीर छलफल गर्ने । मुख्यमन्त्री आफू बस्ने क्वाटरलाई मधेश भवन भनेर त भन्यो, तर आठ वटा जिल्लाको प्रदेशलाई मधेश प्रदेश घोषणा गराउन सक्नुभएन । मधेशमा केही उपनाम जोड्ने प्रस्तावहरू आएको थियो तर त्यसमा छलफलै भएन । अहिले उपनाम नजोडौं, मधेश प्रदेश नै रहनेछ ।

**० भनेपछि यो सरकारले आफ्नो कार्यकालभित्र नाम र राजधानी टुंगो लगाउन सक्दैन ?**
– यो सरकारबाट प्रदेशको नामाकरण र राजधानी टुंगो लाग्दैन जस्तो छ । यो सरकार केही जस कमाउन खोजेको छ । गत वर्षको भुक्तानी अहिलेसम्म दिलाउनै सकेको छैन, यो वर्षको बजेट खर्च गर्नै सकेको छैन । तसर्थ, यो सरकारले नामाकरण र राजधानी टुंगो लगाउँला भन्ने पत्यार लागेको छैन । यो सरकारले नाम र राजधानीको विषयमा अब केही गर्लान् भनेर कसैलाई विश्वास छैन ।

**० त्यसोभए, यो सरकार पाँच वर्षसम्म चल्छ कि चल्दैन ?**
– लोकसेवाबाट पास भएर आएका कर्मचारीहरूको अवधि मात्र निश्चित हुन्छ । यिनीहरू लोकसेवाबाट पास भएर आएका होइनन् । राजपा र समाजवादीका नेतृत्वले चाहने बित्तिकै सरकारका नेतृत्व गर्ने व्यक्ति फेरिन्छ ।

**० नेकपा र राजपाको सरकार बन्छ त ?**
– राजपा नेपाल र नेकपाबीच संवादहीनताको अवस्था थियो । मधेश आन्दोलनका बेलादेखि नै ओलीजी अथवा नेकपासँग तिक्तता बढेको थियो । राष्ट्रियसभा निर्वाचनताका सम्वाद सुरू भएको छ । सम्वाद सुरू हुँदैमा हामी घनिष्ट भइसकेका छैनौं । घनिष्टता बढाउनका लागि नेकपाले आफ्ना व्यवहार देखाउनुपर्छ । त्यो भनेको संविधान संशोधन गर्नुपर्छ । सांसद रेशमलाल चौधरी लगायतका झुट्ठा मुद्दा खेपिरहेकाहरूको रिहा गर्नुपर्दछ । व्यवहार देखाउँदै गएपछि राजपा पन्छिन सक्दैन । अहिलेको राजपा र समाजवादीको गठबन्धन जनअनुमोदित हो । तसर्थ, यो गठबन्धनका मुखिया, नेतृत्वकर्ता खराब हुँदैमा गठबन्धन खराब होइन ।

**० भनेपछि, मुख्यमन्त्री नै फेरिनुपर्छ ?**
– नसकेपछि त उहाँ आफैले बाटो प्रशस्त गर्नुपर्छ । म कडा टिप्पणीकारमध्ये पर्छु, हाम्रो व्यक्तिगत सम्बन्ध पनि खराब हुन थालेको छ । हिजोको दिनमा उहाँले व्यक्तिगतैरूपमा मप्रति अशोभनीय टिप्पणी गर्नुभएको थियो, पछि क्षमा मागेको पनि सुने । म कसैले व्यक्तिगत सम्बन्ध सुधार/बिगार गर्न सक्दिँन । तर, नैतिकता त छैन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रदेश २ लाई 'विशेष प्रदेश' घोषणासम्बन्धि प्रस्ताव



प्रभु साह

भूभौगोलिक अवस्थिति र प्राकृतिक वनावटको दृष्टिले नेपालको तराई मधेश क्षेत्र खासगरी प्रदेश नं.२ परम्परागत तथा ऐतिहासिककालदेखि नै आर्थिक गतिविधि एंव रोजगारमा सम्पन्न मानिन्थ्यो । तर समय समयमा मुलुकमा भएका ठूला ठूला राजनैतिक परिवर्तन र प्रस्तुत भएको विविध प्रकारका आर्थिक विकासका नाराले यस क्षेत्रका नागरिकहरूको आयु, साक्षरता र जीवनस्तर दिन प्रतिदिन वृद्धि हुँदै जानु पर्नेमा त्यसको प्रतिकूल ती सबै विषयहरू कमश ह्रासोन्मुख हुँदै गएको छ ।

केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितताको ग्यारेण्टी संविधानले लिए तापनि त्यसको कार्यान्वयनमार्फत अघि बढ्नुको सट्टा झन्-झन् पछि पर्दै गएको छ ।

संयुक्त राष्ट्र संघीय विकास कार्यकमले मानवको दीर्घायु, साक्षरता र जीवनस्तरलाई गरिबी सुचाङ्क मापन गर्ने आधार बनाएको आधारभूत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा पोषणयुक्त खाना यसका परिपूरक रहेको व्यहोरा सबैलाई जानकारी भएकै विषय हो ।

अधिकांश नागरिकहरूले राज्यबाट प्राप्त गर्नु पर्ने शिक्षा-स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधाबाट वञ्चित रहेका कारणले नै यस प्रदेशमा आर्थिक गतिविधि र रोजगारको सम्भावनाको न्यूनता निरन्तर रूपमा वृद्धि हुँदै गई हाल परनिर्भता र नाजुक अवस्थामा गुज्रिरहेको छ । नेपालको प्रतिव्यत्ति औसत आय १००४ अमेरिकी डलर रहेकोमा यस क्षेत्रका नागरिकको औसत आय अमेरिकी डलर ५७० मा सीमित रहनु परेको छ ।

सबैभन्दा डरलाग्दो तथ्याङ्क यो छ की यस क्षेत्रको मृत्युदर पनि कमिक रूपमा बढ्दै गइरहेको छ ।

संघीय शासन प्रणाली लागू भएपश्चात नेपाल सरकारबाट घोषित नीति तथा कार्यकमअनुसार प्रदेश सरकारलाई प्राप्त अनुदान रकम खर्च हुन नसकी फ्रिज हुने कम जारी नै छ । एक आर्थिक वर्षमा फ्रिज भएको रकम अर्को आर्थिक वर्षमा थप पठाउने अभ्यास पनि बसेको छैन । जातीय विभेद, गरीबी तथा पछौटेपनको रोगबाट आकान्त प्रदेश २ का नागरिकले कहिले मुक्ति प्राप्त गर्ने हो ? यस्तो अनिश्चितताको सीमालाई तोडी यस प्रदेशमा पनि अन्य प्रदेशमाझैं विकासको मूल प्रवाहमा ल्याउन यस प्रदेशका नागरिकहरूको आयु वृद्धिको लागि आधारभूत स्वास्थ्य, शिक्षा र जीवनस्तर सेवा वृद्धि गर्न निश्चित आवधिक योजनाको साथ विकासको पूर्वाधार र आर्थिक गतिविधि वृद्धि गर्न **प्रदेश नं.२ लाई विशेष प्रदेशको रूपमा घोषणा गरी विशेष आर्थिक प्याकेज वितरण गर्न** आवश्यक ठानी यो जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेश गरेको छु ।

> ऐतिहासिक, धार्मिक र सांस्कृति ल गायतका क्षेत्रमा पर्यटनका प्रचुर सम्भावना भए तापनि राज्यको विशेष पहलकदमीको कमीले गर्दा प्रदेश नं.२ का एउटा गन्तव्य पनि विश्व सम्पदा सूचिमा सूचिकृत हुन सकेको छैन ।

**छलफल गर्नुपर्ने:-**

- सबै प्रकारको विभेद र उत्पीडनको अन्त्यगर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने प्रतिवद्धता गरेको नेपालको संविधानलाई सही अर्थमा कार्यान्वयन गर्न ।
- आर्थिक र सामाजिक रूपमा पछाडि परेका क्षेत्र र समुदायलाई विशेष अवसर तथा लाभ पाउने अधिकार सुनिश्चित गरेको संविधानको मौलिकहक अनुरूप सबैभन्दा पछाडि रहेको प्रदेश नं.२ लाई विशेष दर्जा प्रदान गर्न ।
- विगतमा तराई-मधेश र त्यसमा पनि मुख्यत: अहिले प्रदेश नं.२ काठमाडौं पछि शिक्षा क्षेत्रको एउटा केन्द्र नै मानिन्थ्यो । अन्य प्रदेशका मानिसहरू यहाँ शिक्षा हासिल गर्न आउने गर्दथ्यो भने यहाँका मानिसहरू देशको विभिन्न ठाउँमा गएर पढाउने काम गर्दथ्यो । तर विडम्बना विगतमा शिक्षा क्षेत्रको एउटा दरिलो आधारशिला कहलिएको यो प्रदेश अहिले साक्षरता दरमा समेत अन्य सबै प्रदेशभन्दा निकै कमजोर छ । किन ? देश संघीय शासन प्रणालीमा प्रवेश गरिसकेको छ । यद्यपी यो प्रदेशमा सरकारी तथा निजी शिक्षण संस्थाको संख्या र आकार, विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी र भौतिक पूर्वाधारको अवस्था हेर्दा दिन प्रतिदिन झन्-झन् दयनीय बन्दै गएको छ । यसको समाधान खोज्न जरूरी छ ।
- देशकै मुख्य व्यापारिक नाका, उद्योगधन्धा, कृषि योग्य जग्गा एवं व्यापार व्यवसाय समेतको अधारभूमिको रूपमा रहेको प्रदेश नं.२ अन्य प्रदेशको तुलनामा पछाडि छ । हिजो नेपालमा दुई तिहाई आर्थिक योगदान गर्ने तराई-मधेश आज रोजगारीमा परनिर्भरता र प्रतिव्यक्ति आयमा सबैभन्दा पछाडि किन ? तुलनात्मक रूपमा हेर्दा पनि वागमती प्रदेशको प्रतिव्यक्ति आय १०९४ अमेरिकी डलर छ भने प्रदेश नं.२ को प्रतिव्यक्ति आय ५७० अमेरीकी डलर मात्र रहेको छ, जुन हाम्रो देशको औसत प्रतिव्यक्ति आय १००४ अमेरिकी डलरभन्दा पनि धेरै कम छ, त्यसैगरी तथ्याङ्कलाई नै अधार मान्ने हो भने पनि प्रदेश नं. २ मानव गरिबी सूचाङ्कको आधारमा समेत अन्य प्रदेशको तुलनामा निकै कमजोर देखिन्छ । प्रदेश नं.२ को Human Poverty index (HPI)४१.७७ प्रतिशत रहेको छ । विडम्बना जुन नेपालको औसत गरिबी रेखामुनीको जनसङ्ख्या २५ प्रतिशतभन्दा धेरैले बढी देखिन्छ । साथसाथै समग्र मानवविकास सुचाङ्को अवस्था समेत अन्य प्रदेशको तुलनामा निकै नै पछाडी रहेको कुरा तथ्याङ्कहरूले नै स्पष्ट पार्छ ।
- हिजोको दिनमा मधेश नै भरपर्दो उपचारका लागि प्रमुख केन्द्र मानिन्थ्यो । तर विडम्बना आज हामी स्वास्थ्य क्षेत्रमा समेत निकै कमजोर छौं । ऐतिहासिक, धार्मिक र सांस्कृति ल गायतका क्षेत्रमा पर्यटनका प्रचुर सम्भावना भए तापनि राज्यको विशेष पहलकदमीको कमीले गर्दा प्रदेश नं.२ का एउटा गन्तव्य पनि विश्व सम्पदा सूचिमा सूचिकृत हुन सकेको छैन ।
- माथि उल्लेखित विषयवस्तुहरूलाई आत्मसात गर्दै सामाजिक न्याय र समानतामा आधारित समतामूलक समाज निर्माण तथा देशको सबै हिस्सामा बराबर विकासको लहर सृजना गर्न मुख्यत: प्रदेश नं.२ र आवश्यकता एवम् औचित्यको आधारमा कर्णाली लगायतका प्रदेशलाई समेत विशेष दर्जाको राज्य घोषणा गरी संघिय सरकारबाट अन्तर्राष्ट्रिय प्रचलनबमोजिम विशेष अनुदान प्याकेज लागु गर्नुपर्ने आवश्यकता देखिएकोले ।

## कवाड व्यवसायी संघद्वारा ज्ञापन

वीरगंज । प्लाष्टिकजन्य पदार्थ नेपालबाट भारत लैजाने क्रममा नेपाल प्रहरीले दुख दिएको भन्दै पुराना प्लाष्टिक व्यवसायी संघ टेकु र चितवन कवाड व्यवसायी संघले जिल्ला प्रशासन कार्यालय पर्सामा संयुक्त रूपमा ज्ञापनपत्र बुझाएका छन् । देशभरबाट उत्पन्न हुने फोहोरबाट पुन: प्रयोगमा आउने किसिमको प्लाष्टिकजन्य पदार्थको संकलन गरी नेपालभित्र पुन: प्रयोग हुन नसक्ने प्लाष्टिक बस्तुलाई पुन: प्रयोगमा ल्याउनका लागि भारत निकासी हुने गरेको कवाड व्यावसायीहरू भनाई रहेको छ । प्लाष्टिकको समस्या एकजनाको होइन यो पुरै राष्ट्रको समस्या रहेको युवा समाजसेवी महबुब आलमको जिकिर रहेको छ । देशमा उत्पन्न भएको प्लाष्टिकको फोहोर राज्यले व्यवस्थित गर्न नसक्ने भएपछि केही बेरोजगार युवाहरूले यसलाई सफा गरि भारततर्फ पैठारी गरेको आलमको भनाई छ । नेपालमा प्रयोग हुने अधिकांश सामग्री प्लाष्टिक वस्तुको रहेको तर सरकारी वा निजि स्तरमा यसलाई प्रशोधन गर्ने व्यवस्था नरहेको यसलाई देशभरिबाट संकलन गरेर भारत पैठारी गर्ने गरेको आलमले बताएका छन् । नेपालभित्र उत्सर्जन गर्न गराउन बेलाबखत नागरिक समाजका तर्फबाट वीरगंजस्थित सीमा क्षेत्रबाट भारततर्फ पैठारी गरी सहरी सौन्दर्यीकरणम टेवा पुर्‍याउँदै आएको विज्ञप्तिलाई उद्धृत गर्दै पर्सा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी ललित कुमार बस्नेतलाई संघका अध्यक्ष राजेश आचार्यले बताए । नेपाल सरकारसँग परामर्शपछि केही निर्णय दिन मिल्ने पर्साका सहायक जिल्ला अधिकारी ललित कुमार बस्नेतको भनाई रहेको छ । नेपालको सरसफाईमा टेवा पुर्‍याइरहेको कुराले सम्वेदनशील कुरा भएको बस्नेतको जिकिर रहेको थियो । जिल्ला प्रशासन कार्यालयमा संघका केन्द्रीय प्रतिनिधि जिल्ला अध्यक्ष इमरान आलम तथा पर्सा, बारा लगायतका कवाडी मजदुरहरूको सरहभागिता रहेको थियो ।

## प्रदेश २ को समृद्धि संघीय सरकारको प्राथमिकतामा : मन्त्री नेम्वाङ

बारा । भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले प्रदेश २ लाई समृद्ध बनाउनु संघीय सरकारको प्राथमिकता भएको बताएका छन् । कलैया-जितपुर सडकखण्डको जितपुर सिमरा उपमहानगरपालिका-२४ हरपुरटोलस्थित दुधौरा खोलामा बनाइएको पुल उद्घाटन गर्दै नेम्वाङले भने, 'तराई-मधेशको मेरूदण्डका रूपमा रहेको हुलाकी सडकको निर्माण कार्य तीव्र गतिमा अगाडि बढाइएको छ ।' पूर्व-पश्चिम रेलमार्गको काम पनि प्रदेश २ कै बर्दिबासबाट सुरू गरिएको उनको भनाइ थियो । 'वीरगन्ज-पथलैया ६ लेनको व्यापारिक मार्ग, निजगढ-काठमाडौं जोड्ने फास्ट ट्र्याकलगायत ठूला योजनाहरू सरकारले प्रदेश २ मा सञ्चालन गरिरहेको छ,' मन्त्री नेम्वाङले भने । एक सय १२ मिटर लम्बाइ र ११ मिटर चौडाइ रहेको दुधौरा पुलले बाराको सदरमुकाम कलैयालाई वीरगन्ज-पथलैया व्यपारिक मार्गसँग जोड्ने सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ ।

## इट्टा उद्योगमा वडाअध्यक्षद्वारा आक्रमण

गौर । गरूडा नगरपालिका वडा नम्बर ६, दुधियाभार चौक छेउमा रहेको दाईभाई इट्टा उद्योगमा एक समूहले आक्रमण गरी लाखौंको क्षति गरेका छन् । वडा नम्बर ६ का वडाध्यक्ष अशोक यादवको अगुवाईमा सयौंको संख्यामा गएका व्यक्तिहरूले बिहान ९ बजे सो इटा उद्योगमा आक्रमण गरेका हुन् । बाँस, लाठी, घरेलु हातहतियारसहित गएका मानिसहरूले इटा उद्योगका संचालक रामबाबु चौधरीको भाई मुकेश कुमार चौधरीसहित ८ जनामाथि सांघातिक हमला गरेका छन् । कुटपिटबाट मुकेशलाई गम्भीर चोटपटकपटक लागेको र अन्यलाई सामान्य चोट लागेको इलाका प्रहरी कार्यालय गरूडाका प्रमुख डिएसपी ज्ञानकुमार महतोले बताएका छन् । कुटाइबाट गम्भीर घाइते मुकेश कुमार चौधरीलाई गरूडामा समान्य उपचारपछि थप उपचारका लागि एम्बुलेन्सबाट काठमाडौ पठाइएको छ । सामान्य घाइते अन्यको उपचार गरूडामा भइरहेको डिएसपी महतोले बताए । आक्रमणकारीहरूले इटा भटामा रहेको एक थान जेसीबी, एक थान टिपर, दुई थान ट्रेक्टर र ३ वटा मोटरसाइकलमा तोडफोड गरेका छन् । दाई-भाई इटा उद्योगमा २० लाखभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान रहेको घटनास्थल पुगेका जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी रबिराज खड्काले बताए । घटनामा संग्लग्न एक जनालाई प्रहरीले पक्राउ पनि गरेको छ । यसअघि आइतबार साँझ गरूडा नगरपालिका पोटियाहीमा वडा अध्यक्ष अशोक यादवको समूह र वडाका प्रत्यासी रामबाबु चौधरीको समूहबीच भनाभन हुदा ढुङ्गामुढा समेत भएको थियो । प्रहरीको सक्रियताले गएराती कुनै घटना हुन नसकेको भएपनि आज बिहान वडा अध्यक्ष अशोक यादव सहितको समूहले आक्रमण गरेका थिए । यस सन्दर्भमा वडा अध्यक्ष आशोक यादवसंग कुरा गर्न खोज्दा कुनै प्रतिक्रिया दिन चाहेनन् ।


बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी


## मधेश अपडेट

### कोरोना विरूद्धको पूर्व तयारीमा तीव्रता

नेपालगञ्ज । विश्व स्वास्थ्य संगठनले महामारी घोषणा गरेको कोरोना भाइरसको सङ्क्रमण भित्रिन नदिन बाँके जिल्लामा पूर्व तयारीलाई तीव्रता दिँदै एक करोड ६० लाखको आकस्मिक राहत कोष स्थापना गरिएको छ । यससँगै आइसोलेसन वार्डको क्षमता दोब्बर पारिएको छ । भाइरसको सङ्क्रमण भित्रिन नदिन हालसम्म गरिएका तयारी अपुग रहेको देखिएपछि पूर्व तयारीलाई तीव्र पार्दै राहत कोष स्थापना गर्नुका साथै आइसोलेसन वार्डको क्षमता दोब्बर गरिएको बाँकेका प्रमुख जिल्ला अधिकारी कुमार बहादुर खड्काले बताए । प्रमुख जिल्ला अधिकारी खड्काका अनुसार सो राहत कोषमा नेपालगञ्ज उपमहानगरपालिकाले ३० लाख रूपियाँ, जिल्ला समन्वय समिति बाँकेले ३० लाख रूपियाँ, कोहलपुर नगरपालिका र नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले २०-२० लाख रूपियाँ र छवटा गाउँपालिकाले १०-१० लाख रूपियाँ प्रदान गरेका छन् ।

### यात्रुको तापक्रम मापन गरिँदै

बुटवल । कोरोनाको जोखिमबाट बच्च तथा सार्वजनिक यातायात सेवालाई सुरक्षित बनाउन पश्चिम नेपाल बस व्यवसायी प्रालिले यात्रुको तापक्रम मापन गर्ने भएको छ । कोरोनाको जोखिम न्युनीकरण गर्न अब हरेक बसमा यात्रुको तापक्रम मापन गर्ने व्यवस्था आइतबारदेखि लागु गरिएको प्रालिका अध्यक्ष दधि खरेलले बताए । प्रालिले बिहिबार बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी प्रा.लि मातहत रहेका विभिन्न स्थानका टिकट काउन्टरमा यात्रुको तापक्रम मापन गरेर मात्र यात्रा गर्ने व्यवस्था मिलाएको जनाएको हो । प्रा.लिले बस सेवा संचालनमाा रहेका सडक खण्डका टिकट बुकिङ काउन्टरहरू बेलहिया, भैरूहवा, बुटवल, तौलिहवा, कुष्णनगर, परासी, महेशपुर, तानसेन, तम्घास र सन्धिखर्कमा आफ्नै लगानीमा खरिद गरिएको उपकरणबाट यात्रुको तापक्रम मापन गर्ने व्यवस्था गरेको अध्यक्ष खरेलले जानकारी दिए ।

### वीरगञ्जमा अब "नो हर्न"

वीरगञ्ज । हर्न र प्लाष्टिक निषेधित क्षेत्र घोषणा गरी कार्यान्वयन हुन नसकेको वीरगञ्ज महानगरपालिकाले पुन: अर्को निर्णय गरेको छ । वीरगञ्ज महानगरपालिकामा मंगलबार बसेको बैठकले जथाभावी ध्वनि प्रदूषण गर्न नदिने निर्णय गरेको हो । राति १० बजेदेखि बिहान ६ बजेसम्म कुनै किसिमको ध्वनि प्रदूषण गर्न नपाउने निर्णय गरिएको नगरप्रमुख बिजय कुमार सरावगीले जानकारी दिए । 'महानगरपालिकाले ध्वनी प्रदूषण गर्न नपाउने गरी ऐन यसअघि नै ल्याइसकेको छ । राजनीतिक पार्टी, प्रशासन लगायत सरोकारवालासँग छलफल गरेर कडाइका साथ कार्यान्वयन गर्न खोजेका हौं ।' उनले चर्को आवाजमा विवाहरउत्सवमा डिजे घुमाउन नपाउने र प्रेसर हर्न बजाउनेलाई कारबाही गरिने बताए । बैठकले महानगरभित्र सञ्चालित सबै डिजेहरूलाई अनिवार्य रूपमा दर्ता गराउनुपर्ने, सार्वजनिक स्थान, तथा सडकहरूमा बिज्ञापन, विवाह, आदिमा ठूलो स्वरमा स्पिकर तथा डिजे बजाउन नदिने, पसलमा ठुलो स्वरमा म्युजिक बजाउन नपाईने महानगरपालिकाले जनाएको छ । कुनै पनि कार्यक्रममा लाउड स्पिकरको प्रयोग गर्नुपरेको खण्डमा महानगरपालिकासँग पूर्व स्वीकृति लिनुपर्ने निर्णय समेत बैठकमा भएको छ ।

### नेपालगन्ज-दिल्ली बस संचालनमा रोक

बाँके । नेपालबाट भारतका विभिन्न स्थानमा संचालन हुने लामो दूरीका सार्वजनिक यातायात सेवा बन्द भएको छ । भारतको विभिन्न स्थानमा कोरोना भाइरस (कोडिभ-१९) संक्रमित व्यक्ति फेला परेपछि स्थानीय प्रशासनले नेपाल र भारतबाट संचालन हुने लामो दूरीका सार्वजनिक यातायातका साधनमा प्रतिबन्ध लगाएको हो । गृह मन्त्रालयले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लामो दूरीका सवारी साधन संचालनमा रोक लगाउन परिपत्र गरेपछि सोहीबमोजिम भारतबाट आउने र नेपालबाट जाने सार्वजनिक यातायातका सवारी साधन सीमामै रोकिने भएका हुन् । विश्वव्यापी रूपमा फैलिँदै गएको कोरोना भाइरसको संक्रमण दुवै देशमा फैलिन नदिन दुवै देशबाट संचालन लामो दूरीका सार्वजनिक सवारी साधन संचालनमा रोक लगाएको बाँकेका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बताए ।

### सीमा नाकामा स्वयम्सेवक परिचालन

काँकरभिट्टा । पूर्वी नाका काँकडभिट्टाबाट कोभिड-१९ को संक्रमण फैलन नदिन र जाँच व्यवस्थित बनाउन मेचीनगर नगरपालिकाले स्वयम्सेवक परिचालन गरेको छ । नगरभित्रका विभिन्न संघसंस्थाका ४० प्रतिनिधिको टोलीले बिहान ६ देखि बेलुका १० बजेसम्म भीडभाड व्यवस्थापन गर्ने तथा अनावश्यकरूपमा भारततिर नजान अनुरोध गरेको छ । मेची उद्योग वाणिज्य संघको अध्यक्षतामा नगरपालिकाले विभिन्न संघसंस्थाका प्रतिनिधिसहितको स्वयमसेवक परिचालन समिति गठन गरेपछि उनीहरू सक्रिय भएर नाकामा काम गर्न थालेका हुन् । संघका अध्यक्ष ऋषि तिम्सिनाले भने, 'दैनिक १० हजारभन्दा बढीको संख्यामा भारततिरबाट नेपाल मान्छेहरू आउँदा रहेछन् । पूर्वी नाका मुख्य भएको र यहाँ हेल्थ डेस्कमा रहेका पाँच जना स्वास्थ्यकर्मीबाट मात्र सतर्कता अपनाउन र ज्वरो नाप्न सम्भव नभएपछि हामी लागेका हौं ।' मेचीनगर नगरपालिकाका उपप्रमुख मीना उप्रेतीले पूर्वी नाका प्रदेश नं १ कै मुख्य नाका भएको हुँदा उच्च सतर्कता अपनाउनुपर्ने र सचेतनामूलक कार्यक्रम गर्ने उद्देश्यले समिति गठन गरिएको बताइन् ।

### मास्क र साबुन वितरण

विराटनगर । ईन्द्रेणी कला प्रतिष्ठान विराटनगर र युवा नेता एवं समाजसेवी विकास मण्डलको संयुक्त सहकार्यमा कोरोना भाइरसबाट बच्न मास्क र साबुन वितरण गरिएको छ । बिराटनगर-१६, दरैहियास्थित महामाया भगवती प्राथमिक विद्यालय र पाथीभरा लायन्स जनता अध्ययन केन्द्रमा बुधबार पाँच सय थान मास्क र साबुन वितरण वितरण गरिएको हो । कार्यक्रममा कोरोना भाइरस कसरी सर्छ, यसका लक्षण तथा बच्ने उपायका बारेमा जानकारी गराईएको थियो । कार्यक्रमका अध्यक्ष ईन्द्रेणी कला प्रतिष्ठानका अध्यक्ष वरिष्ठ गायक रामा मण्डल, प्रमुख अतिथि वडा अध्यक्ष मनोज सुब्बा, आयोजक विकास मण्डल र प्रतिष्ठानका पदाधिकारीहरू, अतिथिहरू विद्यालयका प्र.अ. दानबहादुर जोशी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु मण्डल, वडा सदस्यहरू श्याम मण्डल, अशोक मण्डल र स्थानीय भद्रभलादमीहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा स्थानीय समाजसेवी तथा युवा नेता विकास मण्डलले यस्ता सचेतनामूलक कार्यक्रमहरू ल्याई समाजको हकहितका लागि पुर्याउँदै आएको योगदानको प्रशंसा गरेका थिए ।

### प्रदेश २ को सञ्चार विधेयकमा महासंघको आपत्ति

जनकपुरधाम । पत्रकारलाई एक करोडसम्म जरिवाना तोकिएको सञ्चार सम्बन्धी विधेयक जस्ताको तस्तै छलफलका लागि टेबल भएको भन्दै नेपाल पत्रकार महासंघ प्रदेश २ ले आपत्ति जनाएको छ । यसअघि पत्रकारले विरोध गर्दा प्रदेश २ सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले विधेयक फिर्ता लिने प्रतिबद्धता जनाए पनि फिर्ता नलिइ टेबल गराएकोले महासंघले विरोध गरेको हो । नेपाल पत्रकार महासंघ प्रदेश २ ले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै विधेयक जस्ताको त्यस्तै छलफलमा ल्याउनु पत्रकारलाई संस्थागत रूपमै गुमराहमा राखी पारदर्शिताविरूद्ध सरकार तानाशाही बन्न खोजेको आरोप लगाएको छ । प्रदेश सरकारले प्रदेशसभामा छलफलका लागि पेस गरेको विधेयकमा अधिकांश परिच्छेदमा सार्वभौमसत्ता र भौगोलिक अखण्डता प्रदेश २ महासंघले उल्लेख गरेको छ । 'प्रदेश सभामा पेस भएको प्रदेश सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सरकारले फिर्ता नलिइ पेस गर्नुले सरकारको बोली वचन र व्यवहारमा फरक हुनुले स्वविवेक नै गुमाएको जस्तो देखिन्छ,' विज्ञप्तिमा भनिएको छ ।

### भारतसँग सीमा जोडिएका नाकामा उच्च सतर्कता

कपिलवस्तु । कोरोना भाइरस संक्रमितको पहिचान र नियन्त्रणका लागि प्रदेश ५ का मुख्य सीमानाकामा उच्च सतर्कता अपनाइएको छ । भैरहवा, नेपालगन्ज, कपिलवस्तुलगायत सीमा नाकामा सरकारले विशेष निगरानी बढाएको हो । नेपालगन्जस्थित नेपाल-भारत सीमानाकामा सतर्कतास्वरूप सुरक्षा र स्वास्थ्य जाँचमा कडाइ गरिएको छ । नाकामा हेल्थ डेस्क राखेर नेपाली र भारतीय यात्रुको स्वास्थ्य जाँच गरिएको छ । सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइए पनि नाका चालु अवस्थामा रहेको छ । बेलहिया-सुनौली नाकामा पनि भारतबाट भित्रिनेको स्वास्थ्य जाँचमा कडाइ गरिएको छ । जिल्ला स्वास्थ्य समिति महाराजगन्ज (भारत) ले पनि दसगजा क्षेत्रमा अस्थायी हेल्थ डेस्क स्थापना गरी नेपालबाट भारततर्फ जाने सबै यात्रुको स्वास्थ्य जाँच गरिरहेको छ । कोरोना त्रास बढ्दै गएपछि भारतबाट आउने यात्रुको स्वास्थ्य जाँच गरिएको बेलहिया नाका हेल्थ डेस्क इन्चार्ज डा. पारसनाथले बताए ।

# उन्मादी र अहंकारीका अगाडि आत्मसमर्पण मञ्जुर छैन



रामचन्द्र झा


Baburam Bhattarai
@brb1954
जब 'मधेसी' पहिचान नेपालके संविधानमें स्वीकार किया गया हे तो २ नं प्रदेशका नाम 'मधेस प्रदेश' क्यों नहीं हो सकता?हमारे पूर्व माओवादी कमरेडो मातृका यादव,प्रभु साह,भरत साह कहाँ हैं?और पूर्व नयाँ शक्तिवाले मित्रों रामचन्द्र झा,रामकुमार शर्मा,महेन्द्र पासवान कहाँ हैं?कुछ तो शरम करो यारो।

**बाबुराम जी ! तपाईं मधेशको एउटा भावात्मक आवेगबाहेक ऐतिहासिक र संस्कृतिको आधारको पुष्टि गर्न सक्नु हुन्छ ? यस्तै मिथिलाको अस्तित्वलाई नकार्न सक्नुहुन्छ ? गण्डक र कोशीबीचको भूभाग नान्यदेवले स्थापना गर्नु भएको छैन ? के विभिन्न ऐतिहासिक कालखण्डमा विदेह, मिथिला र तिरहुत इत्यादि नामले चिनिएको होइन ?**

समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईको ट्विट भर्खरै पढें । मधेश नामाकरणमा हामीलाई उहाँले सम्झिनु भएको छ । उहाँलाई जानकारी भएकै विषय हो कि हामीले पहिलो संविधानसभाको राज्य पुनर्संरचना समिति र पछि राज्य पुनर्संरचना आयोगबाट समेत सअस्तित्वको सिद्धान्तलाई मानेर उक्त प्रदेशको नाम मिथिला-भोजपुरा मधेश र जनकपुर राजधानी हुनु पर्ने विषय सर्वसम्मतले टुँगिको थियो । फेरी एकल मधेशको हठ किन र राजधानीलाई समेत विवाद मा पार्ने काम किन ? हामी संघीयताका पक्षधर हौ, तर हामीलाई मिथिला, जानकी र जनकपुरलाई बलि दिएर नतमस्तक भएर केही उन्मादी र अहंकारीहरूको अगाडि आत्मसमर्पण गर्न मञ्जुर छैन । बाबुराम जी ! तपाईं मधेशको एउटा भावात्मक आवेगबाहेक ऐतिहासिक र संस्कृतिको आधारको पुष्टि गर्न सक्नु हुन्छ ? यस्तै मिथिलाको अस्तित्वलाई नकार्न सक्नुहुन्छ ? गण्डक र कोशीबीचको भूभाग नान्यदेवले स्थापना गर्नु भएको छैन ? के विभिन्न ऐतिहासिक कालखण्डमा विदेह, मिथिला र तिरहुत इत्यादि नामले चिनिएको होइन ?

मनुस्मृतिमा 'हिमवद्विन्ध्योर्मध्ये. यत्प्राग्विनशनादपि यत्वेग प्रयागश्च मध्यदेश: प्रकीर्तित: अर्थात् हिमालय र विन्ध्य पर्वतकोबीच एवम् पश्चिममा सरस्वती र पूर्वमा प्रयाग भनिएको छ । अर्थात् मिथिलाको भाग त्यो भन्दा ५०० किमि लगभग पूर्वमा पर्दछ । जहाँ सम्म मनुले मध्य देशलाई आफ्ना छोराहरूमा मध्यदेशकै राज्य विभाजन गरे भन्ने भनाई छ, त्यो स्पष्ट छ की मनुका नाती र ईक्षाकूका पुत्र निमि गण्डक र कोशीबीचको भूभाग, जो त्यति बेला दलदल पाँगा माटो थियो, जसलाई कठिन परिश्रम पश्चात् खेती एवम् बसोवास योग्य भूमि बनाए पश्चात, ले राजसूय यज्ञका लागि मध्य देशका पुरोहित वशिष्ठलाई आग्रह गर्दा, उनी ईन्द्र कहाँ यज्ञ गर्न गइरहेकाले मबाट उक्त यज्ञ सम्पादन हुन सक्दैन भनि ईन्कार भाव व्यक्त गर्दा अनि मात्र उहाँले गौतम ऋृषीलाई यज्ञ सम्पादनको आग्रह गर्दा, उनी सरस्वती नदीको पश्चिमबाट यज्ञ अग्नि ल्याई निमीको यज्ञ सम्पन्न गर्दाको आक्रोश वशिष्ठले निमिलाई श्राप दिएका थिए । जसबाट निमि श्रापित भइ निमिबाट विदेह हुन पुगे । गौतम ऋृषिकी पत्नि अहिल्यासँग ईन्द्रले गरेको दुर्व्यवहार सम्भवत: त्यसैको श्रृखला हो ।

मध्यदेश हामी भन्दा बिलकुल अलग छ । 'प्राचीन भारत का राजनीतिक एवं सांस्कृतिक इतिहास' नामक पुस्तकका लेखक राधाकृष्ण चौधरी, प्राचीन विदेह अथवा मिथिलाका इतिहास र प्राचीन भारतका लेखक राधाकुमुद मुखर्जी, चन्द्र गुप्त मोर्य और उसका शासन कालका लेखक राधा कुमुद मुखर्जी, प्राचीन भारत का राजनितिक एवं सांस्कृतिक इतिहास (गुप्त काल पूर्व मध्य काल तक)का लेखक डा. महेश कुमार शरण सबैले यसमा झन् गंगादेखी दक्षिणको भाग देखि तिब्बतसम्म र पूर्वमा कामरूप कामाख्यासम्म, पश्चिम कश्मीरसम्म र उत्तर तिब्बतसम्मको भाग दोश्रो शताब्दी देखि सातौं शताब्दीको प्रथम चरणसम्म नेपालको सार्वभौम भागको रूप मा शासित रहेको उल्लेख गरेका छन् । उत्तर भारत का राजनिक इतिहासका लेखक डा विशुदा नन्द पाठकसहित नेपाल र भारतका पनि प्राय: सबै इतिहासकारहरूले मिथिला, विदेह, तिरहुत इत्यादि उक्त भागको हजारौं वर्षको राजनीतिक र सांस्कृतिक अस्तित्वलाई स्वीकार गरेका छन् । अनि हामी कसरी एउटा आवेगमा विसर्जन गर्न सक्छौं? आधुनिक राज्य निर्माणको क्रममा हामी नेपाललाई आफ्नो सार्वभौम अधिकार उत्सर्ग गरेका छौ, तर हामी आफ्नो गौरमयी सांस्कृतिक अस्तित्व कसैलाई उत्सर्ग गरेका छैनौ र गर्ने पनि छैनौ । सिगैं पूर्वी सभ्यतालाई हाम्रा पुर्खाहरूले गरेका योगदानलाई हामीले नष्ट गर्ने छैनौं । छ पूर्वी दर्शन मध्ये न्याय, वैशेषिक, मीमांशा र सांख्य दर्शन जस्तो गौरवपूर्ण योगदानहरू कस्लाई जिम्मा लगाउने? याज्ञवल्क, उद्दलक र आरूणी जस्ता उपनिषद्कारहरूको गौरवपूर्ण योगदान एवम् जैमिनी, कणाद, गौतम, कपिलको श्रेय कुन मधेशीको जिम्मा लगाउने?

मिथिला बाहुनहरूले सृजना गरेको संस्कृति हो भन्ने बुझाई यर्थाथमा आधारित छैन । पहिला मिथिद्वारा स्थापित मिथिला हो अनि मात्र हामी मैथिल ब्राह्मण वा अन्य कुनै वर्ण वा जाति हौं । अन्यथा हामी पनि कान्यकुब्ज, सरयु पारिणी, गौर, उत्कल वा अन्य कुनै हुन्थ्यौं । हो यति सम्म ठीक हो कि ब्राम्हणहरू शिक्षामा पहिला नै देखि अगुवा रहे र भाषा र संस्कृतिमा तुलनात्मक रूपमा योगदान गरेकै हुन, तर त्यसलाई सकारात्मक रूपमा लिने कि दंडित गर्ने? जहाँसम्म वाग्मती पश्चिम भोजपुरी भाषी क्षेत्र को सवाल हो, उक्त क्षेत्र हाल मैथिली भाषी, पूर्व जस्तै न रहे पनि, के गण्डकदेखि कोशीसम्म राजा निमिद्वारा स्थापित, विदेह गणराज्य भित्र कै उक्त क्षेत्र होइन? के कर्णाट वंशले सिम्रौन गढबाट राज्य संचालन गरी सिगै भाषा र साहित्य एवं संस्कृतिलाई गरेको योगदानमा तपाईंहरू गौरवबोधको हकदार होइन? पछि मकवानपुरका सेन वंशद्वारा शासित भई ४५१ वर्षसम्म संगसंगै सांस्कृतिक चेतना उत्थानमा हामी समेत सहभागि नभएको भन्न सक्दछौं? मिथिला यसरी गम्भीर भएर सोचौ । हामी अलगअलग संस्कृतिका होईनौ । यसको सम्मान बृद्धिमा हामी सबैको सम्मान हो । हामीलाई आक्रमणकारी जरासंध र अजात शत्रुको प्रसंशा स्विकार्य छैन । जसले हामीमाथी आक्रमण गरे । मिथिला, विदेह, तिरहुत हाम्रो गौरव हो । जनकपुर हाम्रो शान हो । जनक, जानकी हाम्रा आदर्श हुन् ।

# प्रदेश २ को नाम 'मधेश' नै उपयुक्त



ललित कुमार यादव

नेपालको सन्दर्भमा मधेश भनेर सिवालिक पहाडहरूको दक्षिणतर्फ रहेको तराई क्षेत्रको समथर भू–भाग लाई चिनिन्छ । तराईवासीहरू माझमा पहिचानको आधारको रूपमा रहेको सांस्कृतीक र भाषिक भूमी भनी मधेश परिभाषित रहेको छ ।

मधेशी शब्दको शाब्दिक अर्थ मधेशका मानिसहरू हुन् । प्रायजसो पहाडीहरूले तराईवासीहरू सच्चा नेपाली होइन भनेर जनाउन मधेशी शब्द प्रयोगमा ल्याएको देखिन्छ । मधेशी शब्द मधेशका जनताहरूलाई जबरजस्ती गरिएको थियो, तर तराईवासीहरूले यसलाई सहर्ष स्वीकारे र मधेशलाई आफ्नो सांस्कृतिक र भाषिक पहिचानको भूमी भनेर घोषण गरि स्वामित्व लिए । यसरी तराईवासीहरू मधेशी हुन् र मधेशीहरूको पहिचान मधेश हो ।

युगौंदेखि मधेशीलाई बहिस्करणमा पारिएको थियो । आफ्नै देशमा मधेशीहरू विभेदमा पारिएको इतिहास छ । सन् १९९० को दशकमा मधेशी जनताको सामाजिक–सांस्कृतिक, भाषिक र राजनीतिक अधिकारको पैरवी गर्न तत्कालीन नेपाल सदभावना पार्टीले शूरू गर्यो । जन आन्दोलन २०६२/०६३ पश्चात मधेशी जनताको अधिकार सम्बन्धी बहस व्यापक रूपमा अगाडी बढ्यो । मधेशी जनताहरू आफ्ना अधिकार प्राप्तिका लागि आन्दोलनमा जान बाध्य भयो ।

माओवादी द्वन्द्व समाप्त भएको झण्डै एक दशककै अवधिमा मधेश तीन पटक आन्दोलित हुनु पयो । नेपालले तिनवटा मधेश आन्दोलन हेर्ने अवसर प्राप्त गर्यो । पहिलो मधेश आन्दोलन ऐतिहासिक जन आन्दोलनको २०६२/०६३ कै निरन्तरताको रूपमा सम्पन्न भयो । यो आन्दोलन नेपाल राज्यप्रतिको मधेशी जनताको आक्रोशको परिणम स्वरूप भयो । यसले संवैधानिक पहिचान, प्रतिनिधित्व र राजनितिक शक्तिलाई निश्चित सीमामा ल्याउन सफल भयो ।

संघीयता, सामानुपातिक प्रतिनिधित्व र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र मुख्य रूपमा यिनै तीन राजनीतिक ऐजेण्डासहित दोस्रो मधेश आन्दोलन भयो । यसले स्वायत्त मधेश प्रदेशको परिकल्पनासहित संघीयतालाई संविधानमा समेटन सफल भयो ।

दोस्रो मधेश आन्दोलनलाई सम्बोधन गर्ने क्रममा नेपाल सरकार र संयुक्त मधेशी मोर्चाबीच भएको सम्झौताको २ नं. बुँदामा यस्तो उल्लेख गरिएको थियो : मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रूपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरू पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ । यो सम्झौता हुने बेलामै मधेश प्रदेशको परिकल्पना गरेको र यसमा नेपाल सरकार सहमत भएको देखिन्छ ।

सामाजिक परिवर्तनका लागि आन्दोलनका बाबजुद मधेशी जनतामाथिको विभेद कायम नै थियो र समान ब्यबहारबाट बंचित गरियो । मधेश आन्दोलन सम्बोधन गर्न नेपाल सरकारले गरेको २२ बुँदे र ८ बुँदे सम्झौता प्रति सरकार इमन्दार देखिएन । फेरि मधेश आन्दोलन शुरू भयो । यसले नाकाबन्दीको रूप समेत लियो, तर आन्दोलनले मधेशले खोजेको परिवर्तन स्थापित गर्न सकेन । अहिले पनि मधेशको मुद्दा सम्बोधन हुन बाँकी नै रहेको र ओझेलमा पर्दै गएको छ ।

हरेक परिवर्तनमा मधेशको अहम भूमिका रहदै आएको छ । नेपालमा संघीयता स्थापित हुनुमा मधेश आन्दोलनको मुख्य योगदान रहेको छ । यसलाइ नै मधेश आन्दोलनको महत्वपूर्ण सफताको रूपमा लिन सकिन्छ, तर मधेशी जनतालाई नै चाहनाअनुसारको मधेश प्रदेशबाट राज्यले बन्चित गरेको तितो यथार्थ मधेशसँगै रहेको छ ।

प्रदेश नं. २ मा तराईको ८ जिल्लाहरू मात्र समेटिएको छ । यसमा मधेशको असन्तुष्टी रहेको छ । यही असन्तुष्टीको कारण तेस्रो मधेश आन्दोलन भएको थियो । अहिले प्रदेश सरकारको नेतृत्वमा मधेश आन्दोलनका नेतृत्वकर्ता दलहरू नै रहेका छन् । यसकारण पनि सत्तापक्षका दलहरू मधेश आन्दोलनको भावना विपरित जान सक्ने अवस्था छैन । मधेश आन्दोलनले नै मधेश प्रदेशको परिकल्पना गरेको कारण, यसमा सबै दलले सहयोग गर्नु नै मधेश आन्दोलन प्रतिको सम्मान हुने ।

नामको आफ्नै महत्व हुने गर्छ । यसले साझा पहिचान र इतिहास को प्रतिनिधित्व गर्न सक्नु पर्छ । यसप्रति सबैले गौरव गर्न सक्नु पर्ने हुन त्यति नै जरूरी हुन्छ । मतदानबाट नामाकरण टुङ्ग्यान सकिन्छ । मतदान संविधानमै व्यवस्था गरिएको प्रावधान पनि हो । मतदानबाट निर्णय गर्न पनि दुई तिहाइको आवश्यकता हुन्छ । मतदानमा जाने प्रदेश सभाको अधिकार पनि हो , तर दलहरू सहमतिमा नआएसम्म कुनै प्रस्तावको पक्षमा आवश्यक मत पुग्ने प्रदेशसभाको अंक गणित छैन ।

मतदानबाट टुङ्ग्याउन समेत एउटा दलले अर्को दलको प्रस्तावलाई दुई तिहाइ पुग्ने गरी सहयोग गर्नु पर्ने हुन्छ । दलहरूबिच सहमति नभइ कुनै दलको प्रस्तावको पक्षमा दुई तिहाइ पग्ने अवस्था छैन । विपक्षी दलहरूले समेत प्रस्ताव गरेको नाममा मधेश जोडेका छन् । यस्तोमा सहमतिकै आधारमा प्रदेश २ को नामाकरण मधेश नै गर्नु उपयूक्त हुने र यसमा ठूला दलले आफ्नो अडान छोडनु पर्ने हुन्छ । यो नै मधेश र मधेशी जनताप्रतिको दलहरूको सम्मान हुनेछ ।

## संक्षिप्त समाचार

### प्रदेशसभालाई बन्धक बनाएको आरोप

धनगढी । सुदूरपश्चिम प्रदेशसभालाई सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले बन्धक बनाएको प्रतिपक्षी दल नेपाली कांग्रेसका नेताले आरोप लगाएका छन् । कोरोना भाइरसको जोखिमबाट जोगिने लगायत महत्वपूर्ण समसामयिक विषयमा छलफल गर्नुपर्ने बेलामा उल्टै एक महिनादेखि प्रदेश सभाको बैठकलाई अनिश्चत बनाइएको उनीहरूको ठहर छ । नेपाली कांग्रेस र राष्ट्रिय जनता पार्टीको संसदीय दलले संयुक्त रूपमा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रतिपक्षी नेताले यथाशीघ्र संसद सञ्चालनका लागि पहल गर्न प्रदेश सरकारलाई आग्रह गरेको छ ।

### रंगेलीमा जिम क्लब संचालन

मोरङ । मोरङको रंगेली नगरपालिका-७ को मुख्य बजारमा रंगेली नगर युवा क्लवद्वारा जिम खाना सञ्चालन ल्याएको छ । नगरपालिका भित्र रहेका युवाहरूलाई स्वास्थ्य राख्ने उदेश्यले नगर युवा क्लवले रंगेली मै पहिलो पटक अत्याधुनीक प्रविधिबाट शरीरलाई व्यामको माध्यमबाट स्वास्थ्य र स्फुर्त राख्नका लागि व्यामसाला सञ्चालनमा ल्याएको क्लवका अध्यक्ष निरज साहले बताए । नगरपालिकाले ५ लाख रूपैयाँको सहयोग तथा क्लवबाट ४ लाख रूपैयाँ गरि ९ लाख रूपैयाँको लागतमा साईकेलिङ मेसिन , ईलोकोट्रोनिक साईकलिन, लागायतका सामाग्रीहरू खरिद गरेर रंगेली ब्यामसाला सञ्चालनमा ल्याएका हुन् ।

### पर्यटक आवागमन ठप्प

बुटवल । स्थलमार्ग हुँदै सबैभन्दा बढी पर्यटक भित्रिने रूपन्देहीको बेलहिया नाका अहिले सुनसान छ । नेपाल-भारतले तेस्रो मुलुकका पर्यटकको आगमनमा रोक लगाएसँगै नाका ठप्प भएको हो । बुद्धजन्मस्थल लुम्बिनी पनि सुनसान छ । सँधै व्यस्त हुने अध्यागमन कर्मचारी अहिले फुर्सदिला छन् । अध्यागमन कार्यालय बेलहिया प्रमुख गिरिराज खनालले भने, 'बेलहिया नाकबाट अहिले पर्यटक अवतजावत पूर्णरूपमा ठप्प छ । नेपाली र भारतीय अधिकारीले दुवै तर्फका यात्रुको स्वास्थ्य जाँच्न थालेका छन् ।

### लामखुट्टे नियन्त्रणका लागि औषधि

गौर । गर्मीयामसँगै बढ्दै गएको लामखुट्टेको प्रकोपबाट बचाउने उद्देश्यले गौर नगरपालिकाले नगर क्षेत्रभित्र औषधि छर्ने कार्य सुरू गरेको छ । लामखुट्टेको प्रकोपले समस्या झेल्दै आइरहेका नगरवासीलाई राहत दिलाउने उद्देश्यले नगरपालिकाले नगर क्षेत्रमा औषधि छर्ने कार्य सुरू गरेको छ । नगर क्षेत्रको मेनरोडस्थित नालालगायत नगरको सबै वडामा दिउँसो औषधि छरी लामखुट्टेका अण्डा मार्ने तथा बेलुका मेसिनले धुवाँ छरी लामखुट्टे मार्ने कार्य सुरूवात गरिएको गौर नपा-१ का वडाध्यक्ष भरत साहले बताए ।

### अवैध कुखुरा नियन्त्रण

नेपालगञ्ज । कोरोना भाइरसका बिरामी भित्रिने डरले सिमानामा अत्याधिक कडाइ गरिएपनि तस्करलाई सो कडाइकोको खासै प्रभाव परेको छैन । नेपाल-भारत सीमा नाकाको मुख्य सडक र भित्रि सडकमा समेत अत्याधिक कडाइ गरिएकै बेला भारतबाट चोरी निकासी गरेर अवैध तरिकाले प्रतिबन्धित कुखुरा भित्र्याउने तस्करले एक हजार किलो कुखुरा भित्र्याउन सफल भएका छन् । त्यसरी भित्र्याइएको अवैध र प्रतिबन्धित एक हजार किलो कुखुरालाई वडा प्रहरी कार्यालय नेपालगञ्जले नियन्त्रणमा लिएको छ । प्रहरी टोलीले मङ्गलबार राति ११ बजे वडा नं. २३ बाट नेपालगञ्जतर्फ भित्र्याइरहेको १० क्विन्टल कुखुरा बरामद गरेको वडा प्रहरी कार्यालय नेपालगञ्जले जनाएको छ ।

### नि:शुल्क सेनेटरी प्याड वितरण हुने

कैलाली । सामुदायिक विद्यालयका छात्राहरूको लागि नि:शुल्क सेनेटरी प्याड वितरण हुने भएको छ । नि:शुल्क सेनेटरी प्याड बितरण गर्ने सरकारको निती तथा कार्यक्रम अनुसार कैलाली निर्वाचन क्षेत्र नम्बर २ मा ९१ लाख ३३ हजार रकम आउने भएको छ । ४ वटा स्थानीय तह भएको यस क्षेत्रमा लम्किचुहा नगरपालिकाका लागि ४२ लाख १२ हजार, बर्दगोरिया गाउँपालिकाका लागि १६ लाख २० हजार, मोहन्याल गाउपालिकाका लागि ११ लाख ५१ हजार र जानकी गाउपालिकाका लागि २१ लाख ५० हजार रूपैया आउने संघिय क्षेत्र नम्बर २ का सांसद झपट बहादुर रावलले बताए ।

### अधिक सञ्चितीले आपूर्ति प्रभावित

विराटनगर । कोरोना भाइरसको सन्त्राससँगै उपभोक्ताले आवश्यकताभन्दा बढी उपभोग्य वस्तुको सञ्चिति गर्न थालेपछि बजारको आपूर्ति व्यवस्था प्रभावित भएको छ । वस्तुको उत्पादन, आयात र उपभोगको अवस्था यथावत् हुँदा पनि बजारमा कतिपय वस्तुको अभाव देखिएकाले वस्तुको सञ्चिति नै भएको सरोकारवालाले बताएका छन् । जिल्ला प्रशासन कार्यालय, मोरङमा सोमबार उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगढको पहलमा उपभोक्ता, उद्योगी र विभिन्न सरकारी कार्यालयका प्रमुखहरूको सहभागितामा छलफल भएको हो ।

### अवैध हतियारसहित पक्राउ

रूपेन्द्र पटेल, रौतहट । रौतहतमा हतियारसहित एक जना पक्राउ परेका छन् । जिल्लाको यमुनामाई गाउँपालिका वडा नं–३ राजपुर तुलसीका ४९ वर्षीय शेष बैतुल्लालाई हतियारसहित पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ । पक्राउ परेका बैतुल्लाको साथबाट चाइनिज पेस्तोल १ थान, कटुवा पेस्तोल १ थान, चाइनिज पेस्तोलमा प्रयोग हुने १ थान म्याग्जिन र ७.६५ एमएमको वाल राउण्ड २ थान बरामद भएको सशस्त्र प्रहरी उपरीक्षक रवीनराज कर्णजीतले जानकारी दिए । सशस्त्र प्रहरीको गस्ती टोलीले चेकजाँच गर्ने क्रममा उनलाई यमुनामाई गाउँपालिका ३ राजपुर तुलसीबाट नियन्त्रणमा लिइएको उपरिक्षक कर्णजीतले जानकारी दिए ।

### साढे १८ केजी चरेशसहित तीन पक्राउ

कपिलवस्तु । शिवराज नगरपालिका-५ बाट लागूऔषध चरेश १८ केजी ५ सय ग्रामसहित ३ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँस्थित डेरा गरी बस्ने दाङ हाँसीपुर गाउँपालिका-२ बस्ने ३१ वर्षीय रमतुल्ला मियाँ, दाङ राप्ती गाउँपालिका-१ बस्ने ४१ वर्षीय जितमान मियाँ र रोल्पा सुनछहारी भित्रिगाम बस्ने ४१ वर्षीय गब्बी बुढा रहेका छन् । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

### जनकपुर-पटना बस सेवा बन्द

जनकपुरधाम । कोरोना भाइरस संक्रमणको कारण जनकपुरदेखि भारत विहारको राजधानी पटनासम्म चल्ने बस सृवा बन्द भएको छ । कोरोना भाइरसको जोखिम भारतमा उच्च भएको भन्दै जनकपुरबाट पटनासम्म चल्ने नेपाल-भारत मैत्री सेवा बस सञ्चालनमा सोमबारदेखि रोक लगाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले जानकारी दिए । दुई वर्षअघि नेपाल र भारतका प्रधानमन्त्रीहरूले जनकपुरधामको जानकी मन्दिरबाट संयुक्त रूपमा दैनिक यातायातका लागि जनकपुर-पटना नेपाल-भारत मैत्री बस सेवाको उद्घाटन गरेका थिए ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

## मलहम

-डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# कोभिड-१९ संक्रमण भइहाले के गर्ने ?

भनिन्छ 'प्रिभेन्सन इज बेटर देन क्योर' कोरोना कोभिड १९को संक्रमण हुनबाट बच्नु वा हुन नदिनु बुद्धिमानी हो । तर महामारीको प्रकोपबाट बच्ने भन्ने कुरा व्यक्ति स्वयंको वसमा हुँदैन । यसर्थ यदि कारोना कोभिड १९को संक्रमण भईहाले के गर्ने भन्ने कुर हरेक नाकरिकले जानी राख्नु महत्वपूर्ण देखिन्छ ।

स्मरण राख्नुपर्ने पहिलो कुरा कुरा के हो भने, संक्रमितले रोगप्रतिरोधात्मक क्षमतालाई बलियो बनाएर भाईरसको असरलाई झेल्नुपर्छ । तर संक्रमण अरूलाई नसरोस भनेर हरेक तरिकाले सचेत रहनुपर्छ । कोही पनि साथीभाईसँग हाथ मिलाउन हुन्न । नमस्कार गर्ने बानी गर्नुपर्छ ।

संक्रमितमा देखिने सामान्य एवं साझा लक्षाणको रूपमा ज्वरो, सुख्खा खोकी र साँस बढ्ने हुन्छ । केहीमा नाक बग्ने, नाक बन्द हुने, धाँटी सुक्ने वा दुख्ने, पखाला लाग्ने आदि हुन्छ । सधैं लक्षण देखिन्छ भन्ने पनि हुँदैन । ज्वरो बाट बच्न उपवास गर्नु उत्तम मानिन्छ । खोकीबाट बच्न दिनभरीमा पटक पटक बेसार पानी वा गुर्जोको काढा बनाएर पिउन सकिन्छ । साँस लिन अप्ठयारो भए तत्काल अस्पताल भर्ना हुनुपर्छ । अक्सिजनको सहार लिनुपर्ने हुनेहुन्छ ।

संक्रमित व्यक्ति दिउँसो सुत्नु हुन्न । दिउँसोको सुताईले वसन्त ऋतु (चैत-बैसाख)मा शरीरमा कफको वृद्धि भई इम्युनिटिलाई असर पार्छ । घर बाहिर पकाईएको नास्ता, खाना वा खाजा खानुहुन्न । साथै माछा, मासु, अण्डा, दुध (मधुर रसयुक्त हुने भएकोले) वा दुधजन्य खाद्यपदार्थ र वेकरी (मैदायुक्त भएकोले) आईटमहरू सेवन गर्नु हुन्न ।

अमेरिकी सरकारको 'सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन'का अनुसार संक्रमित व्यक्ति स्वस्थ संस्थामा गएर सेवा लिन बाहेक घर बाहिर निस्कनु हुन्न । डाक्टरसँगको सम्पर्कमा बस्नुपर्छ र सार्वजानिक यातायातमा यात्रा गर्नु हुन्न । ट्याक्सी वा व्यक्तिगत सवारीहरूको प्रयोग मात्र गनुपर्छ ।

घरमै पनि संक्रमितलाई अरूहरूसँग छुट्टयाउनुपर्छ । यसैलाई होम आईसोलेसन भनिन्छ । घरमा पनि एउटा कोठा बिशेषमा मात्र संक्रमितलाई सिमित बनाउनुपर्छ । उसले प्रयोग गर्ने ट्वाईलेट र बाथरूम पनि छुट्टै बनाउनुपर्छ ।

संक्रमितलाई घरपालुवा जनावर वा कुनै पनि जनावरहरूको सम्पर्कबाट पर राख्नुपर्छ । उ बसेको लगभग ६ फिट बरीपरी अरूलाई सम्पर्कमा आउन नदिनु अरूलाई संक्रमणबाट बचाउनु हो ।

डाक्टरसँग भेट गर्दा डाक्टरलाई आफू संक्रमित रहेको कुरा डाक्टरलाई पहिले नै सुचना दिनुपर्छ ताकि डाक्टर एवं अन्य स्वस्थकर्मीहरू सचेत बन्न सक्छन् ।

यस भाइरसको संक्रमण साँसबाट पनि हुने भएकोले संक्रमितले नाक छोप्न बाक्लो मास्क लगाउनुपर्छ । संक्रमितलाई मास्क लगाएर साँस फेर्न गाह्रो भए मास्क खोल्नु पर्छ तर त्यहाँ वरपर आउने जाने वा बस्ने सबैलाई मास्क लगाउन भन्नुपर्छ ।

हाछिउँ गर्दा, खोक्दा वा थुक्दा कपडाले छोपेर मात्र गर्नुपर्छ । नाक मुख पुच्छन प्रयोग गरिएको रूमाल, कपडा आदिलाई अरूको सम्पर्कमा आउँन दिनु हुन्न । टिस्यु पेपरलाई पनि बन्द डब्बमा राख्नुपर्छ । हातले नाक, मुख, आँखा, कान, अनुहार आदि छाम्दा हरेक पटक २० सेकेन्ड सम्म साबुन पानीले हात घुनुपर्छ । यदि साबुन पानी नपाएको खण्डमा कम्तिमा ६०% रख्सी मिसिएको स्यानिटाईजर प्रयोग गर्नुपर्छ । स्यानिटाईजर हात सुख्खा नहुनजेल राम्रोसँग हात रगड्नुपर्छ । यसरी नधोईएको हातले नाक, मुख, आँसा, कान, अनुहार, वा अन्यत्र छुनु हुन्न ।

घरका अरूसँग संक्रमितले प्रयोग गरेको ग्लास, थाल, कप, चम्चा, तन्ना आदि अरूलाई प्रयोग गर्न दिनुहुन्न । प्रयोग गरी सकेपछी यस्ता बस्तुहरूलाई तत्काल साबुन पानीले धुनुपर्छ ।

घरमा र संक्रमित आईसोलेसनमा बसेको क्षेत्रलाई डिस्इनफैक्टेन्टको प्रयोग गरी प्रत्येक दिन सफाई गर्नुपर्छ । टेलिफोन, मोवाईल, रिमोट, किबोर्ड, बाथरूमको धाराहरू, बेड, टेबल, कुर्सि, आदिलाई पनि पटक पटक डिस्इनफैक्टेन्टको प्रयोग गरी सफाई गर्नुपर्छ ।

संक्रमण भएको १५ दिनपछी यदि विना कुनै औषधिको सहयोग लगातार तीन दिन संक्रमितमा ज्वरो घटेर शरीरको तापक्रम सामान्य भए, खोकी शान्त भए र साँस फेर्न गह्रो नभए व्यक्ति संक्रमणबाट बाहिर आएको बुझिन्छ । यसरी शरीरको रोग प्रतिरोधात्मक क्षमताले कोरोन कोभिड १९ माथि विस्तारै विजय प्राप्त गर्दछ ।

अमेरिकी हार्डवर्ड मेडिकल स्कूलले कोरोना संक्रमणा पछीको निराशा र मानसिक विक्षिप्तताबाट बच्न योग र ध्यान गर्न सिफारिस गरेको छ । योगाभ्यास एउटा समपूर्ण प्याकेज मानिएकोले योग आसनले शरीरलाई पुष्ट, प्राणायामले स्वाँसलाई स्थिर, ध्यानले मनलाई एकाग्र एवं शान्त बनाउँछ बनाई सकरात्मक सोचको अभिबृद्धि गराउँछ ।

अनुसन्धानहरूका अनुसार विश्वमा अहिले सम्म सबैभन्दा बढी संक्रमितको मृत्युदर रहेको चाईनाको हुबई प्रान्तमा त्यसको मात्रा मात्र ३.५ प्रतिशत देखिएको छ । जुन त्यति डरलाग्दो तथ्याङ्क होइन् । ८० बर्ष भन्दा माथिको उमेरको समूहमा संक्रमितको मृत्युदर १४.८ प्रतिशत रहेको छ भने ६० देखि ८० बर्ष सम्मकोमा ३.६ प्रतिशत । बच्चाहरू र युवाहरूमा यसले धेरै प्रभावित नगरेको देखिएको छ । तर दिर्घरोगी र गर्भवतीहरूलाई यसले सताएको भने पाइन्छ । ९१% संक्रमितहरू स्वास्थय उपचारपछी निको भएर घर फर्किन सफल भएका देखिएका छन् । विश्व स्वास्थ संगठनका अनुसार संक्रमित मध्ये ८० प्रतिशत व्यक्तिमा भाईरसको संक्रमण बिना कुनै औषधीको प्रयोग विना आफै निको भएको देखिएको छ ।

कोभिड १९ एक कोरोना समूहको नयाँ भाईरस हो, यसको उपचार छैन, यसको बिरूद्धमा कुनै खोपको आविष्कार भएको छैन । यस भाईरसको इनक्युबेसन पिर्यड १४ दिनको हुने देखिएको छ । साथै यो भाईरस हावाँको (स्वाँसप्रश्वाँसको माध्यमबाट पनि) माध्यमबाट एक व्यक्तिबाट अर्कोमा सर्ने गरेको पाईएको छ । तर यसको संक्रमणले व्यक्ति तत्कालै मरिहाल्दैन । तसर्थ अत्तिनु कदापि हुँदैन ।

कोभिड १९ को संक्रमलाई जित्न सकिन्छ । त्यसको लागि आत्मबल बलियो बनाई राख्नुपर्छ । सचेत संक्रमितले आफ्नो रोग प्रतिरोधात्मक क्षमता सन्तुलमा राखी उसमा देखा पर्ने लक्षहरूको सम्यक रूपमा लाक्षणिक चिकित्सा गर्दै गए कोभिड १९ लाई पाखा लगाउन सकिन्छ भन्ने बिज्ञहरूको मत रहेको छ ।

## नेपाल-भारत सीमामा १४५ आइसोलेशन बेड

काठमाडौं । विश्वरभर फैलिँदै गएको कोरोना भाइरसको संक्रमणबाट बच्न प्रदेश २ ले १४५ आइसोलेशन बेड तयार गरेको छ । कोरोना संक्रमणको रोकथाम तथा उपचारको पूर्व तयारीको लागि हालसम्म स्वास्थ्य सेवा विभागबाट तीन पटक तीन सदस्यीय स्वास्थ्यकर्मीको टोली प्रदेश २ गएको छ । टोलीले प्रदेश सरकार तथा प्रदेशभित्रका विभिन्न अस्पताल पुगेर चिकित्सक तथा अस्पताल व्यवस्थापन पक्षसँग छलफल गरेको प्रदेश २ स्वास्थ्य निर्देशनालयका वरिष्ठ अधिकृत विजय झा बताउँछन् । कोरोनाका शंकास्पद तथा संक्रमितहरूलाई राखेर उपचार गर्न प्रदेश भित्रका विभिन्न अस्पताल (धनुषाको रमदैयास्थित जानकी मेडिकल कलेज शिक्षण अस्पतालमा ६० र सोही अस्पतालको शाखा रहेको जनकपुरधामको ब्रह्मपुरीस्थित सीटी अस्पतालमा २०) मा ८० वटा आइशोलेशन बेड तयार गरिएको छ । यसैगरी पर्साको वीरगञ्जस्थित नेश्नल मेडिकल कलेश शिक्षाण अस्पतालमा ५०, नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा १०, प्रादेशिक अस्पताल जनकपुरमा ५ गरी प्रदेशभरि जम्मा १ सय ४५ आइसोलेशन बेड तयार गरिएको निर्देशनालयका वरिष्ट अधिकृत झाले बताए । निर्देशनालयका अनुसार प्रदेश २ भित्रको नेपाल-भारत सीममा २३ ठाउँमा स्वास्थ्यकर्मीसहितको चेकपोष्ट डेस्क सञ्चालनमा छन् ।

## महेन्द्रनगर-दिल्ली-देहरादुन बस सञ्चालन बन्द

काठमाडौं । विश्वव्यापी रूपमा कोरना भाइरस (कोडिभ-१९) को संक्रमण बढ्दै गएपछि कञ्चनपुरको स्थानीय प्रशासनले महेन्द्रनगरबाट भारतको दिल्ली-देहरादुन बस सञ्चालनमा रोक लगाएको छ। कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नूरहरिप्रसाद खतिवडाले नेपालमा कोरोना संक्रमण फैलिन नदिन नेपाल-भारत मैत्री सेवा बस सञ्चालनमा रोक लगाएको जानकारी दिए । 'महेन्द्रनगरबाट दिल्ली-देहरादुन बस सञ्चालनमा रोक लगाएका छौं,' उनले भने, 'गृह मन्त्रालयको निर्देशनअनुसार बस सञ्चालनमा रोक लगाइएको हो,' उनले भन । सीमा क्षेत्रमा हेल्थ डेस्क सञ्चालन कञ्चनपुरका भारतीय सीमा क्षेत्र गड्डाचौकी, ब्रह्मदेव, चाँदनी र बेलौरीमा हेल्थ डेस्क पनि सञ्चालन गरिएको छ।

## सिक्किमका शैक्षिक संस्था बन्द

गान्तोक । कोरोना भाइरसको बढ्दो प्रकोप रोक्नका लागि सिक्किम सरकारले एक महिनासम्म राज्यका सम्पूर्ण शैक्षिक संस्थान बन्द राख्ने घोषणा गरेको छ । उच्चस्तरीय बैठकमा मुख्यमन्त्री पीएस गोलेले अप्रिल १५ गतेसम्म राज्यका सबै शैक्षिक संस्थान, डिस्को, सिनेमा हल, क्यासिनो, जिम, मेला, ताम्बोलालाई बन्द गर्ने घोषणा गरे । यसका साथै यसै मितिसम्मका लागि सरकारले देशी पर्यटकहरूमाथि पनि रोक लगाएको छ । उच्चस्तरीय बैठकमा कोरोना भाइरसको प्रकोपबाट बच्नका लागि राज्यले गरिरहेको सुरक्षा उपायबारे पनि विशद् चर्चा गरिएको बताइएको छ । यस्तै पश्चिम बंगाल सरकारले राज्यका शैक्षिक संस्थानहरूका विदालाई लब्म्याएर वैशाख ३ गतेसम्म पुऱ्याएको छ । यसैबीच देशका विभिन्न राज्यमा कोरोना भाइरसको संक्रमण बढ्न थालेपछि यसको प्रकोप रोक्नका लागि शैक्षिक संस्थानहरूको विदालाई थप १५ दिन लम्बाएको पश्चिम बंगाल सरकारले जनाएको छ ।

## ताजमहल बन्द

नयाँ दिल्ली । भारतमा पर्यटकहरूका लागि आकर्षणको मुख्य केन्द्र बन्दै आएको ताजमहल बन्द गरिएको छ । कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि भन्दै भारत सरकारले ताजमहलसहित विभिन्न संग्रहालय तथा ऐतिहासिक धरोहरलाई मंगलबारबाट बन्द गरेको हो । उत्तर प्रदेश राज्यको आगरास्थित ताजमहल इतिहासमै तेस्रो पटक बन्द गरिएको हो । ताजमहल पहिलो पटक सन् १९७१ मा भारत-पाकिस्तान युद्धका क्रममा करिब दुई साता बन्द गरिएको थियो । यस्तै, १९७८ मा बाढीका कारण ताजमहल एक साता बन्द गरिएको थियो । यस्तै, भारत सरकारले ३१ मार्चसम्मका लागि ताजमहल, कुतुब मिनार, लाल किल्लासहित देशका ऐतिहासिक धरोहर बन्द गर्ने निर्णय गरेको हो । केन्द्रीय पर्यटनमन्त्री प्रल्हाद पटेलले भने, 'कोरोनाभाइरसलाई मध्यनजर गर्दै विभिन्न स्मारक, केन्द्रीय संग्रहालय ३१ मार्चसम्मका लागि बन्द गरिएको छ ।'


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## सुनौली नाकाको दुवैतिर हेल्थ डेस्क

बुटवल । रूपन्देहीको सुनौली नाकाको दुवै तिर स्वास्थ्य जाँच केन्द्र स्थापना गरिएको छ । कोरोना संक्रमणको त्रासका कारण नाकाको दुवैतिर हेल्थ डेस्क राखिएको हो । भारतबाट नेपालतर्फ आउने नागरिकलाई नेपालतर्फको हेल्थ डेस्कमा र नेपालबाट भारततर्फ प्रवेश गर्नेलाई भारततर्फको हेल्थ डेस्कमा सामान्य स्वास्थ्य परीक्षण गरिन्छ । सुनौली नाकामा भारत र नेपाल दुवैतर्फ आ-आफ्ना स्वास्थ्यकर्मीहरू राखेर हेल्थ डेस्क सञ्चालनमा ल्याइएको छ । भारतले चिकित्सकसहितको टोलीलाई सुनौली नाकामा २४ सै घण्टा खटाएको छ । नेपालतर्फ पनि स्वास्थ्यकर्मीको संख्या बढाएर बिहान ६ बजेदेखि राति १० बजेसम्म स्वास्थ्य परीक्षण गरिन्छ । भारतीय पक्षले एम्बुलेन्स पनि तयारी अवस्थामा राखेका छन् ।

## पशुपतिनगर नाका बन्द

इलाम । नोबल कोरोना भाइरस (कोभिड १९)को कारण देखाउँदै भारतले पूर्वको पशुपतिनगर नाका बन्द गरेको छ । पश्चिमबंगाल सरकारले कोरोना नियन्त्रणका लागि भन्दै नाका बन्द गरेको हो । नेपालतिरबाट भारत जाने र उताबाट भित्रिनै सवारी साधन नाका बन्द भएपछि ठप्प रहेको पशुपतिनगरस्थित इलाका प्रहरी कार्यालयले जनाएको छ । कोरोना नियन्त्रणकै लागि सूर्योदय नगरपालिका, १ नम्बर प्रदेश र संघीय सरकारले पशुपतिनगरका २ स्थानमा हेल्प डेस्क राखेर मानिसको तापक्रम जाँच गरिरहेका छन् । हेल्प डेस्कका लागि ६ स्वास्थ्यकर्मी परिचालन गरिएको छ ।

## स्थानीय सम्वाद

# पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने योजना छ



### लुट बहादुर रावत
### मेयर, कोहलपुर नगरपालिका, बाँके

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. ५ अन्तर्गत तराई क्षेत्रको बाँके जिल्लाको उत्तर पश्चिम कुनामा अवस्थित कोहलपुर नगरपालिकाको पूर्वमा राप्तीसोनारी गाउँपालिका, पश्चिममा बैजनाथ गाउँपालिका, उत्तरमा सल्यान जिल्लाको चुरे पहाड श्रृंखला पर्दछ भने दक्षिणमा जानकी गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिका पर्दछ । वि. सं. २०७१ वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम विं. स.२०७१ ज्येष्ठ ७ गते औपचारिक रूपमा साविकको रझेना गाविस र कोहलपुर गाविसको समायोजन भै कोहलपूर नगरपालिकाको स्थापना भएको हो ।

**० तपाईहरू निर्वाचित भएर आएपछि जनताले महसुश गर्ने खालका के-कस्ता कामहरू गर्नुभयो ?**

– कोहलपुर नगरपालिका केन्द्रविन्दुमा रहेको भए पनि विकास निर्माणको दृष्टिकोणले दुर्गम जस्तै महसुश हुन्थ्यो। हामी यहाँ आएसँगै यहाँको मुख्य सडकबाट प्रत्येक वडासम्म पुग्ने पक्की सडक निर्माण अगाडि बढाएका छौं। कोहलपुर नगरपालिकाको गौरवको योजनामा सडक निर्माणलाई राखेका छौं । यसैगरी आधारभूत तहको शिक्षा पूर्ण निःशुल्क गर्ने भनेर गत वर्ष घोषणा गरेका थियौं। अबको नयाँ शैक्षिक सत्रदेखि त्यो योजनालाई कार्यान्वयन गर्नेछौं। गुणस्तरतीय शिक्षा उपलब्ध गराउन दरबन्दी कम भएका विद्यालयहरूमा दरबन्दी पनि थप गरिरहेका छौं। पर्यटन क्षेत्रमा कोहलपुरदेखि पूर्वपट्टि वडा नम्बर १२ हुँदै १३ नम्बरमा जाने बाँके राष्ट्रिय निकुञ्जको हात्तीसार भएको स्थानसम्म पुग्न स्वागत गेटको निर्माण गरेका छौं। हाम्रो नगरपालिका भित्र जेष्ठ नागरिकका निमित्त वर्षमा एक पटक वडामै गएर स्वास्थ्य जाँच गर्ने, हामीसँग भएको औषधिहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेका छौं। कृषि तर्फ उन्नत जातका बीउ वितरण गर्ने, कृषकहरूलाई प्रोत्साहन गर्ने, सिचाँइका निम्ति मोटरहरू पनि वितरण गरेका छौं ।

**० त्यहाँका जनताले स्थानीय सरकारको अनुभूति गरेका छन् ?**

– सबै योजनाहरू पुरा भईसकेका छैनन् । सडक निर्माण सुरूवाती अवस्थामा छ । जब सडक पूर्ण निर्माण भइसक्छ अनि जनताले महसुश गर्ने हो । छोटा-छोटा योजनाहरू जुन पुरा भइसक्यो त्यसको अनुभूति जनताले गरेका छन् । २० वर्षदेखि जनप्रतिनिधिविहिन भएको स्थानीय तहमा हामी निर्वाचित भएर आउने बित्तिकै कायपलट हुने भन्ने त हुँदैन ।

**० स्थानीय निर्वाचन पश्चात् 'सिंहदरबार गाउँ गाउँ'मा भन्ने गरिन्थ्यो यो नारा पुरा भएको छ ?**

– सिंहदरबारको अधिकार जनताको घरदैलोमा भन्ने नारालाई सार्थकता प्रदान गर्न हामीले १५ वटा वडामा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गरेका छौं । यस्तै भवनहरू पनि निर्माण भइरहेको छ । वडा कार्यालय सम्बन्धित वडामा स्थापना गरेका छौं । जनताको नजिक सेवा पुऱ्याउन हामी हरतबरले लागेका छौं । त्यसैले जनताले महसुश गरेका छन् भन्ने लाग्छ ।

**० संविधानमा व्यवस्था भएको अधिकारहरू सबै पाएको छ स्थानीय तहले ?**

– कतिपय अधिकारहरू अहिले पनि पाएका छैनौं । खानेपानीतर्फ हामीलाई ऐनमा व्यवस्था गरिएको छ तर त्यसको व्यवस्थापनको अधिकार प्रत्याभूत भएको छैन । सामुदायिक वनको क्षेत्रमा पनि त्यसको व्यवस्थापन, अनुगमन गर्न कुनै अधिकार दिइएको छैन । शिक्षा तर्फ माध्यामिक तहसम्म संचालन गर्ने अधिकार त दिइयो आफ्नो पालिकाभित्र कतिपय शिक्षकहरू एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गर्नुपर्ने आवश्यकता देखिन्छ तर त्यो अधिकार हामीलाई दिइएको छैन । केही अधिकार दिने केही अड्काएर राख्ने परिपाटी छ । त्यसले गर्दा संघीय सरकारले स्थानीय तहलाई ऐनमा व्यवस्था भएअनुरूपको अधिकार दिन अझै कन्जुस्याँइ गरिरहेको आभाष हुन्छ ।

**० प्रदेश सरकारसँग तपाईहरूको सहकार्य कस्तो रहेको छ ?**

– प्रदेश सरकारसँग राम्रो सम्बन्ध छ । सडकमा, विद्यालय भवनमा प्रदेशबाट आएका योजनाहरू संचालन भइरहेका छन् ।

**० लामो समयदेखि प्रतिनिधिविहीन भएको स्थानीय तहमा जनताका आकांक्षा कस्तो पाउनुभयो ?**

– जनताका इच्छा, आंकाक्षा फरक-फरक हुन्छन् । अहिले हामी ऐन, नियम, निर्देशिका, कानुन, नियमावली निर्माण गर्ने आफैंले कार्यक्रमहरू संचालन गर्ने गर्दै गर्दा जनताले आशा गरेका इच्छा, आकांक्षा पूरा गर्नेगरी काम गर्न नसक्ने अवस्थामा पनि छौं । यो अवधि होइन अर्को एउटा पाँच वर्षे अवधि काम गर्ने अवसर प्राप्त हुने हो भने बल्ल जनताले महसुश गर्ने गरी काम गर्न सकिएला । यहि अवधिमा नगरपालिकाभित्र रहेका व्याप्त समस्याहरू सबै समाधान गर्न सकिँदैन त्यसको लागि समय चाहिन्छ ।

**० आफ्नो कार्यकालभित्र कोहलपुर नगरपालिकालाई कस्तो बनाउने योजना छ ?**

– यो नगरपालिकालाई आन्तरिक र बाह्य पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने केही योजनाहरू अगाडि बढाएका छौं । पार्कहरूको निर्माण गरेका छौं, हात्तीसारसम्म जान पक्की सडक निर्माण गर्ने काम सुरू गरेका छौं । वडाहरूमा पनि रमणीय पार्कहरू निर्माण गर्ने र सबै वडामा पुग्न पक्की बाटो बनाउने, १५ वटै वडामा खानेपानी योजना संचालन गरेर शुद्ध खानेपानी उपलब्ध गराउने मेरो योजना रहकेको छ । तर, अब समय छोटो छ यी सबै योजनाहरू पुरा हुन्छ कि हुँदैन भन्नेमा द्विविधा छ ।

**० विश्वमै महामारीको रूपमा फैलिरहेको कोरोना भाइरसको विषयमा सचेतना जगाउन र बच्न के कस्ता उपायहरू अबलम्बन गर्नुभएको छ ?**

– कोहलपुर नगरपालिकाका स्थानीय प्रशासन, प्रहरी र संघसंस्थाहरूलाई जुटाएर एउटा बैठकको आयोजना गरेर मूल कमिटीको गठन गरेको छु । कोरोना भाइरस प्रवेश गर्न नदिन र प्रवेश गरिहाल्यो भने पनि फैलन नदिन पूर्व सचेतनामूलक कार्यक्रमहरू संचालन गरेर जनतालाई सचेत गराएका छौं । कोरोना भाइरस सम्बन्धी सचेतना फैलाउन ५० हजार पर्चा पप्पलेट १५ वटै वडाका विद्यालयमा पुऱ्याएर विद्यार्थी मार्फत् घर-घरमा पुऱ्याउन लगाएका छौं । अतिआवश्यक काम बाहेक घरबाहिर ननिस्कन पनि आग्रह गर्दै माइकिङ पनि गरेका छौं ।

## विश्व परिवेश

# पाकिस्तानमा चीनको "मल्टी-बिलियन डलर" परियोजना संकटमा



काठमाडौं। लगभग सात वर्ष अघि चिनियाँ राष्ट्रपति सी जिनपिङले चीनको पश्चिमी भेगमा अवस्थित बन्दरगाहविहीन शिनजियाङ्ग प्रान्तलाई अरबी समुद्रसँग जोड्न, चीन-पाकिस्तान आर्थिक करिडोर प्रोजेक्ट्स (सीपीईसी) को नाममा महत्वाकांक्षी योजना अघि सारेका थिए। जसको मूल उदेश्य सोझै पश्चिम एशिया तथा युरोपमा स्थलमार्गबाट आफ्नो व्यापार बढाउन सकियोस। तर अहिलेसम्म, उक्त योजना वास्तविकतादेखि धेरै टाढा देखिन्छ।

सीपीईसी अन्तरगत मूल रूपमा बन्दरगाह, सडक, रेलवे, पाइपलाइन, दर्जनौं कारखानाहरू र पाकिस्तानको सबैभन्दा ठूलो एयरपोर्ट लगायतका योजनाहरू पर्दछन्। पाकिस्तानको दक्षिण पश्चिम तटमा रहेको ग्वादरको दुर्गम स्थानमा नयाँ एयरपोर्ट बेजिङ्गको आर्थिक सहयोगमा तीन वर्ष पहिले नै सम्पन्न हुनुपर्ने थियो। तर, उक्त क्षेत्रमा अझै पनि खिया लागेको फलाम जस्तै रंगको बालुवा, फोहोरका टुक्राहरू यत्र तत्र छरिएको सामानहरू देख्न पाइन्छ।

निर्माणाधीन एयरपोर्ट समुद्री किनारको एउटा कुनामा अवस्थित छ, जसमा निर्माण गर्ने कारखानाहरू चलेका छैनन्। जहाँ पाकिस्तान नौसेनाको एक मात्र जहाज तैनाथ छ र त्यहाँ कराचीबाट साप्ताहिक रूपमा चल्ने निर्धारित कार्गो पनि चलाउने कुनै संकेत देखिएको छैन। घोषित सीपीईसी परियोजनाहरूको एक तिहाई काम सकिएको छ। चिनियाँ सरकारी विवरण अनुसार कूल बजेटको करिव १९ अर्व डलर बराबरको कार्य भएको बताइएको छ। काममा ढिलासुस्ति हुनुमा चिनियाँ पक्षले पाकिस्तानलाई धेरै दोष देखाएको छ।

बारम्बार निर्माण लक्ष्यहरू गुमाउनको पछाडि पैसाको अभाव मुख्य कारण भएको बताइएको छ। पैसाको अभावले नै पाकिस्तानले गत वर्ष अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट ६ अर्ब अमेरिकी डलरको बेलआउट रकम पाएको थियो। जुन, १९८० को दशक पछि पाकिस्तान १३ औं राष्ट्र बनेको छ। यहि बीचमा, दुई जना प्रधानमन्त्रीलाई पनि भ्रष्टाचारको आरोपमा जेल सजाय दिइयो।

सीपीईसी परियोजना बलूचिस्तान प्रान्तको ग्वादरमा पर्छ। जहाँ बलोच लिबरेशन आर्मीको छुट्टै देशको चाहनाले त्यहाँको जीवनलाई चिन्तित तुल्याएको छ। यहि चिन्ताकै बीचमा गत वर्षको मे महिनामा, आतंककारीहरूको समूहले शहरको पाँच तारे पर्ल कन्टिनेन्टल होटेलमा आक्रमण गररे पाँच जना व्यक्तिको हत्या गरेका थिए।

तर ग्वादरको आयोजनामा भएको ढिलाइमा चीनलाई देखाइदैछ। चीनले पाकिस्तानमा मात्र नभई श्रीलंका, मलेसिया र केन्यालगायत विश्वका धेरै देशहरूबाट आफ्नो महत्वाकांक्षी परियोजना फिर्ता लिन शुरू गरिसकेको छ।

चीनको आर्थिक बृद्धि तीन दशक यताकै सबैभन्दा कम दरमा बढ्नु, मुद्रास्फीति बढ्नु र अमेरिकासँगको व्यापार युद्धको प्रभावलाई पनि महसुस गरिरहँदा चीनले यस्ता आयोजनाबाट पछि हट्न खोजेको देखिदैछ। र हालसालै हुबेईको राजधानी वुहानबाट शुरू भएको कोरोना भाइरसको प्रकोपले त झन स्थिति अझ डरलाग्दो हुने भएकाले आगामी परिस्थिति अझ खतरा हुने चीनले महशुस गरेको उक्त रिपोर्टले जनाएको छ।

## महिला विरूद्ध हुने विभेदमा पाकिस्तान अग्रस्थानमा

एजेन्सी। संयुक्त राष्ट्रसंघ विकास परियोजना (युएनडिपी)ले निकालेको एक रिपोर्टका अनुसार पाकिस्तान विश्वमा महिलाप्रति भेदभाव हुने देशमा पहिलो स्थानमा रहेको छ। पाकिस्तान पछि कतार र नाईजेरिया रहेका छन्।

युएनडिपीले गरेको एक सर्वेक्षणमा महिलाप्रति विभेद पाकिस्तानमा ९९.८१५ले सामान्य मानेका छन् भने नाईजेरिया र कतारमा ९९.७३५ले सामान्य मानेका छन्। सामाजिक विश्वासले लैंगिक समानतामा कसरी असर गरेको छ भन्ने सन्दर्भमा सर्वेक्षण भएको थियो। विश्वका ७५ देशमा उक्त सर्वेक्षण गरिएको थियो।

विश्व महिला दिवसका दिन पाकिस्तानमा महिला अधिकारका लागि भएको प्रदर्शनमा लैंगिक विभेदको अन्त्य, दैनिक कामको ज्यालामा पुरूष बराबरको अधिकार एवं यौन दुर्व्यवहारको अन्त्य लगायतका मागहरू राखिएका थिए।

महिला मार्च नाम दिइएको उक्त प्रदर्शनमा आर्थिक एवम् वातावरणीय न्याय, प्रजननको अधिकार, महिलाका लागि सुरक्षित सार्वजनिक स्थलको माग गर्नुका साथै पाकिस्तानमा रहेका अल्पसंख्यकहरूको अधिकारको माग उठाइएको थियो।

सन् २०२०को विश्व आर्थिक फोरमको रिपोर्ट अनुसार पाकिस्तान लैंगिक भिन्नतामा १५३ देश मध्य १५१औं स्थानमा रहेको छ।

## उत्पीडन विरूद्ध सिन्धीहरूद्वारा राष्ट्रसंघमा प्रदर्शन

काठमाडौं। विश्व सिन्धी महासभाले पाकिस्तानको सिन्ध प्रान्तमा अल्पसंख्यकहरू, विशेष गरी हिन्दूहरूको उत्पीडनको मुद्दालाई उठाउन संयुक्त राष्ट्र संघको जेनेभास्थित कार्यालय अगाडि हप्ता प्रदर्शन गरेका छन्। सिन्धीहरूको प्रदर्शनमा पस्तुन, काश्मिरी र बलोचका राजनीतिक कार्यकर्ताहरू समेत सामेल थिए। उनीहरूले सिन्धी राजनीतिक कार्यकर्ताहरूलाई बेपत्ता पारिएकोमा चिन्ता व्यक्त गरेका थिए भने पाकिस्तानी सेना विरूद्ध नाराबाजी गरेका थिए। पाकिस्तानी सेनाले नाबालिग हिन्दु महिलाहरूलाई अपहरण गर्ने र कट्टरपन्थीहरूलाई सहयोग गरिरहेको उनीहरूले बताएका छन्। विगत केही महिनादेखि अल्पसंख्यकहरू विरूद्धको उत्पीडन बृद्धि भएको विश्व सिन्धी महासभाका सदस्य हिदायत भुट्टोले भने। हालैका वर्षहरूमा जबर्जस्ती अपहरण र मुसलमानहरूले हिन्दू महिलाहरूलाई धर्म परिवर्तन गरेको धेरै घटनाले पाकिस्तानको अल्पसंख्यक समुदायलाई जरैदेखि हल्लाएको छ भने उनीहरूले आफ्नो धर्म, संस्कृति र आस्था बचाउन न्यायको माग गरिरहेका छन्। विश्व सिन्धु महासभाका महासचिव लखु लुहानाले विश्व समुदायलाई पाकिस्तानमाथि दवाब बढाउन र अपराधीमाथि कारबाही गर्नका साथै सिन्धी समुदायको उत्पीडन रोक्न आग्रह गरे। हिन्दू र ईसाई महिलाहरूको अपहरण र जबरजस्ती धर्म रूपान्तरण पाकिस्तानमा प्रचुर मात्रामा छ। यस्ता घटनाहरू व्यापक भएकाले धेरै पीडित परिवारहरू भारत लगायत विदेशमा बसाइँ सर्न बाध्य भएका छन्।

# मोदीको कदममा साथ दिने सार्क सदस्य राष्ट्रहरूको प्रतिवद्धता




काठमाडौं। सार्कका सदस्य राष्ट्रहरूले कोभिड-१९ विरूद्ध सार्क 'इमर्जेन्सी फण्ड' बनाउन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको प्रस्तावलाई स्विकार गर्दै सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले कोरोना भाइरस विरूद्धको लडाईमा सार्क राष्ट्रहरूबीच सहकार्य आवश्यक रहेको बताए। कोरोना भाइरसविरूद्ध साझा रणनीति बनाउन आयोजित सार्कका नेताहरूको भिडियो कन्फरेन्समा अफगान राष्ट्रपति घानीले अन्य मुलुकबाट सहयोग भए पनि नभए पनि सार्क राष्ट्रहरू भने यसका लागि जुट्नुपर्ने बताएका हुन्।

भुटानका प्रधानमन्त्री लोटे छिरिङले कोरोना भाइरसको संक्रमण रोक्न उच्च सतर्कताका साथ काम भइरहेको बताए। भिडियो कन्फरेन्समा बोल्दै प्रधानमन्त्री छिरिङले भने, 'कोरोनाको संक्रमण रोक्न भुटानीहरूलाई एकताबद्ध हुन हामीले निर्देशन दिएका छौं।' श्रीलंकाका राष्ट्रपति गोतापाया राजापाक्षेले कोरोना भाइरसको संक्रमण विरूद्ध सार्क राष्ट्र सहकार्य गरेर अघि बढ्नु पर्ने बताएका छन्। उनले कोरोना विरूद्धको साझा धराणा बनाउन कदम चालेकोमा प्रधानमन्त्री मादीलाई धन्यवाद दिए।

यसैगरी, बंगलादेशकी प्रधान्त्री शेख हसिनाले कोरोना भाइरसविरूद्ध साझा धारणा आवश्यक रहेको बताउँदै कोरोना भाइरसविरूद्धको लडाइँमा सहकार्य गर्न आह्वान गरिन्। दक्षिण एसियाली मुलुकहरूले सहायता गर्न आवश्यक रहेको उनको धारणा थियो। उनले बंगलादेश यसका लागि तयार रहेको बताउँदै सार्कका नेताहरू एकठाउँमा भेला भएकोमा धन्यवाद दिइन्। यस्तै, माल्दिभ्सका राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहले कोरोना भाइरसविरूद्ध कुनै पनि राष्ट्रले एक्लै लड्न नसक्ने बताएका छन्।

कोरोना भाइरसविरूद्ध साझा रणनीति बनाउन सार्कका नेताहरूको भिडियो कन्फरेन्समा राष्ट्रपति सोलिहले कोरोना भाइरसको रोकथामका लागि साझा प्रयास आवश्यक रहेको बताएका हुन्। उनले भारतले गरेको सहयोगप्रति विशेष धन्यवाद दिए। यस्तै, कोरोना भाइरस महामारी नियन्त्रणका लागि पाकिस्तानले सक्दो प्रयास गरिरहेको स्वास्थ्य मामिलाका लागि पाकिस्तानी प्रधानमन्त्री इमरान खानका विशेष सल्लाहकार जाफर मिर्जाले जनाएका छन्। कोरोना भाइरसविरूद्ध साझा रणनीति बनाउन सार्कका नेताहरूको भिडियो कन्फरेन्समा बोल्दै उनले पाकिस्तानमा यसको रोकथामका लागि आवश्यक स्वास्थ्य सतर्कता अपनाएको समेत जनाए।

कोरोना भाइरस (COVID-19) रोगको संक्रमणबाट बच्न

अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन

सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## चीनको गलत खाने बानीको कारण कोरोनाको प्रकोप

काठमाडौं। चिनियाँहरूको खाने बानीले गर्दा विश्वव्यापी रूपमा कोरोनाको संकट देखिएको रावलपिन्डी एक्सप्रेसका नामले परिचित पाकिस्तानका पूर्व क्रिकेटर शोएब अख्तरले बताएका छन्। कोरोना भाइरसका कारण पाकिस्तान सुपर लीग (पीएसएल) तथा इन्डियन प्रीमियर लीग (आईपीएल) स्थगित हुँदा दुवै राष्ट्रलाई ठूलो आर्थिक नोक्सानी भएको उनले बताए। अख्तरले भने, 'आतंकवाद भन्दा कोरोनाका कारण मानिसहरू अझ धेरै डराएका छन्।' युट्यूब च्यानलको माध्यमबाट भाइरसको फैलावटमा निराशा व्यक्त गर्दै अख्तरले भने, "जब भगवानले तपाईंलाई धेरै पशुधनहरू दिनुभएको छ भने तपाईं किन त्यो खान सक्नुहुन्न ? किन चमेरा, बिरालो र कुकुर खानुपर्दछ, तिनीहरूको पिशाब र रगत पिउनुहुन्छ अनि सारा विश्वमा भाइरस फैलाउनुहुन्छ ? शोएब अख्तरले स्पष्ट पार्दै भने, 'म चिनियाँ जनताको बिरूद्ध छैन तर चिनियाँहरूले आफैंले नराम्रो काम मात्र गरेनन् अरूको लागि पनि खतरा सिर्जना गरेका छन्।'

## जिल्ला समाचार

### मधेशी निजामती कर्मचारी मञ्च पुनर्गठित

जनकपुरधाम। नेपाल मधेशी निजामती कर्मचारी मञ्च धनुषा जिल्ला कार्य समिति पुनर्गठन भएको छ। जनकपुरधामस्थित चरन विकास तथाघाँसे बालीबप्उ वृद्धि फारममा मंगलबार बसेको मञ्च जिल्ला कार्य समिति धनुषाको बैठकले कार्य समितिमा रिक्त रहेका पदहरूमा पूर्ति गर्दै पुनर्गठन गरिएको छ। आधिकारिक ट्रेड युनियन तथा मञ्चका जिल्ला अध्यक्ष रामबाबु साहको उमेर हदका कारण गत पुसमा सेवा निवृती भएको कारण मञ्चको जिल्ला कार्यसमिति धनुषाको अध्यक्ष पदको जिम्मेवारी कार्य समितिका उपाध्यक्ष दीपक ठाकुरलाई दिने निर्णय गरेको हो। त्यसैगरी बैठकले आधिकारीक ट्रेड युनियन, धनुषाको अध्यक्ष पदमा मञ्चकै तर्फबाट प्रतिनिधित्व हुने व्यवस्थाअनुसार आधिकारीक ट्रेड युनियन, धनुषाको अध्यक्ष पदमा देवेन्द्र कुमार मिश्रलाई चयन गरी पठाउने निर्णय समेत गरेको छ। बैठकले मञ्चको रिक्त उपाध्यक्षहरूमा क्रमश: नविनकुमार झा र राजकुमार साहलाई समेत चयन गरेको जानकारी मञ्चका महासचिव तथा प्रदेश नं. २ का संयोजक बेचनकुमार महतोले दिएका छन्।

### सरसफाई अभियान प्रभावकारी बन्दै

विराटनगर। प्रदेश १ को सामाजिक विकास मन्त्रालयले सुरूवात गरेको सिंघिया खोला सरसफाई अभियान निरन्तर चलिरहेको छ। विराटनगर महानगरपालिका वडा नं. १ धनावत पुल चोकस्थित सिंघिया खोलाबाट १ न. प्रदेशका माननीय सामाजिक विकास मन्त्री जिवन घिमिरेको संयोजकत्वमा शनिबार सुरू गरिएको सरसफाई अभियानमा छैटौ पटकमा पुगेको छ। सरसफाई अभियानमा विराटनगर महानगरपालिकाका मेयर भिम पराजुली, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, बिभिन्न संघ सस्थाका प्रतिनिधिहरू, राजनैतिक दलका अगुवा, नागरिक समाज र स्थानिय सक्रिय रूपमा उपस्थित रहेको थियो। छैटो पटकको सरसफाई अभियानमा ३ सय भन्दा बढीको उपस्थित रहेको थियो। १५ दिनको अन्तरमा हरेक शनिबार आयोजना हुँदै आएको सरसफाई अभियानमा श्रमदान गर्ने व्यक्तिहरूलाई मन्त्री घिमिरले धन्वाद प्रकट गरे। अहिलेसम्म नदिको ७ किलोमिटर भन्दा बढी सरसफाई गरिएको मन्त्री घिमिरले बताए। अब नदिको ३ किलोमिटर पनि सरसफाई गरिने र नदीलाई दिर्घकालिन रूपमा तटबन्धन गरेर अगाडी बढ्ने मन्त्री घिमिरेले उद्घोष गरेका छन्।

### प्रदेशसभा सदस्यमा शंकर गिरी

बुटवल। प्रदेश ५ को रिक्त प्रदेशसभा सदस्य पदमा शंकर गिरी चयन भएका छन्। नेपाली कांग्रेसको सिफारिसमा गिरी प्रदेशसभा सदस्य नियुक्त भएका हुन्। निर्वाचन आयोगको बैठकले गिरीलाई प्रदेशसभा सदस्यमा निर्वाचित भएको घोषणा गरेको छ। विपक्षी दल नेपाली कांग्रेसका नेता बलदेव शर्मा पोखरेलको निधन भएपछि प्रदेश सभामा समानुपातिकतर्फ एक सदस्य पद रिक्त थियो। गिरीलाई सोही रिक्त पदमा नियुक्त भएका हुन्।

### भन्सारमा कोरोनाको प्रभाव शून्य

वीरगन्ज। वीरगन्ज नाका भएर हुने अन्तराष्ट्रिय कारोबारमा कोरोनाको प्रभाव देखिएको छैन। भारत र तेस्रो मुलुकसँग सबैभन्दा धेरै कारोबार वीरगन्ज नाकाबाटै हुन्छ। यस नाकामा वीरगन्ज र सिर्सिया सुख्खा बन्दरगाह गरि दुई भन्सार छन्। यी दुवै भन्सार हुदै भारत तथा तेस्रो मुलुकबाटै वस्तुको आयात र राजस्व संकलनमा कोरोनाको असर नरहेको सम्बन्धित भन्सार कार्यालयले जनाएका छन्। गत फागुन महिनामा भारत लगायत तेस्रो मुलुकबाट वीरगन्ज नाकामा ६७ अर्ब २८ करोड ८६ लाख मूल्य बराबरको वस्तु नेपाल भित्रिएको छ। गत आर्थिक वर्षको यस अवधिमा ६५ अर्ब ११ करोड २५ लाखको वस्तु आयात भएको थियो। गत वर्षभन्दा यस वर्षको फागुनमा एक अर्ब २९ करोड ६० लाख बढी मूल्यको सामान भारत तथा तेस्रो मुलुकबाट आयात भएको वीरगन्ज भन्सार कार्यालयले जनाएको छ। सबैतिर कोराना भाइरसको प्रभावका कारण वस्तु आयात/निर्यातमा प्रभाव परे पनि वीरगन्ज भन्सारमा कुनै असर देखिएको छैन।

### कोरोनाको हल्लाले चिन्तित

धनगढी। भारतका विभिन्न राज्यमा कोरोना भाइरस फैलिएको हल्ला फैलिएपछि नेपालबाट काम र पढाइका सिलसिलामा भारत गएका परिवार चिन्तित भएका छन्। धनगढी उपमहानगद्धरपालिका ३ का लिलाधर भट्टका छोरा भारतको बैंगलोरमा आईटी अध्ययनरत छन्। उनको परीक्षा सकिने बेला भएको छ। भारतले धेरै राज्यमा कोरोना देखा परेकाले परीक्षा भइरहेका बाहेकका विद्यालय बन्द गरिसकेको छ भने परीक्षा भइरहेका कलेजको सकिने बित्तिकै विदा गरिरहेको छ। परीक्षा सकिएर छोरालाई घर आउन भनेका भट्ट शनिबारदेखि नै अलमलमा परेका छन्।

### नेपाल-भारत प्रवेश गर्न स्वास्थ्य जाँच अनिवार्य

बाँके। विश्वव्यापीरूपमा फैलिँदै गएको कोरोना भाइरसको संक्रमण रोकथामका लागि स्वास्थ्य जाँचबिना नेपाल-भारत प्रवेशमा रोक लगाइने भएको छ। कोरोना भाइरसको संक्रमण रोकथामका लागि नेपाल र भारतका अधिकारीबीच भएको छलफलपछि जाँचबिना सीमामा ओहोरदोहोर गर्न रोक लगाइने भएको हो। कोरोना भाइरसको संक्रमण फैलनसक्ने भन्दै नेपाल-भारत दुवै देशका अधिकारीले सीमाक्षेत्रमा सुरक्षा र स्वास्थ्य जाँचलाई अझ कडा बनाइने निष्कर्ष निकालेका छन्। सीमावर्ती भारतीय नाका रूपैडिहाको अवलोकन गर्न आएका भारत उत्तरप्रदेशको बहराइच जिल्लाका डीएम शम्भुकुमार र एसपी विपिनकुमार एक्कासी नेपालगञ्ज आइपुगेका थिए। उनीहरूले बाँकेका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्का र बाँकेका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक वीरबहादुर ओलीलगायतका नेपाली अधिकारीसँगको भेटपछि स्वास्थ्य जाँचबिना नेपाल-भारत प्रवेशमा रोक लगाइने निष्कर्ष निकालिएको हो। नेपालगञ्जदेखि १९० किमी टाढा लखनऊमा समेत कोरोनाको संक्रमण देखिएपछि नेपालगञ्ज नाकालाई जोखिमपूर्ण मानिएको छ। यो निष्कर्षसँगै अब नेपालगञ्जदेखि दैनिक उपभोग्य सामान खरिद तथा अन्य कामका लागि भारतीय बजार रूपैडिहा जाने र भारतबाट नेपालतर्फ आउने नागरिकको स्वास्थ्य जाँच अनिवार्य गरिनेछ।

### ऐन बनाएर भुक्तानी गर्ने सहमति

जनकपुरधाम। प्रदेश सरकारमार्फत गत आर्थिक वर्षमा गरेको विकास निर्माणको कामहरू मध्ये भुक्तानी गर्न बाँकी रहेको बक्यौता रकम ऐन बनाएर भुक्तानी गर्ने सहमति भएको छ। गत वर्षमा भएको विकास निर्माणको कामहरूको भुक्तानी हुन नसकेपछि लामो समय अनिर्णयको बन्दी बनेको प्रदेश सभाको निर्देशनमा सोमबार बसेको सर्वपक्षीय बैठकले ऐन बनाएर भुक्तानी गर्ने निर्णय गरेको हो। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी, सभामुख सरोज कुमार यादव, सरकारका मन्त्रीहरू, प्रमुख प्रतिपक्षी दल नेकपाका नेता सत्यनारायण मण्डल, प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता रामसरोज यादव, संसदीय समितिका सभापतिहरू, प्रमुख सचिव लगायतका सबै मन्त्रालयका सचिवहरू सम्मिलित सर्वपक्षीय बैठकले प्रदेश सभाबाट ऐन बनाएर भुक्तानी गर्ने सहमति गरेका छन्। भुक्तानीका लागी अर्थमन्त्रालयले विधेयक ल्याउने र प्रदेश सभाबाट पारित गरि भुक्तानी गरिने छ। त्यसका लागि सम्भवत: भोली नै विधेयक प्रदेश सभामा दर्ता गरिने तैयारी गरिएको स्रोतले जनाएको छ।

### चोरीपैठारीको औषधी बरामद

रौतहट। रौतहट जिल्लाको गौर नगरपालिका ८ स्थित दालमिल ईलाकाबाट एपीएफ टोलीले करीब एक लाख ४२ हजार रूपैयाँ बराबरको चोरीपैठारीको औषधी बरामद गरेको छ। डी एल ९ एस ए डी ३३७२ नम्वरको भारतिय मोटरसाईकलमा राखेर भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउदै गरेको उल्लेखित मूल्य बराबरको औषधी सशस्त्र प्रहरी बल नेपाल नम्वर ११ गण रौतहटबाट सशस्त्र प्रहरी सहायक निरीक्षक बिनोदकुमार चौधरीको कमाण्डमा खटिएको एपीएफ टोलीले बरामद गरेको हो। एपीएफ टोलीले त्यसबेला उक्त औषधि ल्याउन प्रयोग भएको उक्त मोटरसाईकलसमेत बरामद गरेको छ। बरामद औषधी तथा मोटरसाईकल स्थानीय भन्सार कार्यालयमा बुझाईएको छ। सो मोटरसाईकलको भन्सार दाखिला मूल्य ६० हजार रूपैयाँ रहेको छ।

### चौपाया बरामद

कपिलवस्तु। कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका १ स्थित शिवपुरबाट एपीएफ टोलीले करीब १० लाख १८ हजार रूपैयाँ बराबरको चोरीपैठारीको चौपाया बरामद गरेको छ। भारतबाट अवैध रूपले भन्सार छलि नेपालतर्फ ल्याउदै गरेको अवस्थामा उल्लेखित मूल्य बराबरको ८९ वटा खसी सशस्त्र प्रहरी बल नेपाल नम्वर ३९ गुल्म कपिलवस्तुबाट सशस्त्र प्रहरी निरीक्षक संगित भट्टको कमाण्डमा खटिएको एपीएफ टोलीले बरामद गरेको हो। एपीएफ टोलीले बरामद खसी स्थानीय भन्सार कार्यालयमा बुझाएको छ।

## कला / साहित्य

कमल मण्डल



# मैथिली गीत-संगीतको अवस्था



'दिलमे बसलौं आहा धडकनमे बसालीय' बोलको मैथिली गीतले मैथिली गीत संगीत जगतमा एउटा नयाँ आयाम ल्याएर ठूलो ईतिहास रच्न पुग्यो । गीत हिट भएपछि यहि गीतको लयमा पचासभन्दा बढी गायक गायिकाले मैथिली तथा भोजपुरी भाषामा आ-आफ्नो आवाजमा रेकर्ड गराए । यहि गीत पछि मैथिलीमा गीतको चोरीको सुरूवात पनि भएको देखिन्छ । एउटा गीत मैथिलीमा हिट हुना साथ त्यसकै हुबहु नक्कल गरेर अर्को गीत बजारमा आइहाल्छ । सुपरहिट मैथिली गीतहरू : १) दिलमे बस्लौं आहा, २) मुस्कानमे आहाके, ३) चेहरा छुपाक एलौं, ४) नथीया टुटल सैया खटीया पर र ५) पिंकी स दिल लगेलौं, रसे रसे । गायकहरू : भागवत मण्डल, सोनु कुमार, सरोज संत, सुनिल पाल, कैलास झा, रंजीत शर्मा, अरूण बिजैया । गायीकाहरू : मुनचुन देव, अंजु यादव, ज्योति विश्वकर्मा । स्टुडियो संख्या: बिराटनगर, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोतरी गरेर ५० भन्दा बढी छन् ।

डि.जे.को नाममा अश्लील गीतहरू धमाधम रेकर्ड भइरहेका छन् । आठ हजारदेखि पाँच सयसम्मको स्टुडियो छन् । एउटा गीत बजारमा हिट भयो भने धेरै जनाले त्यहि गीतको डुब्लिकेट निकाल्ने चलन बढदै गएको देखिन्छ ।

२५ हजारको गीत बनाउनु पर्‍यो भने कतिपय लगानीकर्ता गायकहरू भारतको पटना, झंझारपुर, दिल्ली, विराटनगर, काठमाडौंमा मात्रै रेकर्ड हुन्छ । अहिले मधेशको गाउँ-गाउँ, टोल-टोलमा एउटा कम्प्यूटर राखेर प्लाई उडले घेरेर स्टुडियो बनाउँछ अनि हिन्दी भोजपुरी ट्र्याक डाउन लोड गरेर त्यसैमा नयाँ नयाँ गायकलाई मात्र ५०० मा गाउन लगाउने गरेको प्रशस्तै देखिन्छ । काठमाडौंमा एउटा गीत एफ.एममा बजे वापत एक रूपैयाँ रोयल्टी जम्मा हुन्छ । एक वर्षमा एउटा गायकले ५० हजारदेखि ३ लाखसम्म रोयल्टी पाउँछ तर मैथिली गायकको गीत दिनभरी एफ.एमहरूमा बजिरहन्छ तर न त एफ.एमवालालाई थाहा छ न त गायक गायिकालाई थाहा छ कि हाम्रो गीत एफ.एम.मा एक चोटी बजे वापत रू. १ रोयल्टी स्वरूप जम्मा हुन्छ । एफ.एम.वालाहरू बुझेर पनि नबुझे जस्तो गरेको देखिन्छ । एफ.एम.वाला मालामाल गायक, गायिका, गीतकार, निर्माता दिनदिनै कंगाल हुँदै गएको छ ।

नाम चलेको गायक गायिकाहरू स्टेज शो र चाडपर्वको बेलामा राम्रो आम्दानी गरिरहेका छन् । चाहे त्यो हिन्दी, भोजपुरीको ट्र्याक किन नहोस दर्शक स्रोतालाई मतलब हुँदैन । यसरी मैथिली गीत संगीतको नाममा मैथिली सांस्कृतिक गीतहरू लोप हुँदै गएको छ । यसरी दिनानुदिन डि.जेको नाउँमा हिन्दी भोजपुरीको पछि लागेका छन् र मैथिली संस्कृति झल्किने गीतहरू विस्थापित हुदै गएको अवस्था छ ।

सस्तोमा गीत रेकर्ड गर्ने नाउँमा केही शास्त्रीय संगीत सिकेका बुझेका गायकहरू पनि आफ्नो प्रतिष्ठामाथी प्रश्न चिन्ह लगाएका छन् ।

मैथिली गीत संगीतमा एउटै गीतकारले तिन जनालाई एउटै गीत दिने गरेका छन् । गीत रेकर्ड गराई सकेपछि भिडियो बनाएर जब यू टयूवमा अपलोड गर्छ त्यति बेला झगडा सुरू हुन्छ । त्यस्तै नामचलेका गायकहरू १० जनाको पैसा लिन्छन तर समयमा गाना तयार नभएपछि लुकीलुकी हिंड्नुपर्ने अवस्था पनि रहेको छ ।

वरिष्ठ गीतकार विनीत ठाकुरको भनाई अनुसार मैथिली गीत संगीतको बजार धेरै राम्रो हुँदै गएको छ । तर डि.जे.को नाउँमा ८० प्रतिशत गीत भोजपुरी र हिन्दी गीतको नक्कल भइरहेको देखिन्छ । यस्तै रहयो भने भोलीका दिनमा नाम मात्रै मैथिली गीत रहन्छ बाँकी शब्द संगीत सबै भोजपुरी रहन पनि बेर लागदैन ।

शास्त्रीय संगीत गायक तथा गुरू संन्तोश कुमार सानुको भनाई अनुसार अहिलेका गायकहरू नसिकेरै आइरहेका छन् । सुर तालको ज्ञान नभएको मान्छहरू पनि गायक बनेका छन् र सम्पूर्ण मैथिली संगीतलाई नै मजाक उडाएको देखिन्छ ।

त्यस्तै वरिष्ठ शास्त्रीय संगीत गुरू गुरूदेव कामतको अनुसार अहिले मैथिली गीत संगीत क्षेत्रमा धेरै विकृतिहरू आइसक्केको छ । चोरीको गीत गाउने हिन्दी, भोजपुरीको नक्कल गर्नेहरू बढिछन् । जबसम्म मैथिली गीत संगीतको सेन्सर हुँदैन तबसम्म मैथिली गीत संगीतको विकास हुँदैन ।

# दूतावासले ५ करोडसम्म सहयोग पुनः दिन सक्ने

काठमाडौं । नेपालका स्थानीय तहमा सोझै सहयोग दिने कार्यक्रम 'साना विकास परियोजना' भारतले पुनः सुरू गरेको छ । अर्थ मन्त्रालयको समन्वयमा संघीय मामिला मन्त्रालयमार्फत कार्यान्वयन हुने नयाँ व्यवस्थासहित भारतीय सहयोग पुनः सुरू भएको हो । दार्चुलाको महाकाली नगरपालिका र धनुषाको मुखियापट्टी मुसहरमिया गाउँपालिकामा सामुदायिक विद्यालय भवन बनाउन नेपाल सरकार र भारतीय राजदूतावासबीच भएको समझदारीसँगै साना विकास परियोजना पुनः सुरू भएको हो ।

भारत सरकारको अनुदानमा स्थानीय निकाय तथा गैरसरकारी संस्थामार्फत ३ करोड रूपैयाँसम्मका साना विकास परियोजनाको कार्यान्वयन गर्न नेपाल र भारतबीच ७ नोभेम्बर २००३ मा सम्झौता भएको थियो । सन् २००९ मा परियोजनाको लागत ५ करोड रूपैयाँसम्म पुर्‍याइएको थियोरू त्यसयता भारतले विभिन्न साना विकासका परियोजनामा सोझै सहयोग गर्दै आएको थियो । तर, २०७२ मा नयाँ संविधान आएपछि साना विकास परियोजनाका लागि नयाँ सम्झौता रोकिएको थियो । संविधान निर्माणपछि यो कार्यक्रम रोकिएको थियो । तर, सम्झौता भएर अघि बढिसकेका परियोजनाले भने निरन्तरता पाएको थियो । नयाँ व्यवस्थापछि नयाँ परियोजनामा सहयोगको सम्झौता सुरू भएको अर्थ मन्त्रालयले जनाएको छ ।

# नेपाल-भारत बससेवा १ महिनालाई स्थगित

काठमाडौं । सरकारले नेपाल-भारतबीच हुँदै आएको लामो दूरीका यात्रुबाहक सार्वजनिक सवारीसाधन सञ्चालनलाई स्थगित गरेको छ । सीमावर्ती भारतीय सहरमा कोरोना संक्रमण देखिएकाले सतर्कता अपनाउन १ महिनाका लागि सेवा स्थगित गरिएको यातायात व्यवस्था विभागका महानिर्देशक गोगनबहादुर हमालले जानकारी दिए । मन्त्रिपरिषद् बैठकले नेपाल र भारतबीच भइरहेको यात्रुबाहक सार्वजनिक सवारीसाधनहरूको सञ्चालन स्थगित गर्ने निर्णय गरेको हो ।

नेपाल-भारतबीच विभिन्न सहरबीच दर्जनभन्दा बढी रूटमा यात्रुबाहक बस सेवा सञ्चालन हुँदै आएको छ । यातायात व्यवस्था विभागका महानिर्देशक हमालका अनुसार काठमाडौं-पटना-बोधगया, सिलिगुडी-काँकडभिट्टा-काठमाडौं, महेन्द्रनगर-दिल्ली, जनकपुर-पटना, महेन्द्रनगर-देहरादुन, नेपालगन्ज-हरिद्वार, जनकपुर-अयोध्या, नेपालगन्ज-लखनउ, नेपालगन्ज-दिल्ली, काठमाडौं-गोरखपुर, काठमाडौं-दिल्ली, काठमाडौं-बनारस, पोखरा-दिल्लीलगायतका रूटमा यात्रु बस सञ्चालन भइरहेका थिए ।

नेपाल-भारतबीच नागरिकस्तरमा सम्बन्ध विस्तार गर्ने लक्ष्यअनुसार सन् २०१४ मा दुई देशका विभिन्न सहरहरू जोड्ने गरी मैत्री बस सेवा सञ्चाल गर्ने सहमति भएको थियो । त्यसै योजनाअनुसार नरेन्द्र मोदी भारतका प्रधानमन्त्री भएपछि पहिलोपटक नेपाल भ्रमणताका दुवै देशका प्रधानमन्त्रीले औपचारिक रूपमा काठमाडौं-दिल्ली, दिल्ली-पोखरा र काठमाडौं-बनारस बस सञ्चालनको उद्घाटन गरेका थिए । तत्कालीन नेपालका प्रधानमन्त्री सुशील कोइराला थिएरू त्यसपछि क्रमशः अन्य सहरहरूमा पनि बस सेवा सञ्चालन हुँदै आएको छ । नेपालबाट जाने सवारीसाधन भारतमा धेरै भिड हुने र कोरोना संक्रमण भएको क्षेत्रमा जाने भएकाले प्रदेश सरकारहरूले सार्वजनिक यातायात सेवा रोक्न संघीय सरकारलाई आग्रह गरेका थिए । त्यस्तै, संघीय सरकारले पनि भारतमा बढ्दै गएको कोरोना भाइरसको संक्रमणलाई मध्यनजर गरी सार्वजनिक सडक यातायातलाई रोक्ने निर्णय गरेको हो । अहिले भारतबाट आउने सवारीसाधनलाई भने कडा जाँचपछि नेपाल प्रवेश दिने गरिएको छरू यसमा पनि अवस्थाअनुसार नयाँ निर्णय गरिने विभागको भनाइ छ ।

# गर्भमै...

पछिल्लो समय घरेलु हिंसाका घटनाका उजुरीहरू प्रहरीसम्म पुग्न थालेका छन्, यो सकारात्मक हो । तर अझैपनि धेरै घटनाहरू सामाजिक प्रचलन, इज्जत र प्रतिष्ठाको डरले गुपचुप रहिरहेका छन् महिलामाथि हुने धेरै हिंसाका घटनाहरू अझै बाहिर आउन सकिरहेका छैनन् ।

जबसम्म महिला शिक्षित र आत्मनिर्भर हुन सक्दैनन् तबसम्म महिलामाथि हुने हिंसाको स्वरूपमा परिवर्तन मात्र हुने हो अन्त्य हुँदैन । विद्यालय बाहिर रहेका बालिकालाई विद्यालय पठाउने, बालविवाह रोक्ने, महिलालाई सीप सिकाउने, आयआर्जनको व्यवस्था मिलाउने, महिलालाई आत्मनिर्भर बनाउने, समान अवसर दिने, घरेलु हिंसा गर्नेमाथि कडा कारवाहीको व्यवस्था गर्ने हो भने महिलाको अवस्थामा धेरै सुधार आउन सक्छ र राष्ट्र परिवर्तनमा महिलाहरूको पनि योगदान हुनसक्छ ।

मीठा-मीठा भाषण गरेर नारा र ठूला होटलको मिष्ठान्न भोजनमा महिलाका सवाललाई समाप्त गर्नुभन्दा पनि दिवसले वास्तविक शोषित, पीडित हिमाल, पहाड, मधेशका आम महिलाका आधारभूत सवालहरूमा के गर्‍यो, प्रश्न गम्भीर छ । तसर्थ, महिलाले पुरूष सरहका अवसरहरू उपभोग गर्न पाउनुपर्छ तब मात्र महिलाका नाममा आयोजना हुने विभिन्न दिवसको सार्थकता रहन्छ । यसका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारले सहकार्य गर्न जरूरी छ ।

# तीन जिल्लामा विद्यालय भवन निर्माणका लागि आर्थिक सहयोग



काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावास र नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दार्चुला, धनुषा र कपिलवस्तुमा विद्यालय भवन निर्माणका लागि आर्थिक सहयोग गर्ने सम्झौता गरेका छन् । दार्चुला जिल्लाको धापस्थित मालिकार्जुन उच्च माध्यमिक विद्यालय र धनुषाजिल्लाको तुलसियाहीस्थित वैद्यनाथ देवनारायण जनता उच्च माध्यमिक विद्यालयको निर्माणका लागि महाकाली नगरपालिका, दाचुर्ला र मुखियापट्टी मुसहरनिया गाउँपालिका, धनुषासँग छुट्टाछुट्टै सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

भारत-नेपाल विकास साझेदारी कार्यक्रमअन्तर्गत यी दुई विद्यालयहरूको निर्माण कूल ने.रू. ७३.९६ मिलियनको लागतमा हुनेछ । मालिकार्जुन उच्च माध्यमिक विद्यालय ने.रू. २९.६४ मिलियनको लागतमा निर्माण हुनेछ भने वैद्यनाथ देवनारायण जनता उच्च माध्यमिक विद्यालयको निर्माणका ने.रू. ४४.३२ मिलियन छुट्याइएको छ । यी विद्यालयहरूको निर्माणका लागि आर्थिक सहयोगको जिम्मा भारत सरकारले लिएको छ भने बोलपत्र आव्हान, कार्य हस्तान्तरण, दैनिक निरीक्षण लगायतका निर्माण कार्य नेपाल सरकारले कार्यान्वयन निकायका रूपमा तोकेका महाकाली नगरपालिका, दाचुर्ला एवम् मुखियापट्टी मुसहरनिया गाउँपालिका, धनुषाले गर्नेछन् ।

यस परियोजनालाई सङ्घीय तहमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भारतीय राजदूतावासले अनुगमन गर्नेछन् । माथि उल्लिखित दुई विद्यालयबाहेक कपिलवस्तु जिल्लाको महाराजगङ्ज नगरपालिकास्थित शिवभारी विद्यालयको भवनको निर्माणका लागि भारत सरकारले ने.रू. ३३.०५ मिलियन आर्थिक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । कूल रकमको पहिलो किस्ता स्वरूप भारतीय राजदूतावासले महाराजगङ्ज महानगरपालिकाका मेयरको उपस्थितिमा ने.रू. ८.२६ मिलियनको चेक जिल्ला समन्वय समिति कपिलवस्तुलाई हस्तान्तरण गरेको छ । जिल्ला समन्वय समितिले सम्पूर्ण टेन्डर प्रक्रिया सम्पन्न गरी विद्यालय भवन निर्माण कार्यको जिम्मा एम/एस दया निर्माण सेवा रूपन्देहीलाई हस्तान्तरण गरेको छ । शिक्षाको क्षेत्रमा पूर्वाधार विस्तार गर्ने नेपाल सरकारको प्रयासलाई पुरा गर्ने सहयोगीको रूपमा रहेको यस परियोजनासँग जोडिन पाएकोमा भारत सरकार खुशी व्यक्त गरेको दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# निःशुल्क मास्क वितरण



जनकपुरधाम । कोरोना संक्रमणको आशंकामा सर्वसाधारणमा त्रास बढ्न थालेपछि जनकपुरमा क्लोथ बैंक धनुषाले निःशुल्क मास्क वितरण गरेको छ । जनकपुरस्थित बस स्टेण्डमा बस व्यवसायीको पहलमा मास्क वितरण गरिएको हो । जनकपुरमा मास्क सहज रूपमा उपलब्ध नभइरहेको अवस्थामा सर्वसाधारणमा कोरोना संक्रमणको त्रास भइरहेको बेला स्वास्थ्यको ख्याल गर्दै मास्क वितरण गरेको क्लोथ बैंक धनुषाका अध्यक्ष राजिव झाले जनाए ।

# वीरगञ्जमा रगत अभाव

पर्सा । विश्व महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड(१९) को कारण पर्साको रक्त संचार केन्द्रमा रगतको अभाव हुन थालेको छ । कोरोनाको हल्लासँगै भीडभाड र समूहगत काममा आएको कमीले सामूहिक रक्तदानमा परेको असरसँगै रगतको अभाव हुन थालेको हो । वीरगन्जका विभिन्न अस्पतालमा आउने बिरामीका लागि दैनिक ४० देखि ६० पोकासम्म रगत चाहिन्छ । तर अहिले सामूहिक रक्तदानमा मन्दी आएकोले बिरामीका लागि चाहिने रगतको माग धान्न अप्ठ्यारो हुन थालेको रक्त संचार केन्द्र वीरगन्जको संयोजक मधु राणाले बताइन् । वीरगञ्जका सबै साना, ठूला अस्पतालमा आउने बिरामी मध्ये रगत चाहिने खालका बिरामीलाई महिनामा १ हजार ५०० पोका जति रगत चाहिन्छ । तर, त्यसको तुलनामा रक्तदान हुन छाडिएको छ । यस्तै अवस्था रहने हो भने कोरोनाको प्रकोपसँगै पर्साको हकमा भने बिरामीका लागि चाहिने रगतको पनि अभाव खड्किने रेडक्रस वीरगन्जका सभापति वीरेन्द्रराज कँडेलले बताए ।

# रेल सञ्चालनका लागि प्राविधिक ल्याइने

जनकपुर । भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्त नेम्वाङ्गले यहीँ आर्थिक वर्षभित्र जनकपुर-जयनगर रेल सञ्चालनमा आउने बताएका छन् । नेपाल रेल्वेको निरीक्षण गर्न जनकपुर आएका मन्त्री नेम्वाङ्गले आगामी ३-४ महिनाभित्र रेल सञ्चालनमा ल्याएरै छोड्ने प्रतिबद्धता जनाएका हुन् । जयनगरबाट कुर्थासम्म ३५ किलोमिटरमा यसै आर्थिक वर्षदेखि रेल गुड्ने मन्त्री नेम्वाङ्गले दावी गरे । उनले भने, 'रेलमार्ग तयार भइसकेकाले विदेशबाट दक्ष कर्मचारी मगाएर पहिलो चरणमा कुर्थासम्म, दोस्रो चरणमा बर्दिबाससम्म र पछि निजगढसम्म रेल गुड्ने छ ।' मन्त्री नेम्वाङकाअनुसार रेल गुडाउन ५-७ जनाको प्राविधिक टोली मात्र भारतबाट ल्याइनेछ । 'यहाँ दक्ष प्राविधिक तयार भइसकेपछि भारतीय टोली फर्किनेछन् ।

# नेपाल एयरलाइन्सको दिल्ली उडानमा कटौती

काठमाडौं । नेपाल एयरलाइन्सले भारतको राजधानी नयाँ दिल्लीमा निर्धारित उडान कटौती गरेको छ । दैनिक दुई उडान भइरहेको यस रूटमा अब आइतबारदेखि मात्र एक उडान दैनिक भएको छ । कोरोना भाइरसको संक्रमणका कारण यात्रुको संख्यामा कमी आएका कारण नेपाल एयरलाइन्सल विभिन्न रूटमा आफ्नो उडान तालीका परिवर्तन गरेको छ । त्यसमध्ये काठमाडौं-दिल्ली उडान अब दैनिक एउटा मात्र हुने भएको छ । बिहानको उडान नियमित राखी साँझको विमान अर्को व्यवस्था नभएसम्मका लागि स्थगित गरिएको नेपाल एयरलाइन्सले जनाएको छ । नेपाल एयरलाइन्सले बैंगलौरको नियमित उडान मार्च १९ र ३१ तारिखका लागि रद्द गरेको छ ।

## आर्थिक समाचार

# नेपाल लाइफको प्रवक्तामा प्रसाईं



काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले उपप्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंलाई प्रवक्तामा नियुक्त गरेको छ । संचालन समितिको बैठकले उपप्रमुख कार्यकारी अधिकृत प्रसाईंलाई प्रवक्ताको जिम्मेवारी दिएको हो । 'उपप्रमुख कार्यकारी अधिकृत प्रसाईंले अबका दिनमा नियमित कामका साथै कम्पनीको प्रवक्ताको जिम्मेवारी बहन गर्नु हुनेछ', कम्पनीले जनाएको छ । जीवन बीमा कम्पनीहरूमध्ये करिब एक तिहाई बजारहिस्सा ओगटेको यस कम्पनीको चुक्तापूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रू. ५ अर्ब ५० करोड रहेको छ भने लगानी रू. ८६ अर्ब २६ करोड रूपैयाँ रहेको छ । त्यस्तै, कम्पनीको जीवन बीमा कोष ७७ अर्ब ५९ करोड रूपैयाँ र शेयरधनी कोष ८ अर्ब ५९ करोडभन्दा बढी रहेको छ । कम्पनीले यस आर्थिक वर्षको फागुन मसान्तसम्ममा जम्मा रू. १७ अर्ब ९५ करोड बीमा शुल्क संकलन गरेको छ । १ लाख ५२ हजार ४ सय १२ प्रशिक्षित अभिकर्ता रहेको यस कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि हालसम्म देशभर फैलिएका २ सय शाखा तथा उप शाखा कार्यालयहरू मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ । हालसम्म स्वदेश र विदेश गरी २७ लाख २९ हजार ५ सय ११ व्यक्ति यस कम्पनीमा बीमित भइसकेका छन् । ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरूसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

# धनुषामा प्रभु बैंकको शाखा विस्तार

धनुषा । प्रभु बैंकले धनुषामा एक्सटेन्सन काउन्टर संचालनमा ल्याएको छ । बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा शुक्रबार धनुषाको जनकपुर उपमहानगरपालिका-४ स्थित जिल्ला प्रशासन कार्यालयमा काउन्टर संचालनमा ल्याएको जानकारी दिएको छ । धनुषास्थित जिल्ला प्रशासन कार्यालयमा स्थापित एक्स्टेन्सन काउन्टरको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कँडेलले एक समारोहबीच उद्घाटन गरेका हुन् । एक्स्टेन्सन काउन्टरबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरूलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यालयको काम गर्न सहज हुने भएको छ ।

# रियालिटी शोको मुख्य प्रायोजक आइएमई

काठमाडौं । बीबीसी स्टुडियोको फर्म्याटमा आधारित विश्वचर्चित डान्सिङ रियालिटी सो 'डान्सिङ वीथ द स्टार्स' को नेपाली संस्करणका रूपमा 'डान्सिङ वीथ द स्टार नेपाल'को पहिलो सिजन यही बैशाख पहिलो सातादेखि प्रसारण हुने भएको छ । बेलायत, अमेरिका, अष्ट्रेलिया, भारत लगायत विश्वका ६० भन्दा धेरै देशमा प्रसारण भइरहेको विश्वकै नम्बर एक डान्सिङ रियालिटी सोको फ्रेन्चाइजलिइ हिमालय टेलिभिजनले उत्पादन तथा प्रसारण गर्न लागेको हो । हरेक शुक्रबार र शनिबार राति सुपर प्राइम टाइम ८ बजेदेखि प्रसारण हुने पहिलो सिजन २६ इपिसोडको हुनेछ । विश्वभर चलेको फर्म्याट अनुसार आइएमई डान्सिङ विथ द स्टारमा १२ जना विभिन्न क्षेत्रका स्टार प्रतियोगी हुनेछन् भने उनीहरूलाई पेयरिङ गर्दै १२ जना प्रोफेसनल कोरियोग्राफरले स्टारसँगै पर्फमेन्स दिनेछन् । कार्यक्रममा २ जना होस्ट र ३ जना निर्णायक हुनेछन् ।

दर्शकहरूको भोट र निर्णायकहरूको मुल्यांकनका आधारमा हरेक हप्ता १ जना कार्यक्रमबाट इलिमिनेट हुँदै जाने छन् । बिजेताले कुल २५ लाख करसहित नगद र अन्य पुरस्कार प्राप्त गर्नेछन् । यस कार्यक्रमको प्रमुख प्रायोजकको रूपमा आइएमई र भोटिङ्ग पार्टनरको रूपमा आईएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धन गरिएको **'आइएमई पे'**आबद्ध भएका छन् । यसै सम्बन्धमा विशेष कार्यक्रममा हिमालय टेलिभिजन र आइएमइबीच साझेदार सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । यस सम्झौतापश्चात यस कार्यक्रमको नाम **आइएमई प्रेजेन्टसूडान्सिङवीथ द स्टार नेपालू** रहने छ । सम्झौताअनुसार डान्सिङ वीथ द स्टारको भोटिङ्ग राउन्डमा एपमार्फत गरिने सबै भोटिङ्ग **'आइएमई पे'** एपमार्फत हुनेछ । बेलायतबाट शुरू भएको डन्सिङ विथ द स्टार्स हाल करीब ६० देशमा बिस्तार भैसकेको छ भने अमेरिकामा २८ औं सिजन चलिसकेको छ । ट्यालेन्ट, इमोसन, ह्युमर र कम्पिटिसनको फ्युजन रहने डान्सिङ विथ द स्टार्स बहुचर्चित फ्यामिली रियालिटी शो को रूपमा परिचित छ र नेपालमापनि यस शो ले थपउचाई हासिल गर्ने आइएमईसँगै साझेदारी संस्थाहरूको विश्वास रहेको छ ।

# सीमा नाकामा चहलपहल कम

काठमाडौं । भारतमा कोरोना संक्रमण फैलिएपछि नेपालगन्जको सीमा नाकामा चहलपहल घटेको छ । सीमापारि किनमेल गर्न जाने घटेका छन् । रोजगारीका लागि भारतमा गएकाहरू फर्किने क्रम बढेको छ । रूपन्देहीको बेलहिया, बाँकेको जमुनाहा, कपिलवस्तुको कृष्णनगरबाट नेपाल भित्रिनेको संख्या बढेको छ । यी नाकापारि हुने व्यापार घटेको छ । बाँकेको जमुनाहा नाका आंशिक बन्द गरिएको छ । नेपाल र भारतका अधिकारीहरूको बसेको बैठकले सीमाको भीड नियन्त्रण गर्न नाका आंशिक बन्द गर्ने निर्णय गरिएको हो । नेपाल-भारत दुवैतिर सवारी आवागमनमा रोक लगाइएको छ । दुवै देशमा यात्रीको अनिवार्य कोरोना जाँच भइरहेको छ ।

# सीमा नाकामा थप कडाइ गरिने

काठमाडौं । सरकारले भारतसँग जोडिएका सीमा नाकामा आवतजावतमा थप कडाइ गर्ने निर्णय गरेको छ । गृह मन्त्रालयमा विभिन्न मन्त्री, मन्त्रालयका सचिव र सुरक्षा अधिकारीहरूको बैठकले कोरोना भाइरस भित्रन नदिन सीमा नाकामा आवतजावतमा थप कडाइ गर्ने निर्णय गरेको हो । गृहमन्त्री रामबहादुर थापा, स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल, संघीय मामला तथा सामान्य प्रशासनमन्त्री हृदयश त्रिपाठी भौतिक पूर्वाधार तथा यातायातमन्त्री बसन्त नेम्वाङसहितको बैठकले भारतीय सीमा नाका हुँदै कोरोना भाइरस भित्रन सक्ने जोखिम औंल्याउँदै मानव आवतजावतमा थप कडाइ गर्न स्थानीय प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिएको हो । यसका लागि जिल्ला प्रशासन कार्यालयलाई थप सजकता अपनाउन बैठकले निर्देशन दिएको छ । सीमा नाकालाई थप व्यवस्थित बनाउन कोरोना सक्रमण भित्रन नदिने भारत सरकारसँग पनि छलफल भइरहेको छ ।

# व्यवसाय सम्मेलनमा सीएनआई सहभागी

काठमाडौं । भारतको प्रमुख प्रकाशन टाइम्स अफ इन्डिया ग्रुपले भारतको नयाँ दिल्लीमा आयोजना गरेको विश्व व्यापार सम्मेलनमा नेपाल उद्योग परिसंघ सहभागी भएको छ । परिसंघका वरिष्ठ उपाध्यक्ष विष्णुकुमार अग्रवालको अगुवाईमा सीएनआईले सम्मेलनमा सघन सहभागिता जनाएको हो । कार्यक्रममा सहभागी उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतिलाल दुगडले नेपालले समृद्ध देश सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न लघु तथा घरेलु र मझौला उद्योग प्रवर्द्धनलाई महत्वका साथ अघि बढाएको बताए ।





मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकूल मण्डल**. कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं